# लेखापरीक्षण प्रतिवेदन

## भजनी नगरपालिका, कैलाली

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## भजनी नगरपालिका, कैलाली

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/428

श्रीमान् नगर प्रमुखज्यू,

भजनी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, कैलाली ।

**बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/428

श्रीमान नगरप्रमुखज्यू ,

भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

कैलाली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रू. १ अर्ब ६७ करोड १३ लाख १८ हजारको लेखापरीक्षणबाट रू. ५ करोड ३१ लाख ९७ हजार बेरुजू देखिएकोमा पालिकाबाट प्रतिक्रियाबाट रू. ५ लाख ४१ हजार सम्परीक्षण तथा १ लाख ६९ हजार थप भई असुल गर्नुपर्ने रू.६६ लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५१ लाख १ हजार र नियमित गर्नुपर्ने रू. ४ करोड १० लाख ६५ हजार गरी जम्मा रू. ५ करोड २८ लाख २५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू. ३७ करोड ३९ लाख ६२ हजारमा यो वर्ष सम्परीक्षण भएको रू.७२ हजार घटाइ बाँकी बेरुजुमा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू. ४२ करोड ६७ लाख १४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा -** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त

विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ११२ | ९६ | ५,३१,९७,०५९ | ० | २७ | ५,४१,१६५ | १,६८,६९८ | ११२ | ६९ | ५,२८,२४,५९२ | ६६,५८,४७४ | ४,१०,६४,९३१ | ५१,०१,१८७ | ० | ० | ४,६१,६६,११८ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | ३७,३९,६१,८१५ | | ७२,१८७ | ३७,३८,८९,६२८ | ० | ५,२८,२४,५९२ | ४२,६७,१४,२२० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ९.६, ११.१ र ११.४ | शिक्षा तर्फ | ७८,८०२ |
| २ | २०८१/८२ | ४१.३ | फस्यौंट नभएको आन्तरिक लेखापरीक्षण | १,५८,५५१ |
| ३ | २०८१/८२ | ७ | पेश्की बाँकी | ६०,००० |
| ४ | २०८१/८२ | १२.४ | कृषि तथा पशु तर्फ | ४,७५० |
| ५ | २०८१/८२ | २३ | कार्यालय बाहिरको व्यक्तिलाई भुक्तानी | ८०,५०० |
| ६ | २०८१/८२ | ४४ | कर दाखिला समेत | १,१२,६६२ |
| ७ | २०८१/८२ | ३४ | अनुगमन/मूल्याङ्कन खर्च | ४५,९०० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | | | | ५,४१,१६५ |
| **गत विगत वर्षको सम्परीक्षण** | | | | |
| १ | २०७७/७८ | ५५ | मृत्यु पश्चातको समेत भत्ता वितरण | ३६,१८७ |
| २ | २०७७/७८ | ५६ | दोहोरो सरकारी सुविधा | ३६,००० |
| जम्मा | | | | ७२,१८७ |
| कूल जम्मा | | | | ६,१३,३५२ |

# भजनी नगरपालिका, कैलाली

# ( ८०७७७४०५३०० )

# भजनी नगरपालिका , कैलाली

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - संघ, प्रदेश एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ। सुदूरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिकामा ९ वडा, १७६.२५ बर्गकिलोमिटर क्षेत्रफल तथा ५३४९४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।१२ देखि २०८२।१०।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न कठिनाई, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूतरूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - नगरपालिकाको आय व्ययतर्फ रू.१ अर्ब ६७ करोड १३ लाख १८ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छन्।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. २०५०१७।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | असुलीको विवरण | **दाखिला रू.** |
| --- | --- | --- |
| १ | रसिद नं. १०१६ मिति २०८२।१०।१४ बाट न्यायिक समितिका सदस्यबाट दाखिला भएको । | ३८२५ |
| २ | गो.भौ.नं. ४२२(२०८२।१०।१४ पालिका चालु) छोटु कटेजबाट बेरुजु कट्टा गरी दाखिला । | १६७०० |
| ३ | गो.भौ.नं. ४३०(२०८२।१०।१४ पालिका चालु) भिजन होटल एण्ड रेष्टुरेन्टको नामको बेरुजु भजनी नगरपालिकाको बेरुजु खातामा दाखिला । | ५७०० |
| ४ | मिति २०८२।१०।१४, राबा बैंक भजनीको दाखिला फारम नं. १४५५१६८३ बाट छुट बहाल कर दिया बाती बचत तथा ऋण सहकारी संस्थाबाट दाखिला भएको | १६००० |
| ५ | पतन्जली योग शिविर निर्माण उपभोक्ता समिति भजनीबाट छुट बहाल कर राबा बैंक भजनीको मिति २०८२।१०।१२ को दाखिला फारम नं. १४५५१६८२ बाट दाखिला भएको । | ६६३८ |
| ६ | जनक प्रसाद भण्डारीले छुट बहाल कर राबा बैंकको मिति २०८२।१०।१२ गते दाखिला फारम नं. ११७०३७९९ बाट दाखिला भएको । | १६८६ |
| ७ | जनक प्रसाद भण्डारीले छुट पारिश्रमिक कर राबा बैंकको मिति २०८२।१०।११ गते दाखिला फारम नं. ११७०३८०० बाट दाखिला भएको । | ६७५० |
| ८ | राजेन्द्र प्रसाद खनालबाट रसिद नं. १००४ मिति २०८२।१०।१२ बाट दाखिला भएको । | ३८२५ |
| ९ | पुर्णप्रसाद जोशी अधिकृत छैठौंबाट बेरुजु रु १७८५०।०० रसिद नं. ९९३ मिति २०८२।१०।०९ गते दाखिला भएको । | १७८५० |
| १० | प्रशासकीय अधिकृत चन्द्र देव भट्टबाट रसिद नं. ९९२ मिति २०८२।१०।०९ बेरुजु रकम असुली भई दाखिला रकम रू. | २२९५० |
| ११ | रसिद नं. ९९७ मिति २०८२।१०।०९ बाट उपप्रमुख राजु तिरुवाबाट बढी भुक्तानी रकम दाखिला भएको । | १७०० |
| १२ | रसिद नं. ९९५ मिति २०८२।१०।०९ गते शिक्षा अधिकृत सातौं पंख बहादुर शाहबाट बेरुजु रकम असुल भई दाखिला रू. | ८९२५ |
| १३ | रसिद नं. ९९६ मिति २०८२।१०।०९ नगर प्रमुख केबल चौधरीबाट बेरुजु रकम दाखिला | ८५० |
| १४ | प्रतिक्षा आचार्यको बढी बैठक भत्ता असुली रसिद नं. ९५६ मिति २०८२।०९।२९ बाट दाखिला । | ४२५ |
| १५ | सहायक पाँचौ चिरन्जीबी प्रसाद उपाध्यायबाट बेरुजु रकम असुल भई रसिद नं. ९९४ मिति २०८२।१०।९ बाट दाखिला | ८९२५ |
| १६ | बैठक भत्ताको अतिरिक्त रकम विष्णुराज न्यौपानेको नामबाट असुली भई रसिद नं. ९२६ मिति २०८२।०९।२५ मा दाखिला । | १४०२५ |
| १७ | बैठक भत्ताको अतिरिक्त रकम शेर बहादुर देउवाको नामबाट असुली भई रसिद नं. ९४७ मिति २०८२।०९।२५ मा दाखिला । | १४०२५ |
| १८ | बढी बैठक भत्ता भुक्तानी रसिद नं. ९७१ मिति २०८२।०९।२९ बाट दाखिला जनस्वास्थ्य अधिकृतबाट दाखिला । | ५१०० |
| १९ | सहायक पाँचौ भजनी नगरपालिकाबाट असुल भई गो.भौ.नं. ९३८ मिति २०८२।०९।२५ गते दाखिला रकम दाखिला । | ५५२५ |
| २० | रसिद नं. ९९२ मिति २०८२।०९।२४ मा रु ६०००।०० बिक्रम चौधरीबाट दाखिला । | ६००० |
| २१ | कार्यालय सहयोगी महेश डगौराबाट बढी भुक्तानी रकम असुल गरी रसिद नं. ९४४ मिति २०८२।०९।२५ बाट दाखिला रकम | १७०० |
| २२ | राबा बैंक भजनी शाखाको मिति २०८२।०९।०४ को दाखिला फारम नं. १४३५१२२६ बाट मधुवन भवन निर्माण उपभोक्ता समितिबाट बढी बहाल कर दाखिला । | १२९४३ |
| २३ | रविन्द्र बहादुर देउवाबाट रसिद नं. १२२८ मिति २०८२।११।27 मा बढी भुक्तानी रकम दाखिला भएको। | ७६५० |
| | | |

| | | |
|---|---|---|
| २४ | भोजराम चौधरीबाट रसिद नं. १२२७ मिति २०८२।११।27 मा बढी भुक्तानी रकम दाखिला भएको । | ७६५० |
| २५ | प्रधुमन चौधरीबाट रसिद नं. १२३० मिति २०८२।११।27 मा बढी भुक्तानी रकम दाखिला भएको । | ७६५० |
| | **जम्मा रू.** | २०५०१७।०० |

**(झ) वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२ मा नेपालसरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृतवार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| भजनी नगरपालिका | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक वर्ष २०८१।०८२ | | | | | |
| **आर्थिक कारोबारको एकीकृत विवरण** | | | | | |
| प्राप्ति | | | भुक्तानी | | |
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **१. सुरु मौज्दात** | | ९४५३४००१.४४ | **१.चालु खर्च** | | ४०५०५८७१०.०५ |
| क) सञ्चित कोष | ६५३१८०५१.६३ | | क)पालिका तर्फ | १९४५७०३२१.५६ | |
| ख) धरौटी | ३८८५२२६.०० | | ख)संघीय सशर्त | २१०३०८३२८.४९ | |
| ग) स्थानीय तह विविध कोष खाता | ११३८५४०७.७६ | | ग) प्रदेश सशर्त | १८००६०.०० | |
| घ) विविध खर्च खाता | ११२३२२७३.०२ | | **२.पुँजीगत खर्च** | | १५५९८२०४१.०० |
| ङ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २७१३०४३.०३ | | क)पालिका तर्फ | १०८६५६०७५.०० | |
| **२. यस वर्षको आय** | | | ख) संघीय सशर्त | ३४११३६६०.०० | |
| क) आन्तरिक आय | २७७४८५८४.१९ | २७७४८५८४.१९ | ग) संघीय समपूरक | २४३४७६८.०० | |
| ख) राजस्व बाँडफाँट | १३४३८९९०३.३६ | १३४३८९९०३.३६ | घ) प्रदेश सशर्त | २५५४६५३.०० | |
| ग) बन रोयल्टी | ५०८६९९.३१ | ५०८६९९.३१ | ङ) प्रदेश विशेष | ३१८५०७०.०० | |
| घ)अन्य आय | ३०७.०० | ३०७.०० | च) प्रदेश समपुरक | ५०३७८१५.०० | |
| **३. वित्तीय हस्तान्तरण (संघ)** | | ३५०५७५४००.९८ | **३.अन्तर सरकारी अख्तियारी (संघ)** | | २६०५९८६६८.०० |
| क) समानीकरण अनुदान | १२९८४०४००.०० | | क) सामाजिक सुरक्षा | २५६६२८६६८.०० | |
| ख) समपूरक अनुदान | २४३४७३८.०० | | ख) स्वास्थ क्षेत्र सुधार कार्यक्रम | ३९७००००.०० | |
| ग) अन्य अनुदान चालु | ३५०००००.०० | | ४.धरौटी फिर्ता तथा सदरस्याहा | २६९०४६१.०० | २६९०४६१.०० |
| घ)सशर्त अनुदान | २१४८००२६२.९८ | | **५.विविध खर्च खाता** | ३२८६३०२.०० | ३२८६३०२.०० |
| **४. वित्तीय हस्तान्तरण** | | २४३३२५९८.०० | **६.स्थानीय तह प्रकोप** | २६५८९५१.०० | २६५८९५१.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| **(प्रदेश)** | | | **व्यवस्थापन कोष खाता** | | |
| क) समानीकरण अनुदान | १३३७५०००.०० | | **७. स्थानीय तह विविध कोष खाता** | ४०२७५२०.१८ | ४०२७५२०.१८ |
| ख) सशर्त अनुदान | २७३४७१३.०० | | **८.अनुदान फिर्ता** | | २४९३८०३१.५१ |
| ग) समपुरक अनुदान | ५०३७८१५.०० | | क) सशर्त अनुदान(संघ) | २३३५२२४९.५१ | |
| घ) विशेष अनुदान | ३१८५०७०.०० | | ख) विशेष अनुदान(संघ) | ६९९९७०.०० | |
| **५. अन्तर सरकारी अख्तियारी (संघ)** | | २६०५९८६६८.०० | ग) सशर्त अनुदान(प्रदेश) | ५१२४४०.०० | |
| क) सामाजिक सुरक्षा | २५६६२८६६८.०० | | घ) समपूरक अनुदान(प्रदेश) | ३७३३७२.०० | |
| ख) स्वास्थ क्षेत्र सुधार कार्यक्रम | ३९७००००.०० | | **९.अन्तिम मौज्दात** | | ४७३७०७४१.१३ |
| **६. धरौटी आय** | ४०४४७६५.०० | | क)सञ्चित कोषको मौज्दात | १६८५१२६१.९१ | |
| **७. विविध खर्च खाता** | ५७७२०४७.०० | ४०४४७६५.०० | ख)धरौटी | ५२३९५३०.०० | |
| **८. स्थानीय तह विविध कोष(कर्मचारी कल्याण कोष)खाता** | २९०६४५१.५९ | ५७७२०४७.०० | ग) विविध खर्च खाता | १३७१८०१८.०२ | |
| **९. स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता** | १२०००००.०० | २९०६४५१.५९ | घ)स्थानीय तह विविध कोष | १०२६४३३९.१७ | |
| | | १२०००००.०० | ङ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२५४०९२.०३ | |
| | | | च)स्थानीय तह बिभाज्य कोष | ४३५००.०० | |
| जम्मा | ९०६६११४२५।८७ | ९०६६११४२५।८७ | जम्मा | ९०६६११४२५।८७ | ९०६६११४२५।८७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,

• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पुँजीगत निर्माणमुखी नरहेको ,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यिनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्थाको पालना नगरेको ,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको ,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको ,

• सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु नगरेको ,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रू. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार नगरेको ,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन, साथै यस वर्ष निर्माण गरेका सबै पुँजीगत कार्यको फोटो नराखेको।

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य नगरेको ,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता नराखेको ,

• एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसूची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र व्यवस्थित अभिलेख नराखेको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति या बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गर्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको।

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।

• विविध खर्च गर्दा विभिन्न होटलका बिल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गरी र विल मात्र राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख अद्यावधिक नराखेको ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालिन खर्चको संरचना तयार नगरेको ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ बढी केन्द्रित भई वितरणमखी रहेको ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवाको खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेककोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार नगरेको भए लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्युटर आदि खरिद गरेको देखिन्छ ।

• कार्यपालिकाको निर्णय सार्वजनिक नगरेको।

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

३ **विपद व्यवस्थापनतर्फ**

३.१ **विपद व्यवस्थापन समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

३.२ **विपद व्यवस्थापन कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनुपर्दछ।

३.३ प्रकोप व्यवस्थापन कोष - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात मौज्दात कुनै खर्च नभई ३,९१,३०,४३०।३० आम्दानी प्राप्त भएकोमा कोषबाट यो बर्षमा रु २६,५८,९५१।०० रु ३,६४,७१,४७९।३० बाँकी रहेको देखियो। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ।

३.४ **विपद व्यवस्थापन वार्षिक प्रतिवेदन** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

## ४ राजस्व व्यवस्थापनतर्फ

४.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. ५,३०,१३,५००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रू २,७७,४८,५८४।१९ अर्थात अनुमान भन्दा ४७.७३ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

४.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५८,५९,७८,७८२।५६ | २,७७,४८,५८४।१९ | ४.७२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.७२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ

४.३ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र संकलन स्थिति

निम्नानुसार रहेको देखिन्छ।

| आर्थिक वर्ष | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | २,७५,००,०००।०० | २,११,४२,९३२।६३ | ७६.७२ |
| २०८०/८१ | ७,५२,४७,०००।०० | २,५०,२८,१९८।२४ | ३३.४२ |
| २०८१/८२ | ५,३०,१३,५००।०० | २,७७,४८,५८४।१९ | ५२.२५ |

नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा रू. २,७५,००,०००।०० आय अनुमान गरिएकोमा रू २,११,४२,९३२।६३ अर्थात ७६.७२ प्रतिशत संकलन भएको छ त्यसै गरी आर्थिक वर्ष २०८०/८१ मा रू. ७,५२,४७,०००।०० आय अनुमान गरिएकोमा रू २,५०,२८,१९८।२४अर्थात १२६.१७ प्रतिशत संकलन भएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा रू. ५,३०,१३,५००।००आय अनुमान गरिएकोमा रु २,७७,४८,५८४।१९ अर्थात ५२.२५ प्रतिशत संकलन भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय पहिलो वर्षको तुलनामा दोस्रो वर्ष बढे पनि तेस्रो वर्ष पुन: घटेको छ। पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोबारहरुलाई करको दायरामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

४.४ **कर असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व संकेत र आम्दानी शीर्षक | वार्षिक अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१३ सम्पती कर | ९२,५५,०००।०० | ७३,९०,२११।७७ | ७९.८४ |
| ११३१४ भुमिकर/ मालपोत | ४९,९९५।०० | १,१५५।०० | २.२० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ५०,०१,०००।०० | १०,००,२७८।९९ | २० |
| ११३१७ वहाल कर | ६,००,०००।०० | २,५८,१७०।०० | ४६४.५३ |
| ११३१८ वहाल विटौरी कर | १२,००,०००।०० | ९,४४,६६२।५९ | ७८. ६६ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,३५,०००।०० | ४,०६,६००।०० | १००.२१ |
| १४५२९ अन्य राजस्व | ०० | १५६८४२२३।१७ | |
| १४६११ व्यवसाय कर | ०० | ८,९०,७६८।०० | |
| १५१११ बेरूजू | ०० | ११,७१,५१४।६७ | |
| **जम्मा** | ५,३०,१३,५००।०० | २,७७,४८,५८४।१९ | ५२.२६ |

नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको तथा बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

४.५ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क संकलन गरेको छैन। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ, पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

४.६ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक सञ्जाल मार्फत हुने विज्ञापनलाई कानुनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर ४३,५०० असुल गरेको देखियो। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्स्टाग्राम जस्ता विद्युतीय सञ्जाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। सामाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनुपर्दछ।

४.७ **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

४.८ **कम्प्युटर लेखा प्रणाली** - पालिकाले लेखा दोहोरो लेखा प्रणाली बमोजिम आर्थिक कारोबारलाई नियमित र व्यवस्थित गर्न प्रचलनमा रहेको सफ्टवेयर साङ्गीला कम्पनीको आय प्रणाली र कर प्रणाली प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी आन्तरिक आय अर्न्तगत रू. २०५२८७९२।२६ आय देखाएको पाइयो। नगरपालिकाले आंशिक रुपमा सुत्र प्रणालीबाट आय सङ्कलन गरेको देखियो। सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परीक्षणको सीमा भन्दा बाहिर रहेको छ। उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोबारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष IT Audit गराउनु पर्ने देखिन्छ। उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोबारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।सबै कारोबारलाई सुत्रको दायरामा ल्याउनुपर्दछ।

४.९ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

४.१० **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्रीः**स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदिजन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

४.११ **प्रदेश कानूनको कार्यान्वयन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची - ३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउनसक्ने व्यवस्था छ। ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। प्रदेशले तोकेको दर अनुसार राजस्व संकलन नीति कार्यान्वयनमा ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

## ५ जिन्सी व्यवस्थापनतर्फ

५.१ **इन्धन खर्च** - अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका, २०८१ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलब्ध गर्न सकिने व्यवस्था सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसुचि १ मा अध्यक्षको सवारी साधनलाई मासिक १५० लिटर डिजल उपाध्यक्षलाई मासिक १२५ लिटर डिजल र वडाध्यक्षलाई मासिक २० लिटर पेट्रोल इन्धन पाउने व्यवस्था छ।यस वर्ष इन्धनमा पदाधिकारी, कर्मचारी र कार्यालय प्रयोजनमा रू. ७५,३०,६६६।६०, र अन्य रु १,९७,२०४।५६ गरी रू. ७७,२७,८७१।१६ इन्धनमा खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनुपर्दछ।

५.२

**सवारी साधन मर्मत**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा मालसामान मर्मत गराउदा सार्वजनिक निकायले आफ्नै मर्मत केन्द्र वा वर्कसप भएको अवस्थामा आफ्नै मर्मत केन्द्र तथा वर्कसपबाट गराउनु पर्ने र नभएको अवस्थामा यस नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी नियमावलीमा भएको प्रावधान अनुशरण गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार सवारी साधन मर्मत गराउँदा आफ्नो मर्मत केन्द्र नभएको अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुरुप लागत अनुमान स्वीकृत गराई खुला र प्रतिस्पर्धात्मक मुल्यमा मर्मत सेवा खरिद गर्नुपर्नेमा सोझै खरिद गरी रू. ७३,४१,८३५।०० भुक्तानी गरेको देखियो। स्पष्ट सवारीसाधन मर्मत सम्बन्धी अखिलेख राखिएको पाइएन। सार्वजनिक व्यवस्थापन प्रणाली (Public Assets Management System) प्रणालीमा अभिलेख प्रविष्टी गर्नुपर्दछ। केही मर्मत नमुना भौचरहरु देहायबमोजम छनः

| मिति/गोभौन | मर्मत भएको सवारीसाधन | मर्मतकर्ता | मर्मत रु |
|---|---|---|---|
| ४७७।२०८१।८।७ | एम्बुलेम्स | ठाकुर अटो केयर सेन्टर | ८५३८५।०० |
| २५१।२०८१।६।२० | व्याकोहोलोडर | नेपाल अटोमोबाइलस सोलुसन प्रा.लि. | ५९१३६८।०० |
| ४७९।२०८१।८।७ | मोटरसाइकल | करन अटो वर्कसप | १००४०।०० |

सवारी साधन मर्मत गर्दा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ।

५.३ **सार्वजनिक सम्पत्तिको रेखदेखः** सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा नगरपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनुपर्दछ ।

५.४ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामानहरु नियमानुसार मर्मत तथा लिलाम गरी सक्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ तर खप्ने र नखप्ने अलग-अलग प्रतिवेदन तयार नगरेकोले पालिकाको सबै जिन्सी मालसमानको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

५.५ **जिन्सी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्यरुपमा पाम्स (PAMS) मा प्रविष्ट गर्न परिपत्र गरेको छ। पालिकाले साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन। नियमावलीको व्यवस्था अनुसार मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्यरुपमा पाम्स (PAMS) मा प्रविष्ट गर्नुपर्दछ ।

५.६ **नगरपालिकाको डोजरबाट भएको सडक निर्माण।मर्मत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। सडक विभाग यान्त्रिक महाशाखाले मिति २०७७।१२।३१ मा जारी गरेकव Norms for rate of plant and machinery for estimation guidelines मा डोजर तथा एक्जाभेटरले माटो खन्ने काम गर्दा प्रति घण्टा १४.४० लिटर ईन्धन खपत हुने देखाएको छ। पालिकाले आफ्नै ट्रिपर र डोजर प्रयोग गरी देहायका निर्माण तथा मर्मत सुधार कार्य गर्दा जय लक्ष्मी आयल कन्सर्न प्रा.लि. बाट रु ८७७६४५।०० ईन्धन खरिद गरेको पाइयो । पालिकाले आफ्नै डोजरमा लगाई देहायका सडक निर्माण मर्मत गरेको जनाएतापनि सडक खण्ड, परिमाण तथा समयको मितिवद्ध अभिलेख राखेको पाईएन। तोकिएको प्रयोजनको लागि ईन्धन प्रयोग भएको अभिलेख संलग्न गरी ईन्धनको पूर्ण अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा राख्नुपर्दछ।

| **क्र.सं.** | **विवरण** | **ईन्धन खर्च रु** |
|---|---|---|
| १ | बाटो निर्माण | ३३३२१२।०० |
| २ | सरसफाई | २५५२२१।०० |
| ३ | अन्य काम | २८९२१२।०० |
| | | ८७७६४५।०० |

## ६ वित्तीय विवरण परीक्षण

६.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. २५६६२८६६८।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. ३९७००००।०० गरी जम्मा रू. २६०५९८६६८।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण हुन सक्दैन। तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति र भुक्तानी रू २६०५९८६६८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ९४५३४००१.४४ | ५५१४७८७५६.४३ | ५७३७०३९८५.२३ | ४७३७०७४१.१३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९४५३४००१.४४ | ८१२०७७४२४.४३ | ८३४३०२६५३.२३ | ४७३७०७४१.१३ |
| फरक | ० | २६०५९८६६८ | २६०५९८६६८ | |

६.३ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| क्र.सं. | खाताको प्रकार | श्रेस्ता अनुसारबाँकी रू. | बैंक अनुसारबाँकी रू. | फरक |
|---|---|---|---|---|
| १ | ग१.१ आन्तरिक राजस्व खाता | ०.०० | ९२६६६७.९४ | ९२६६६७.९४ |
| २ | ग१.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | -१.०० | ०.०० | १.०० |
| ३ | ग१.३ आन्तरिक अनुदान खाता | -२६४८७०१७.५१ | ०.०० | २६४८७०१७.५१ |
| ४ | ग२.२ चालू खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० |
| ५ | ग२.३ विविध खर्च खाता | १३७१८०१८.०२ | १४१५३१२७.०२ | ४३५१०९.०० |
| ६ | ग२.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ४०५५३.०० | ४०५५३.०० |
| ७ | ग३.१ स्थानीय तह धरौटी खाता | ५२३९५३०.०० | ५२३९५३०.०० | ०.०० |
| ८ | ग४.१ स्थानीय तह सञ्चित कोष खाता | १६८५१२६१.९१ | ४२८५३१११.७२ | २६००१८४९.८१ |
| ९ | ग५.१ स्थानीय तह विविध कोष खाता | १०२६४३३९.१७ | १०२६४३३९.१७ | ०.०० |
| १० | ग६.१ स्थानीय तह विभाज्य कोष खाता | ४३५००.०० | ४३५००.०० | ०.०० |
| ११ | ग७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२५४०९२.०३ | १२५४०९२.०३ | ०.०० |
| | जम्मा | २०८८३७२२.६२ | ७४७७४९२०.८८ | ५३८९११९८.२६ |

स्रेस्ताअनुसार मौज्दात र बैङ्क स्टेटमेन्टनुसार वर्षान्तको मौज्दातको फरक रू.५३८९११९८.२६को हिसाब पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।

६.४ **अनुदान फिर्ता** – आर्थिक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यसै गरी सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सर्शत अनुदान, समपूरक अनुदान

र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. २४९३८०३२।०० संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ । पालिकाले संघ सशर्त अनुदान(पुँजीगत) तर्फ रू. ३१३४७३८।०० बढी फिर्ता गरेको रकम शोधभर्ना लिनुपर्दछ। साथै पालिकाले संघ र प्रदेशबाट प्राप्त अनुदानको अधिकतम उपयोग हुने गरी खर्च गर्नुपर्दछ।

| अनुदानको प्रकार | | निकासा | खर्च | फिर्ता हुनुपर्ने | फिर्ता भएको | फरक |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त अनुदान चालु | २३१३८९५०० | २१०३०८३२८ | २१०८११७२ | २१०८११७२ | ० |
| | शसर्त अनुदान पुंजीगत | ३३२५०००० | ३४११३६६० | -८६३६६० | २२७१०७८ | (३१३४७३८) |
| | समपुरक अनुदान पुंजीगत | ३१३४७३८ | २४३४७६८ | ६९९९७० | ६९९९७० | ० |
| प्रदेश सरकार | शसर्त अनुदान चालु | ६४२५०० | १८००६० | ४६२४४० | ४६२४४० | ० |
| | शसर्त अनुदान पुँजीगत | २६०४६५३ | २५५४६५३ | ५०००० | ५०००० | ० |
| | विषेश अनुदान पुँजीगत | ३१८५०७० | ३१८५०७० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | ५४१११८७ | ५०३७८१५ | ३७३३७२ | ३७३३७२ | ० |
| जम्मा | | २७९६१७६४८ | २५७८१४३५४ | २१८०३२९४ | २४९३८०३२ | (३१३४७३८) |

७ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलब्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गतवर्ष र यसवर्ष उपलब्ध गराएको देहायको पेश्की फर्स्यौट भएको देखिएन । आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभएको नियमानुसार पेश्की फर्स्यौट गर्नुपर्ने रू.

| गो. भौ. न./ मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति फर्मवा कम्पनीको नाम | चालु आ. व. | | गतवर्ष सम्मको | | जम्मा रु |
|---|---|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | |
| १(२०८१।०४।०१) | जैविक कृषि उत्पादन गर्न प्रोत्साहनका लागि कृषक पाठशाला संचालन कार्यक्रम | सहायक दिनेश कुमार चौधरी | ० | ० | ० | १५००००. | १५००००. |
| १(२०८१।०४।०१) | विविध खर्च | नायवसुब्बा नारादानन्द उपाध्याय | ० | ० | ० | ३५,०००।०० | ३५,०००।०० |
| १(२०८१।०४।०१) | विविधखर्च | सहायकपाँचौ बासु देव विनाडी | ० | ० | ० | ५७,३३०।०० | ५७,३३०।०० |
| १(२०८१।०४।०१) | टुम्महीनाला देखी विष्णापूर सिमानासम्म कालोपत्रे निर्माण | एनएम डि कन्स्ट्रक्सन | ० | ० | ० | ८५००००. | ८५००००. |
| १(२०८१।०४।०१) | पडरिया गौनिहान शिवरामको घर देखि गोदामटोल पिपल चौतारासम्म कालोपत्रे सडक निर्माण | काइटकन्सट्रक्सन | ० | ० | ० | ३०५०००. | ३०५०००. |
| १(२०८१।०४।०१) | शहरी स्वास्थ्य केन्द्र चर्राको भवन निर्माण | पवन कन्स्ट्रक्सन | ० | ० | ० | ५१९८४५. | ५१९८४५. |
| ९(२०८१।१०।२३) | वडानं. १ गौनिया बस्तीमा कालोपत्रे बाटो (पशुपति सामुदायिक वनदेखि कभर्डहल भजनीसम्म ) | विश्वलक्ष्मी निर्माण सेवा | ० | ० | ० | ५१५०००. | ५१५०००. |
| ५(२०८१।१२।२१) | वडानं. १ गौनिया बस्तीमा कालोपत्रे बाटो (पशुपति सामुदायिक वनदेखि कभर्डहल भजनीसम्म ) | विश्वलक्ष्मी निर्माण सेवा | ० | ० | ० | ४०००००. | ४०००००. |
| १(२०८१।०४।०१) | स्वास्थसं स्थाहरूलाई सहायता | खैलाडस्वास्थ्य चौकी | ० | ० | ० | १५५८००. | १५५८००. |
| १(२०८१।०४।०१) | स्वास्थसंस्थाहरूलाई सहायता | थापापुरस्वास्थ्य चौकी | ० | ० | ० | १५५८००. | १५५८००. |
| १(२०८१।०४।०१) | मेशिनरी तथा औजार | भजनी प्राथमिक स्वास्थ्य केन्द्र | ० | ० | ० | ७०००००. | ७०००००. |
| १(२०८१।०४।०१) | सवारी साधन | भजनीप्राथमिक स्वास्थ्य केन्द्र | ० | ० | ० | ९०००००. | ९०००००. |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | अध्यक्षमहुन्याल बहुमुखी क्याम्पस भजनी | ० | ० | ० | ९५००००. | ९५००००. |
| १(२०८१।०४।०१) | कार्य प्रगतिको आधारमा नमूना विद्यालयलाई पूर्वाधार विकासका लागि थप अनुदान | महुन्यालमा.बि. भजनी | ० | ० | ० | ७३८०००. | ७३८०००. |
| १(२०८१।०४।०१) | कार्यप्रगतिको आधारमा नमूना विद्यालयलाई पूर्वाधार विकासका लागि थप अनुदान | महुन्यालमा.बि. भजनी | ० | ० | ० | ४३२०००. | ४३२०००. |
| १(२०८१।०४।०१) | कार्यप्रगतिको आधारमा नमूना विद्यालयलाइ पूर्वाधार विकासका लागि थप अनुदान | महुन्यालमा.बि. भजनी | ० | ० | ० | २५९००००. | २५९००००. |
| १(२०८१।०४।०१) | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | महुन्यालमा.बि. भजनी | ० | ० | ० | १५०००००. | १५०००००. |
| १(२०८१। | स्वास्थसंस्थाहरूलाई सहायता | लालबोझी स्वास्थ्य | ० | ० | ० | १५५८००. | १५५८००. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०४।०१) | | चौकी | | | | | |
| १(२०८१।०४।०१) | अन्यसार्वजनिक निर्माण | श्रीकालिका आधारभुत बिधालय | ० | ० | ० | १०००००. | १०००००. |
| १(२०८१।०४।०१) | अन्यसार्वजनिक निर्माण | श्रीराष्ट्रिय माध्यामिक विद्यालय खैलाड | ० | ० | ० | १५००००. | १५००००. |
| १(२०८१।०४।०१) | स्वास्थसंस्थाहरूलाई सहायता | प्रमुख शहरी स्वास्थ्य केन्द्र | ० | ० | ० | १५५८००. | १५५८००. |
| १(२०८१।०४।०१) | पदाधिकारी कल्याण कोष खर्च ( बिमा ) | सिटीजन लाईफ इन्स्योरेन्स कम्पनी लि. | ० | ० | ० | २३७१२४. | २३७१२४. |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | ठेगरपुर तटबन्धन नि.उ.स. | ० | ० | ० | ११०००००. | ११०००००. |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | अध्यक्ष बाटो ग्रावेल भजनी डोंगपुर - मस्ती राम चौधरी | ० | ० | ० | १३,०००।०० | १३,०००।०० |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | राधाकृष्ण सामुदायिक बन उ.स. | ० | ० | ० | ५,०००।०० | ५,०००।०० |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | अध्यक्ष सुखड भजनी रोड - प्रमोद उप्रेती | ० | ० | ० | ४०,०००।०० | ४०,०००।०० |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | जगतराम चौधरी | ० | ० | ० | २५,०००।०० | २५,०००।०० |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | झकुरामचौधरी ६ रजवारा | ० | ० | ० | ३०,०००।०० | ३०,०००।०० |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | ठकराम चौधरी ४ पडरीया | ० | ० | ० | २५,०००।०० | २५,०००।०० |
| १(२०८१।०४।०१) | सवारीसाधन मर्मत खर्च | फरहारीथारु | ० | ० | ० | ७५,०००।०० | ७५,०००।०० |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | बुधराम चौधरी ४ कुडी | ० | ० | ० | ५०,०००।०० | ५०,०००।०० |
| १(२०८१।०४।०१) | अन्यसार्वजनिक निर्माण | रामबहादुर चौधरी ११ धनौरा | ० | ० | ० | ७०,०००।०० | ७०,०००।०० |
| १(२०८१।०४।०१) | अनुगम नमूल्यांकन खर्च | शम्भुराज भट्टराई | ० | ० | ० | १०,०००।०० | १०,०००।०० |
| १(२०८१।०४।०१) | अन्य सार्वजनिक निर्माण | श्रीकृष्णथारु ४ पडरीया | ० | ० | ० | ३,५००।०० | ३,५००।०० |
| जम्मा रू. | | | ० | | ० | २६६९८९९९ | २६६९८९९९ |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

८ **परिपालनाको लेखापरीक्षण**

८.१ **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। यस पालिका तथा अन्तर्गतका ९ वडाहरुबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष

नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, विवाह दर्ता र अन्या दर्ता तथा सिफारिस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएता पनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलब्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। पालिकाले ९ वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ। पालिकाले प्रवाह गरेका सेवाको विवरण देहायबमोजिम छन् :

| क्रम संख्या | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास र अभिलेखिकरण | ४५ |
| २ | जन्मदर्ता | १०३६ |
| ३ | मृत्युदर्ता | ३६० |
| ४ | बसाईसराई दर्ता | २६३ |
| ५ | विवाह दर्ता | ५६४ |
| ६ | सम्बन्धविच्छेद दर्ता | २३ |

८.२ **अनुदानको अनुगमन -** सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को क्रमश बुँदा नं. १२ र ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट सञ्चालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट निम्नानुसार योजनाहरु, विशेष तथा समपुरक अनुदान अन्तर्गत सञ्चालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणालीको विकास गरेको देखिदैँन। तसर्थ, कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनुपर्दछ।

| क्र.सं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापकोनाम | स्रोत | खर्च |
|---|---|---|---|
| १ | भजनी बजार पिपल चोक देखि हुलाकी राजमार्ग ठेगरपुर सम्म सडक कालोपत्रे निर्माण | संघीयसमपूरक अनुदान | २४,३४,७६८।०० |
| ३ | वडा नं. १ गौनिया बस्तीमा कालोपत्रे बाटो (पशुपति सामुदायिक वनदेखि कभर्डहल भजनी सम्म ) | प्रदेश समपुरक अनुदान | २२,५२,१७०।०० |
| ४ | वडा नं. २ को तिनघरुवा देखि कटानपुर समुदाय सम्म कालोपत्रे निर्माण | प्रदेश समपुरक अनुदान | २७,८५,६४५।०० |

८.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

८.४ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्न पर्नेमा यस नगरपालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

८.५ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

८.६ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

८.७ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाको उपप्रमुखले मिति २०८१।०३।०९ मा रू. ७१,२१,८०,०००।०० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।०९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

८.८ **योजना प्राथमिकीकरण -** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ आयोजना प्राथमिकीकरण, छनौट र कार्यान्वियनको लागि स्वीकृत गर्ने सम्बन्धी व्यवस्था छ। जस अनुसार स्थानीय आयोजना बैङ्कको सूचीमा समाविष्ट आयोजनालाई प्राथमिकीकरण र आयोजना तत्परता मूल्याङ्कन (Project Readiness Assessment) का आधारमा थप जाँच गर्नुपर्ने र आयोजनाको प्राथमिकीकरणका लागि मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाका लागि सोही दिग्दर्शनको अनुसूची-११ मा प्रस्तुत भए बमोजिमको आधार तथा विधि अवलम्बन गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस आर्थिक वर्षमा निम्नानुसार १० वडाको लागि वडागत र पालिकास्तरका २२३ योजनाको लागि कुल रू. १५,९३,७६,४६१।०० बजेट विनियोजन गर्दा दिग्दर्शनमा भएको व्यवस्थाको पालना गरेको देखिदैंन।

| क्र.सं. | कार्यक्रमकोनाम | योजना सङ्ख्या | रू.२० लाखमाथिका योजना सङ्ख्या | रू. ५लाखदेखि २०लाखसम्मका योजना सङ्ख्या | रू. ५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | नगरपालिकास्तरीय | १०३ | २० | २१ | ६२ |
| २. | वडास्तरीय | १२० | ० | २० | १०० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २२३ योजना कार्यान्वियन भई ६ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ, पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

८.९ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट कार्यालय सञ्चालन तथा प्रशासनिकमा क्षेत्रमा सबैभन्दा बढी ३५.५२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ०.३२ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दीर्घकालीन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नुपर्दछ।

| क्र.सं. | क्षेत्र/ उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,३८,४२,४१६।०० | १,११,६०,०४१।०० | १९.०३ |
| २ | सामाजिक विकास | २३,००,८५,०००।०० | २०,७१,५३,४००।७९ | ३५.५० |
| ३ | पूर्वाधार विकास | २१,४६,४२,२७५ | १५,५९,६१,६७२ | २६.७१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३२,२८,०००।०० | १९,३८,५६०।०० | ०.३२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २४,२८,८२,३०९।०० | २०,७३,३०,३४०।७७ | ३५.५२ |
| कुल जम्मा | | ७०,४६,८०,००० | ५८,३५,४४,०१४.५६ | १०० |

८.१० **खर्च विश्लेषण** -नगरपालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू. २,७७,४८,५८४।१९ राजस्व बाँडफाँड रु १३,४८,९८,६०२।६७ र अनुदानबाट रू ४०,२९,८०,७६८।४९गरी रू ५५,५६,२७,९५५।३५ आम्दानी भएकोमा चालु तर्फ रू ४२,६६,०२,३२१।५६र पुँजीगत तर्फ रू. १५,९३,७६,४६१।०० समेत रू. ५८५९७८७८२।५६ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.२७ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुबिधामा रू. १,०५,१३,२००।०० खर्च भएको छ जुन आन्तरिक आयको ३७.८८ प्रतिशत रहेको छ। नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८७.१८ प्रतिशत चालु र ७१.५१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

८.११ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष पुँजीगत खर्च रू. १५,९३,७६,४६१।०० भएकोमा प्रथम त्रैमासिकमा ०.५० प्रतिशत, दोस्रो ५.६४ प्रतिशत, तेस्रो त्रैमासिकमा १९.१४ प्रतिशत र चौथो त्रैमासिकमा ७४.७२ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू ७,३८,११,२४४।०० अर्थात ४६.३२ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| कुल खर्च रू. | त्रैमासिक खर्च रू. | | | | आषाढ महिन खर्च रू. |
|---|---|---|---|---|---|
| | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| १५,९३,७६,४६१।०० | ८,९२,१५०।०० | ९०,९३,४८४।०० | ३,०५,३७,४२५।०० | ११,८८,५३,४०२ | ७,३८,११,२४४।०० |
| १००.०० | ०.५० | ५.६४ | १९.१४ | ७४.७२ | ४६.३२ |

८.१२ **न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १६ र

यो वर्ष थप भएको ३२ गरी कुल ४८ विवाद दर्ता भएकोमा २८ वटा फर्स्यौट भई २० विवाद बाँकी देखिन्छ। ३ मुद्दा अदालती प्रक्रिया गएको नगरपालिकाले जनाएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८.१३ **मध्यमकालीन खर्चसंरचना**- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तीनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्चको संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ को बजेट तर्जुमाको बखत मध्यमकालीन खर्च संरचनामा तयार गरेको छैन। मध्यमकालीन खर्च संरचनामा तयार गर्दा आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता देखिंदैन। पालिकाले आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालीन खर्च संरचाना तयार गरी कार्यान्वियन गर्नुपर्दछ।

८.१४ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा भएको देखिएन।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

८.१५ **धरौटी विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालयले धरौटीको लेखा अद्यावधिक राखी एक आर्थिक वर्षमा बाँकी रहेको धरौटी अर्को वर्षको लागि जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आर्थिक विवरण अनुसार नगरपालिकाको गत वर्षको जिम्मेवारी सारेको धरौटी रू. ३५,४५,८३४।०० र यस वर्ष प्राप्त धरौटी रू ४०,४४.७६५।०० समेत गरी जम्मा रू. ७९,२९,९९१।०० भएकोमा यस वर्ष रू. २६,९०,४६१।०० फिर्ता भई धरौटी मौज्दात रू. ५२,३९,५३०।०० रहेको छ ।अवधि पुगेका धरौटीलाई नियममानुसार फिर्ता र सदस्याहा गर्नुपर्दछ।

८.१६ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

८.१७ **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**- स्थानीय तहको कार्य प्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ७६.५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ, पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

८.१८ **कानुन र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ६१ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन , ७ नियमावली, ३८ कार्यविधि, ३ मापदण्ड, १ आचारसंहिता र १ नीति गरी ६१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ६१ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियन गर्ने र नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वियन कार्यमा जोड दिनुपर्दछ। तसर्थ, उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याउनुपर्दछ।

८.१९ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३९ वटा सहकारी संस्था रहेका ३१ दर्ता मध्ये ५ वटा सहकारी COPOMIS मा दर्ता भएका छैन। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ, ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

८.२० **शासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि ८२ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार लेखा अधिकृतसहित ११ पद रिक्त रहेको पाइयो।प्रशासन कर्मचारीको पदपुर्ति हुन बाँकी र स्वास्थ्य सेवामा दरबन्दीभन्दा बढी कर्मचारी रहेको पाइयो। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा नगरपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति र बढी भएका कर्मचारीको उचित व्यवस्थापन गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

८.२१ **ढिलो गरि राजस्व दाखिला -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । नगरपालिका अन्तर्गतका वडाहरूले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । यसरी सवै वडाहरूको ढिला हुने गरी राजश्व रकम बैकं दाखिला भएको अवधिको कार्यालयले छानविन गरी जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।

८.२२ **उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समूचित उपयोग भएको सुनिश्चित हुनुपर्ने विषय समावेश छ। पालिकामा व्याक हो लोडर , रोलर लगायतका उपकरण रहेकोमा सोको परिचालनबाट देखिएका बेहोरा देहाय बमोजिम रहेका छन् :

| क्रम संख्या | सामानकोविवरण | खर्चरू. | | | | जम्मा आम्दानी रू. |
|---|---|---|---|---|---|---|
| | | इन्धन खर्च रु | चालक/ हेल्परको तलबभत्ता रु | मर्मत खर्च रु | जम्मा खर्च रु | |
| १ | व्याक -हो लोडर १ थान | ८७७६४५।०० | ३९६४६४।०० | ७९६९३४।११ | २०७१०४३।११ | १७५४५०।०० |
| २ | रोलर १ थान | १३३६००।०० | १९६४६४।०० | १६७०००।०० | ४९७०६४।०० | २५००००।० |
| ५ | टिप्पर १ थान | ४३५२००।०० | ३९६४६४।०० | ३४१५५१।०० | ११७३२१५।०० | ०० |
| जम्मा | | १४४६४४५।०० | ९८९३९२।०० | १३०५४८५।०० | ३७४१३२२।११ | ४२५४५०।०० |

उल्लिखित उपकरणहरुको आम्दानी र खर्चको विश्लेषण गर्दा वर्ष भरी रु ४२५४५०।०० आम्दानी गरेको छ। छलफलका क्रममा नगरपालिकाको आफ्नै काममा मात्र लगाएको पाइयो । नगरपालिकाले उपकरहरुमा कुल खर्च रु ३७४१३२२।११ खर्च भएको देखिन्छ । आम्दानीको तुलनामा खर्च ८७९.३७ प्रतिशत खर्च गरेको छ। उपकरणमा आम्दानी कम गरी धेरै खर्च गरेको देखिन्छ। यसरी उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ती उपकरण उपयोग, परिचालनको लगसिट, लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन। खर्चको तुलनामा आय अधिक हुने गरी उल्लिखित उपकरणहरुको परिचालन हुनुपर्दछ। यन्त्र उपकरणबाट आय संकलन गरी आम्दानी बाँध्ने परीपाटी मिलाउनुपर्दछ।

८.२३ **परामर्श सेवा-** सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा सोहि अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायअनुसारका परामर्श सेवाखरिद गरी रू. ३४१८२५०।०० खर्च लेखेको छ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीघर्कालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा लागत अनुमान कै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा जाने सुनिश्चितता हुनुपर्दछ।

| कार्यक्रमकोनाम | स्विकृत बजेट | आयोजना लागत | खर्च रकम | पर्मशदाताको नाम |
|---|---|---|---|---|
| थारु संग्रहालय भौतिक पूर्वाधार नर्माण भजनी नगरपालिका २ | १०३४१४३। २३ | १०३४१४३। २३ | १०००0५०.०० | मार्गदर्शनडिजाइन एण्ड कन्सल्ट, प्रा.लि. काठमाडौं |
| Initial Environmental Examination(IEE) Study For Sustainable Extraction of Riverbed Materials from Kandra River at Bhajani Municipality | ७०००००.०० | ४७१४६९।९ | ४३५०५०।०० | सियराइन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि., लालितपुर |
| Initial Environmental Examination(IEE) Study For Sustainable Extraction of Riverbed Materials from Patharaiya River at Bhajani Municipality | ४७१४६९।९ | ४७१४६९।९ | ४२९४००।०० | एसडि सि इन्जिनियरिङ्ग सर्भिस प्रा.लि., लालितपुर |
| DPR of Various Schools in Bhajani Municipality Ward no 05,07 and 08, Bhajani Kailali | १६२५५१६.३० | १६२५५१६.३० | १५५३७५०। ०० | टकुराइन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड बिल्डर्स प्रा.लि., काठमाडौं |

८.२४ **योजना कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा २४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनितिका विषय, क्षेत्रगत र दीर्घकालिन विकास योजना लागु गर्नुपर्ने व्यवस्था छ। उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल दिने जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने स्थानीयहरुको सहभागिता जुट्ने, स्वंयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने लैङ्गिक समानता र समावेशीकरण अभिवृद्धि हुने महिला बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक वार्षिक रणनितिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना नबनाई साना साना टुक्रे कामका लागि बजेट विनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ। साथै छनोट भएका योजनाहरु कार्यान्वियन गर्दा एकै प्रकृतिका कामहरु सम्भव भएसम्म एउटै प्याकेज बनाई खरिदमा प्रतिष्पर्धा गराई लागत प्रभावी ढंगबाट काम गर्नु पर्नेमा धेरै निर्माणकार्य उपभोक्ता समिति मार्फत एंव दररेट माग गरी साना फर्मबाट खरिद एंव निर्माण कार्य गराउने गरेको कारण गुणस्तर, दिगो एवं दीर्घकालीन आय आर्जन र रोजगारीमा योगदान पुग्ने खालका निर्माण कार्यहरु न्यून मात्रामा भएको देखियो। पालिकाले ठुला एवं दीर्घकालीन रोजगारी सृजना र आयआर्जन तथा जीवनस्तर उकास्ने खालका योजना तर्जुमा र कार्यान्वियन गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ।

८.२५ **कार्यक्रमगत प्रगति प्रतिवेदन** - प्रत्येक कार्यक्रम कार्यन्वयन कार्यविधिमा कार्यक्रमको प्रगति तथा अनुगमन प्रतिवेदन बनाउनुपर्ने व्यवस्था छ। जसबाट सबै सूचना प्राप्त गर्नुका साथै कार्यक्रमको सारांश प्राप्त गर्न सकियोस। पालिकाबाट यो वर्ष संचालित कार्यक्रमहरु अर्न्तगत वितरण गरेका अनुदान रकम, लाभान्वित लाभग्राहीहरु, प्राप्त उपलब्धि लगायतका सचनाहरु एकिकृत र खण्डिकृतरुपमा प्राप्त हुन सक्ने गरी प्रगति वितरण तयार गरेको छैन। जसले पालिकाबाट अनुदान वितरण गरेका व्यक्ति तथा संस्थाको संख्या तथा विवरण प्राप्त हुन सकेन। जसले गर्दा प्रगति समिक्षा गर्न सकिएन।

८.२६ **पत्रपत्रिकाको भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ सरकारी रकम खर्च खर्दा अधिकार प्राप्त व्यक्तिले सुनिश्चित भएर मात्र खर्च गर्नुपर्ने तथा नगरपालिकामा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने र सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था छ। पालिकाले यो वर्ष पत्रपत्रिकामा शुभकामना प्रकाशनमा निम्नानुसार सञ्चार गृहहरुलाई रु १८,४२,६५५।०० खर्च गरेको पाईयो।तसर्थ,

यसप्रकारको खर्चमा नियन्त्रण कायम गरी सार्वजनिक स्रोतको मितव्ययी उपयोग गर्नुपर्दछ।केही पत्रपत्रिकामा गरेको खर्चको विवरण देहायबमोजिम छ।

| भौचरनं./मिति | भुक्तानी पाउने नाम | खर्च रू. |
|---|---|---|
| ३९९।२०८१।७।२६ | AARJAN ENTERTAINMENT AND ADVERTISING PVT. LTD | २,०७,५८२।०० |
| ३२२।२०८१।६।२२ | गौरी मासिक | १३,०००।०० |

८.२७ **सूचना प्रविधिको प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को निमय १२९ मा कुनै कार्यालयले लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वा लेखा सम्बन्धी कारोबार गर्न महालेखा नियन्त्रक कार्यालय तथा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ।पालिकाले कर सङ्कलनलाई व्यवस्थित गर्ने उद्देश्यले सूचना प्रणाली तथा सफ्टवेयर संचालनमा ल्याएकोमा नियमावलीको प्रावधान अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिएको पाइएको देखिएन। नियमावलीको पालना हुनुपर्दछ।

८.२८ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १५,९३,७६,४६१।०० भएकोमा पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

९ **शिक्षा तर्फ**

९.१ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व उत्तपरदायतित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेका खरिद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण मुल्य खुलाई सात दिनभित्र जिन्सी किताबमा दाखिला गर्नुपर्ने व्यवस्था छ। नमूना परीक्षणका क्रममा उपलब्ध विवरण अनुसार पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि वितरण गर्न पालिकाले सामूदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकबाट E-bidding मार्फत आर एस सप्लायर्स नेपालगंज लाई गो भौ नं २६९ मिति २०८२।३।४ बाट ४९१०० प्याकेट स्यानिटरी प्याड रु.१४२३६९३।०० भुक्तानी गरेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्नेमा त्यसो गरेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण मात्र तोकिएको Specification अनुसार प्याड खरिद गर्ने र उक्त प्याड भण्डारका लागि मापदण्ड अनुसारको भण्डारको व्यवस्था मिलाउन पालिकाले ध्यान दिनुपर्दछ।

९.२ **अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ।नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार

पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार रू. १४८६५४४७३।०० अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क्र स | विद्यालयलाई अनुदान | विद्यालय संख्या | रकम |
|---|---|---|---|
| १ | गणित विज्ञान अंग्रेजी शिक्षण अनुदान मा.वि. | ७ | ८०७४२९६ |
| २ | गणित विज्ञान अंग्रेजी शिक्षण अनुदान अ.वि. | ६ | २६२६५४७ |
| ३ | एकमुष्ठ अनुदान | २ | २०००००० |
| ४ | दिवा खाजा खर्च अनुदान | ३९ | ८७७७४०३। १४ |
| ५ | ईण्टरनेट जडान शुल्क अनुदान | ३९ | ४१९६४० |
| ६ | छात्रवृत्ति अनुदान(अवासीय सहित) | ३९ | १२९६८०० |
| ७ | निशुल्क पाठ्यपुस्तक अनुदान | ३९ | ४४३१२५२। ७१ |
| ८ | शिकाई केन्द्र अनुदान | ३ | ३९०००० |
| ९ | वाल विकास पिसिएफ अनुदान | ४८ | ४३५५०० |
| १० | विद्यालय मसलन्द खर्च अनुदान | ३९ | ७५५००० |
| ११ | अधारभुत तहका स्वीकृत दरबन्दी,राहत अनुदान शिक्षक तलब भत्ता | ३९ | ७४७२८४८० |
| १२ | माध्यमिक तहका स्वीकृत दरबन्दी,राहत अनुदान शिक्षक तलब भत्ता(प्राविधिक धारका प्रशिक्षक समेत) | ११ | २४५२८६२७ |
| १३ | प्रारम्भिक बालविकास शिक्षकहरूका पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ३९ | १२४६९५८३ |
| १४ | आन्तरिक स्रोतबाट नियुक्त शिक्षकको तलब भत्ता | २८ | २०९३०००० |
| | जम्मा | | १४८६५४४७३ |

९.३ **शिक्षक विद्यार्थी अनुपात -** विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने तथा बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिकामा रहेका ३९ सामुदायिक विद्यालयमा स्थायी, राहत, करार, एकमुष्ट अनुदान, शिक्षण सहयोग अनुदान, धार्मिक विद्यालय अनुदान र प्राविधिक धार समेतको शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम रहेको छ। तालिका अनुसार श्री जल्पादेवी आधारभूत विद्यालय बर्दवाफाँटा, प्रगति आधारभूत विद्यालय गौनिया र बाल उद्यान आधारभूत विद्यालय बसाहमा शिक्षक विद्यार्थी अनुपात न्यून १:७ र हलौना बाबा आधारभूत विद्यालय पृथ्वीपुरमा अधिकतम १:७५ रहेको पाइयो । यसअनुसार पालिकामा रहेका विद्यालयको शिक्षक विद्यार्थी अनुपात ७ देखि ७५ सम्म रहेको छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखिन्छ। अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९.४ **शिक्षकहरुको तलब बैंक मार्फत भुक्तानी** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ क्रियाकलाप नं. २.१(ख) मा विद्यालयले शिक्षकहरूको तलब बैंक मार्फत भुक्तानी तथा शिक्षकहरूलाई मासिकरुपमा तलब भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले चौमासिकको अनुदान निकासा दिँदा अघिल्लो चौमासिकको तलब बैक मार्फत शिक्षकहरूलाई भुक्तानी गरेको प्रमाण संलग्न गरेको देखिएन।यसबाट तलब भुक्तानीमा दोहोरो पर्ने तथा शिक्षक पदबाट बाहिरिएका व्यक्तिलाई भुक्तानी जाने जोखिम रहन्छ। तसर्थ कार्यालयले अनुदान दिए बमोजिमको शिक्षक राखे नराखेको, राखेको शिक्षकलाई समयमा भुक्तानी दिए नदिएको तथा भुक्तानी दिँदा अघिल्लो निकासामा बढी भएको रकम मिलान हुने गरी शिक्षकलाई भुक्तानी भएको प्रमाण संलग्न गर्नुपर्दछ ।

९.५ **छात्रवृत्ति सहायता सार्वजनिकिकरण** - नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँच सय जनासम्म, पाँच सय देखि आठ सय जनासम्म र आठ सय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्दछ।साथै यी विद्यालयलाई नियमित रूपमा अनुगमन गरी पालिकाको आर्थिक कार्यविधि २०८१ अनुसार नविकरण दस्तुर समेत प्राप्त गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ९.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९.६ **पोषाक भत्ता** – कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को खण्ड २ को बुँदा नं. २.२ को द्रष्टव्यको बुँदा नं ३ मा शिक्षक कर्मचारीको पोषाक भत्ता चैत महिनाको तलबसँगै उपलब्ध गराउनुपर्ने र उक्त सुविधा आगामी शैक्षिक सत्रमा विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि भएकोले दोहोरो नपर्ने गरी वितरण गर्ने उल्लेख छ।पालिकाले २०८१ चैत महिनाको तलब तथा पोषाक भत्ता भुक्तानी गर्दा कार्यविधि विपरित तपसिलका व्यक्तिलाई पोषाक भत्ता रू ३००००।०० भुक्तानी गरेको छ। नपाउने पोषाक भत्ता सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| गो भौ नं | मिति | शिक्षकको नाम | तह | विद्यालय | पोषाक खर्च रु | अवकास/ राजिनामा मिति |
|---|---|---|---|---|---|---|
| १३७ | २०८१।११।२० | सन्तोषी कुमारी चौधरी | नि मा | राष्ट्रिय मा वि पचमुडिया | १०००० | २०८१।१२।६ |
| १३७ | २०८१।११।२० | सुशीला कुमारी भट्ट | नि मा | राष्ट्रिय मा वि पचमुडिया | १०००० | २०८१।१२।८ |
| ११७ | २०८१।१०।२३ | अमित चौधरी | नि मा | कालिका आ वि झलझलिया | १०००० | २०८१।१२।१० |
| | | | | जम्मा | ३०००० | |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

९.७ **दिवा खाजा** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न. २.७.११.१ मा दिवा खाजाको लागि स्थानीय तहले विद्यालयलाई रकम निकासा गर्दा पहिलो त्रैमासिकको लागि प्रति विद्यार्थी वार्षिक १८० दिन उपस्थित हुने आधारमा रकम निकासा गर्ने र दोस्रो त्रैमासिक देखि भौतिक रुपमा पूरा समय चलेको दिन(परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र वि व्य स अध्यक्षबाट विद्यार्थीको

संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भई अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित भएपश्चात मात्र थप रकम निकासा गर्नुपर्ने व्यवस्था छ।पालिकाले गो भौ नं ६५ मिति २०८१।८।१२, गो भौ नं १३३ मिति २०८१।११।२०, गो भौ नं २२१ मिति २०८२।१।२४ र गो भौ नं ३८५ मिति २०८२।३।२० बाट दिवा खाजा अनुदानका लागि रू ८७७७४०३।१४ भुक्तानी गरेको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार EMIS को विद्यार्थी संख्या तथा भौतिक रूपमा उपस्थित विद्यार्थी संख्या यकिन गरी प्रमाणित अभिलेख राखेको देखिएन। तसर्थ पालिकाले दिवा खाजामा भौतिक रूपमा उपस्थित विद्यार्थीको विवरण सत्यापन गरी खर्चको वास्तविक विवरण अभिलेखिकरण गर्नुपर्दछ।

९.८ **IEMIS अद्यावधिक -** शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१/८२ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, नि:शुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा निकासा दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन। IEMIS अद्यावधिक नहुँदा छात्रवृत्ति तथा पाठ्यपुस्कत वितरण लगायतका गतिविधि सञ्चालन गर्ने यथार्थ संख्या प्राप्त हुन नसक्ने र खर्चको मितव्ययीता र प्रभावकरीता बढाउन नसकिने हुन्छ। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

९.९ **ICT Lab -** शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.१ मा (विद्यालय पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT व्यवस्थापन) स्थापना गर्न रू. ६५००००।०० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले श्री राष्ट्रिय मा.वि. महादेउली लाई ICT Lab र पुस्तकालय व्यवस्थापनका लागि रू. ६५००००।०० निकासा भुक्तानी दिएकोमा विद्यालयले ICT Lab तथा पुस्तकालयको प्रभावकरी सञ्चालन गरेको देखिएन। ल्यावको प्रभावकारी सञ्चालन गरी विद्यार्थीहरूको सिकाई प्रक्रिया सुधारमा ध्यान दिनुपर्दछ।

९.१० **सामुदायिक सिकाई केन्द्र -** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को बुँदा नं. ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पूरा गरेका सामुदायिक केन्द्रलाई एकमुष्ट रु. १३००००।०० अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालनमा पालिका अनुदान समेतबाट देहायका ३ विद्यालयलाई रू ६६३०००।०० निकासा भएको देखियो। उक्त केन्द्रहरुलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धि खुल्ने प्रगति प्रतिवेदन तयार गरेको देखिएन। अत: अनुदान उपयोगको प्रतिवेदन तयार गरी कार्य सम्पादनमा पालिकाले सुधार गर्नुपर्दछ ।

| क्र. सं. | सामुदायिक सिकाइ केन्द्र | संघ सशर्त अनुदान रु | पालिका अनुदान रु | जम्मा अनुदान रु |
|---|---|---|---|---|
| १ | सरस्वती सामुदायिक सिकाइ केन्द्र भजनी ४ खैलाड | १३०००० | ९१००० | २२१००० |
| २ | महन्याल सामुदायिक सिकाइ केन्द्र भजनी १ भजनी | १३०००० | ९१००० | २२१००० |
| ३ | सिर्जनशील सामुदायिक सिकाइ केन्द्र भजनी ५ लालबेझी | १३०००० | ९१००० | २२१००० |
| जम्मा | | ३९०००० | २७३००० | ६६३००० |

९.११ **छात्रवृत्ति -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार यो वर्ष विद्यार्थी संख्याको सत्यापन नगराई निम्नानुसार ३९ विद्यालयहरुलाई गो भौ नं २४९ मिति २०८२।२।२३ बाट रू. ८५०२००।०० निकासा गरेको छ।सत्यापन नगराई वितरण गरिएको रकम वास्तविक विद्यार्थीले प्राप्त गरे नगरेको यकीन गर्न सकिएन। तसर्थ पालिकाले छात्रवत्ति वितरण गर्दा सत्यापन गर्नुपर्दछ।साथै रकमको यथार्थ उपयोग भए नभएको सम्बन्धमा वास्तविक विवरण सहितको अभिलेख गर्ने तथा आवश्यक अनुगमन समेत गर्नुपर्दछ।विवरण अनुसूचिमा उल्लेख छ।

**(विस्तृत विवरण बेरूजु दफा ९.११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १० स्वास्थ्य तर्फ

१०.१ **कडा रोग उपचार खर्च** - मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँको दरले तोकिएका कडा रोगीहरुको बैङ्क खातामा जम्मा गरिने तर नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आधिकांश स्वामित्व भएका संस्थाबाट रोजगारी वा पेन्सन वा विदेशी सरकारबाट रोजगारी वा पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यस निर्देशिका बमोजिमको सुविधा प्रदान नगरिने उल्लेख छ। त्यसैगरी बुदाँ नं. ८ मा मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयले उपचार खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नसक्ने व्यवस्था छ। पालिकाले नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार गो भौ नं ३८, २०८१।६।१८, गो भौ नं १९७ मिति २०८१।१२।२५, गो भौ नं ३६१ मिति २०८२।३।१८ र गो भौ नं १०७ मिति २०८१।१०।१३ बाट रू २५२७५००।०० खर्च लेखेको छ।क्लोज फलो अप संलग्न नगरी क्यान्सर रोगीको लागि १८६००००।०० भुक्तानी गरेको देखिन्छ। क्लोज फलो अप भएको प्रमाण श्रेस्तासाथ अद्यावधिक गउनुपर्दछ।

| सि.नं. | नामथर | पहिलोकिस्ता | दोस्रोकिस्ता | तेस्रोकिस्ता | चौथोकिस्ता | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सरिता देवीठगुन्ना | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| २ | मिश्रीदेवी डगौरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| ३ | मुन्नीदेवी डगौरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| ४ | पल्लबीचौधरी | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| ५ | निरज देवीचौधरी | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| ६ | गङ्गाकुमारी थरुनी | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| ७ | सुदामीडगौरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| ८ | उमा कुमारीबोहरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| ९ | सरियाडगौरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| १० | रिताडगौरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| ११ | पार्वतीदेवी डगौरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| १२ | चुलुरामचौधरी | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| १३ | सुरजी देवीबोहरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| १४ | मनिताकुमारी चौधरी | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| १५ | राम बहादुरचौधरी | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| १६ | सीतारानीडगौरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| १७ | उर्मिलाडगौरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| १८ | दिपकबहादुर चन्द | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| १९ | दुलारीदेवी कठरिया | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| २० | चोधियाडगौरा थारु | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| २१ | दिपाकुमारी कामी | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| २२ | सबिनाचौधरी | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| २३ | गगन बहादुरविश्वकर्मा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| २४ | कोकिलादेवी जैशी | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| २५ | भारथि देवीडगौरा | १५००० | १५००० | १५००० | १५००० | ६०००० |
| २६ | वृहस्पतिकुमारी चौधरी | १०००० | १५००० | १५००० | १५००० | ५५००० |
| २७ | दान बहादुरबुढा | १०००० | १५००० | १५००० | १५००० | ५५००० |
| २८ | लक्ष्मीनारायण चौधरी | ५००० | १५००० | १५००० | १५००० | ५०००० |
| २९ | जीवनकुमारी सिंह | ० | १५००० | १५००० | १५००० | ४५००० |
| ३० | पदम बहादुरचौधरी | ० | १०००० | १५००० | १५००० | ४०००० |
| ३१ | राज कुमारीकठरिया | ० | ० | १०००० | १५००० | २५००० |
| ३२ | गोमा देवीसाउद | ० | ० | १०००० | १५००० | २५००० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३ | राम बहादुरकामी | ० | ० | ५००० | १५००० | २०००० |
| ३४ | ललतेसाउद | ० | ० | ५००० | १५००० | २०००० |
| ३५ | बौरागीचौधरी | ० | ० | ० | १५००० | १५००० |
| ३६ | सुश्रीअम्बी साउद | ० | ० | ० | ५००० | ५००० |
| ३७ | मिन बहादुरबुढाथोकी | ० | ० | ० | ५००० | ५००० |
| | जम्मा | ४००००० | ४४५००० | ४८०००० | ५३५००० | १८६०००० |

१०.२ **स्वास्थ्य स्वयं सेविकाको यातायात खर्च** - स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वास्थ्य कार्यक्रम मार्गदर्शनको बजेट उपशीर्षक नं ३७००१११६ नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रमको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लागि यातायात खर्च शीर्षकमा महिला सामुदायिक स्वयंसेविकाले आमा समूहको बैठकमा सो विषयमा छलफल गरेको बैठकको माइन्यूट वा अभिलेखमा प्रमाणित गरेपछि मात्र यातायात खर्च वितरण गर्नुपर्ने व्यवस्था छ। उपलब्ध विवरण अनुसार ९८ जना स्वास्थ्य स्वयंसेविकाको लागि पालिकाले ब उ शि नं ८०७७७५०५५०१ गो भौ नं १८३ ( २०८१।१२।१९)बाट रू ९७०००० ।०० र गो भौ नं २६४ मिति २०८२।२।१७ बाट रू ११६४०००।००।०० गरी रू २१३४०००।०० यातायात तथा पोषाक खर्च भुक्तानी गरेको छ।सो भुक्तानी गर्दा पालिकाले मार्गदर्शन अनुरूप बैठकको माइन्यूटको वा अभिलेखमा प्रमाणित गरेको कागजात संलग्न गरेको देखिएन। पालिकाले मार्गदर्शनमा उल्लेखित व्यवस्थाको पालनामा जोड दिनुपर्छ।

१०.३ **पोषाक भत्ता** – स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८२।३।१५ च नं ३३१८(क प्र) को पत्रानुसार नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३२ (क) बमोजिम मिति २०८१।१०।१४ देखि २०८५।१०।१३ सम्म स्वीकृत तलबी अध्ययन विदामा रहेका जन स्वास्थ्य निरिक्षक प्रकाश चौधरी ( २२३४३२) लाई पालिकाले गो भौ नं १९१ मिति २०८१।१२।२५ बाट पोषाक भत्ता रू १००००।०० उपलब्ध गराएको देखिन्छ। नियम विपरित भुक्तानी भएको असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

१०.४ **नगर अस्पताल घोषणा** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (७)मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नहुने उल्लेख छ। पालिकाले नगर अस्पताल घोषणाका लागि रू १ करोड बजेट विनियोजन गरेको छ। विनियोजित बजेट नगर अस्पताल घोषणा कार्यक्रम नगरी तपसिल अनुसार ८१५०४४२।०० खर्च गरेको देखिन्छ।तसर्थ पालिकाले ऐनको व्यवस्था विपरित गरेको खर्च नियमित गर्नुपर्ने खर्च रू

| नगरअस्पताल घोषणा शीर्षकबाट गरिएको खर्च विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| गो.भौ.नं. | मिति | खर्च भएकोशिर्षक | आपुर्तिकर्ता | रकम | खरिदबिधि | कैफियत |
| १७६९ | २०८२।०२।२४ | अईरण चक्कीखरिद | रौलाकेदारमेडिसिन सप्लायर्स गोदावरी | ९९७५० | सोझै | |
| २०७० | २०८२।०३।३१ | कम्प्युटर/प्रिन्टर / ल्यापटप खरिद | मुवीकम्पुटर एण्ड मोबाईल सेन्टर बर्दगोरिया | ९८२५३५ | कोटेशन | |
| २०७२ | २०८२।०३।२२ | पोस्टमार्टममर्सरी फ्रीज खरिद | गतिमानमेडीटेक एण्ड सप्लायर्स धनगढी | ९३६०९२ | क्याटलक | पत्रिका सुचना प्रकाशित |
| १३९५ | २०८२।०१।०७ | | टी.पी.सर्जिकलसप्लायर्स धनगढी | ९७४९८ | कोटेशन | |
| १४४२ | २०८२।०१।०९ | ओ.पी.डीटिकेट छपाई | घोडाघोडीछापाखाना सुखड | ७०६२५ | सोझै | |
| १८३३ | २०८२।०३।०३ | आई.पी.डीप्याकेज अपग्रेड | मेनेजमेन्टसप्लायर्स धनगढ़ी | २२६००० | कोटेशन | |
| १८३४ | २०८२।०३।०३ | औषधिखरिद | सुप मेडीसप्लायर्स धनगढी | ८६२२१८ | कोटेशन | |
| १९७४ | २०८२।०३।१६ | प्रयोगशालाउपकरण खरिद | सम्झनासर्जिकल एण्ड सप्लायर्स धनगढी | ३९३९६३२ | क्याटलक | पत्रिका सुचना प्रकाशित |
| २१५१ | २०८२।०३।२४ | ल्याबकेमिकल खरिद | केयरसाईटसर्जिकल धनगढी | ९३६०९२ | कोटेशन | |
| | | जम्मा | | ८१५०४४२ | | |

| | |
|---|---|
| अनियमित भएको | ८१,५०,४४२ |

१०.५ **करार नियुक्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकाको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। पालिकामा ३१ जना स्वास्थ्यकर्मी तथा कर्मचारीको स्थायी दरबन्दी रहेकोमा दरबन्दी भन्दा १० जना बढी कर्मचारी सहित ४१ जना स्वास्थ्यकर्मी कार्यरत रहेको देखिन्छ।साथै ओ एण्ड एम सर्भे नगरी २८ जना स्वाथ्यकर्मी तथा कर्मचारी नियुक्ति गरी रू ११३९६१८३।०० तलब भत्ता भुक्तानी गरेको देखिन्छ।संगठन संरचना निर्धारण नगरी करारमा कर्मचारी भर्ना र खर्च गर्दा सार्वजनिक स्रोतको दुरुपयोग बढ्ने जोखिम रहन्छ। दरबन्दी भन्दा बढी कुनै पनि कर्मचारी रहने गरी सरूवा भई आउन सहमति दिन नहुने र सरूवा भई आइसेकका कर्मचारीलाई जिम्मेवार बनाउने तथा थप कर्मचारी आवश्यक हुने भएमा पालिकाले आवश्यक दरबन्दी यकिन गरी योग्यता प्रणालीका आधारमा कर्मचारी नियुक्त गर्ने पद्धतिको अवलम्बनमा जोड दिनुपर्छ।

**(विस्तृत विवरण बेरूजु दफा १०.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०.६ **औषधि खरिद तथा अभिलेख व्यवस्थापन** - औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका २०७४ को बुँदा नं ७ म आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि औषधि सेल्फ लाइफ ( Self life) को कम्तिमा ३/४ भाग अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ। सार्वजनिक खरिद ऐन २०६४ को दफा ८(२)मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली २०७७ को नियम ८ मा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष विभिन्न मितिमा तपसिल अनुसार सोझै खरिद गरी औषधि खरिदमा रू १२६३९८७०।०० खर्च गरेको देखिन्छ। आपूर्ति हुने औषधि, औषधिजन्य सामग्री तथा उपकरणमा उल्लेख गर्नुपर्ने सूचना पूर्णरुपमा उल्लेख गरेको अभिलेखमा देखिएन।औषधिको खरिदमा औषधिको सेल्फ लाइफ ( Self life) को कम्तिमा ३/४ भाग हुनुपर्नेमा सो सम्बन्धि विवरण अभिलेबाट प्राप्त गर्न सकिएन।तसर्थ औषधि खरिद गर्दा पालिकाले न्यूनतम मापदण्डको पालना नगरेको देखिन्छ।खरिदलाई प्रतिस्पर्धात्मक बनाउने विषयलाई पालिकाले प्राथमिकता दिएको देखिदैन। औषधि खरिद भै सकेपछि प्राप्त औषधिको सम्बन्धमा विज्ञ सहितले आवश्यक निरीक्षण गरी एकिन गरेको भन्ने अभिलेख समेत देखिएन।साथै पालिकाले वार्षिक खरिद योजना समेत बनाएको देखिदैन।साथै अत: पालिकाले वार्षिक खरिद योजना तयार गरी औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई नियमित र व्यवस्थित बनाउनुपर्दछ। साथै खरिद गरिएका औषधी निर्धारित म्यादको नहुँदा जनस्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावप्रति पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.सं. | गो भौ नं | मिति | सप्लायर्सको नाम र ठेगाना | रकम रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७९ | २०८१।९।८ | बि एण्ड बि सप्लायर्स धनगढी | ३३५२५ | संघिय |
| २ | ३६८ | २०८१।३।१९ | स्काई मेडिको सप्लायर्स धनगढी | १३६२६४० | संघिय |
| ३ | ४०५ | २०८१।३।२३ | आदित्य फार्मेशी धनगढी | ९९९९२ | संघिय |
| ४ | ४१७ | २०८१।३।२५ | सुभेक्षा फार्मेशी धनगढी | ५२५० | संघिय |
| ५ | १३९५ | २०८१।१।७ | टि.पी.सर्जिकल सप्लायर्स धनगढी | ९७४२८ | न पा चालु |
| ६ | १७६९ | २०८१।२।२८ | रौलाकेदार मेडिसिन सप्लायर्स गोदावरी | ९९७५० | न पा चालु |
| ७ | १८३३ | २०८१।३।३ | टेक्निकल मेनेजमेन्ट सप्लायर्स धनगढी | २२६००० | न पा चालु |
| ८ | १८३४ | २०८१।३।३ | सू.प.मेडीसप्लायर्स धनगढ़ी | ८६२२१८ | न पा चालु |
| ९ | १९७४ | २०८१।३।१६ | सम्झना सर्जिकल एण्ड सप्लायर्स धनगढ़ी | ३९३९६३२ | न पा चालु |
| १० | २०७० | २०८१।३।२१ | मुवी कम्पुटर एण्ड मोबाईल सेन्टर बर्दगोरिया कम्पुटर खरिद | ९८२५३५ | न पा चालु |
| ११ | २०७२ | २०८१।३।२२ | गतिमान मेडीटेक एण्ड सप्लायर्स धनगढ़ी | १२५८८२० | न पा चालु |
| १२ | २१५१ | २०८१।३।२४ | केयर साईटसर्जिकल धनगढ़ी | ९३६०९२ | न पा चालु |
| १३ | १२६४ | २०८१।१२।२२ | योमन मेडीसेल्स काठमाडौं | १६०७२९३ | न पा चालु |
| १४ | १६७५ | २०८१।२।१९ | सम्झना सर्जिकल एण्ड सप्लायर्स धनगढ़ी | ६७०५४ | न पा चालु |
| १५ | १७२७ | २०८१।२।२६ | बि एण्ड बि सप्लायर्स धनगढ़ी | ३५३०० | न पा चालु |
| १६ | १८८९ | २०८१।३।६ | सम्झना सर्जिकल एण्ड सप्लायर्स धनगढी | ३०००० | न पा चालु |
| १७ | ५ | २०८१।६। | सुबिशु मेडिसिन सप्लायर्स काठमाडौं | ९९६३४१ | स्वास्थ्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २० | | | समानीकरण |
| जम्मा | | | | १२६३९८७० | |

११ **शिक्षा तर्फ**

११.१ **बढी भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले छात्रवृत्तिका लागि ३९ विद्यालयहरुलाई गो भौ नं २४९ मिति २०८२।२।२३ बाट रू. ८५०२००।०० निकासा गरेकोमा तपसिलका विद्यालयलाई विद्यार्थी सङ्ख्या भन्दा बढी रकम भुक्तानी भएको देखिन्छ। सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रू.

| विद्यालयको नाम | ठेगाना | दलित (छात्र) छात्रवृत्ति | छात्राछात्रवृत्ति | अपाङग छात्रवृत्ति | अन्यलिक्षतसमुह विद्यार्थी (राजी छात्र छात्रा) छात्रवृत्ति | जम्मा निकासा रू | भरपार्ईइअनुसारवितरण गरेके जम्मा रू | विद्यालयबाटअसुल |
|---|---|---|---|---|---|---|---|---|
| श्री रा.मा.वि. पचमुडिया | भजनी ९ | ४०० | १८४०० | ० | ० | १८८०० | १४००० | ४ |
| श्री रा.मा.वि. धुसी | भजनी ३ | ४०० | १४८०० | ० | ० | १५२०० | १२८०० | २ |
| श्री रा.मा.वि. महादेउली | भजनी ६ | ० | १२४०० | ५००० | ० | १७४०० | १३२०० | ४ |
| श्री दुर्गा मा.वि. कसुमघाट | भजनी ३ | ३६०० | १३२०० | ० | ० | १६८०० | १४८०० | २ |
| श्री कालिका आ.वि. झलझलिया | भजनी ४ | १५६०० | ३३२०० | ५००० | ० | ५३८०० | ५०२०० | ३ |
| श्री नवज्योति आ.वि. बिजुलिया | भजनी ४ | ४०० | १४००० | ० | ० | १४४०० | १४००० | |
| श्री जनजागृति आ.वि. थापापुर | भजनी ६ | ० | १०००० | ० | ० | १०००० | ८००० | २ |
| श्री जल्पादेवी आ.वि. बर्दवाफाँटा | भजनी ३ | १२०० | २८०० | ५००० | ० | ९००० | ५४०० | ३ |
| श्री सरस्वती आ.वि. जवलपुर | भजनी ३ | ० | ५६०० | ० | ० | ५६०० | ४८०० | |
| श्री ज्ञानोदय आ.वि. पहलवान | भजनी ९ | ० | ९२०० | ० | ६५०० | १५७०० | १५४०० | |
| श्री शिव | भजनी | ३२०० | १८४०० | ० | ० | २१६०० | २०००० | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.वि. गन्जहुवा | ९ | | | | | | | |
| श्री अमर आ.वि. कर्मदेव | भजनी ५ | १०००० | २२४०० | ० | २५०० | ३४९०० | २७८०० | ७ |
| श्री मनमोहन स्मृति आ.वि. हिम्मतपुर | भजनी ७ | ० | २२८०० | १००० | ० | २३८०० | १९२०० | ४ |
| श्री इभन बाबा आ.वि. जनकपुर | भजनी ८ | ८०० | १०००० | ० | ० | १०८०० | ५२०० | ५ |
| श्री वाल विद्या मन्दिर ठेंगरपुर | भजनी १ | २४०० | १०८०० | ० | ० | १३२०० | ८८०० | [illegible] |
| श्री सरस्वती शिशु सदन आ.वि. कौवाखेडा | भजनी ५ | ० | ५६०० | ० | ० | ५६०० | ४८०० | |
| श्री गुल्सने रजा मदर्सा चर्रा | भजनी ७ | १६०० | ४००० | ० | ० | ५६०० | ५२०० | |
| जम्मा | | ३९६०० | २२७६०० | १६००० | ९००० | २९२२०० | २४३६०० | ४८ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **४,४००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,६०० |

११.२ **पालिका करार शिक्षक तलब** - अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार स्वीकृत दरबन्दी बेगर एंव दरबन्दी मिलान नगरि २८ विद्यालयका लागि शिक्षक नियुक्ति गरी पालिका स्रोतबाट गो भौ नं २२२ मिति २०८१।६।१७, गो भौ नं ६६२ मिति २०८१।९।१४,गो भौ नं १०५४ मिति २०८२।११।२०र गो भौ नं १७४९ मिति २०८२।२।२७ बाट ७६ जना शिक्षकका लागि रू २०९३००००।०० तलब भत्ता भुक्तानी गरेको पाइयो। कानुनी व्यवास्था र मापदण्ड विपरीत शिक्षक नियुक्ति गर्ने कार्यले पालिकाको आर्थिक दायित्व बढ्दै जान्छ।तसर्थ ओ एण्ड एम सर्भे (O&M Survey) गरी आवश्यक शिक्षक दरबन्दी निर्धारण गर्नुपर्छ।पालिकाले शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गरी विद्यार्थी चाप बढी भएको विद्यालयमा शिक्षक दरबन्दी मिलान गरी विद्यालय गाभ्ने वा अन्य उपयुक्त व्यवस्था गरी भविष्यमा थपिने आर्थिक दायित्व रोक्न तथा विद्यालयको शैक्षिक गुणस्तर कायम राख्ने तर्फ ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ११.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११.३ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागू गर्नुपर्नेमा सो सम्बन्धी कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

११.४ **बढी भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न विद्यालयहरूलाई निःशुल्क पाठ्यपुस्तक अनुदानका लागि गो भौ नं १८२ मिति २०८१।१२।१९ र गो भौ नं ३७६ मिति २०८१।३।१९बाट रू ४४३१२५२।७१ भुक्तानी गरेको छ। नमूना परीक्षणका क्रममा देहायका विद्यालयले निःशुल्क पाठ्यपुस्तक वितरण गर्दा सत्यापन नगरी EMIS अनुसार विद्यार्थी सङ्ख्याको आधारमा पाठ्यपुस्तकको रकम निकासा गरेकोमा वितरण गर्दा अन्यथा उल्लेख गरी रू ३४१०५ बढी भुक्तानी तथा निकासा गरेको देखिन्छ।यसर्थ, बढी भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रू

| श्री कर्मेश्वर माध्यमिक विद्यालय भजनी ५ | | | |
|---|---|---|---|
| ४ | ३ | ५९७ | १७९१ |
| ६ | ५ | ७०७ | ३५३५ |
| ८ | ५ | ८८२ | ४४१० |
| ११ | ५३ | २६९१ | १४२५७ |
| १२ | ३२ | ३१६ | १०११२ |
| जम्मा | | | ३४१०५ |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२१,१०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,१०५ |

११.५ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन सक्ने नदेखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारीरुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

११.६ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।नमूना परीक्षणका क्रममा पालिकाले उपलब्ध गराएको विवरण अनुसार तपसिलका विभिन्न तहका ३९ वटा सामुदायिक विद्यालय मध्ये ३४ विद्यालयमा (स्थायी, राहत, संघीय अनुदान, पालिका स्रोत अनुदान समेत) १७५ शिक्षक दरवन्दी रहेकोमा १७२ जानको पदपूर्ति रहेको र शिक्षकण सहयोग अनुदान र प्राविधक धार तर्फ गरी ३१ जना शिक्षक कार्यरत रहेको देखिन्छ।साथै एकमुष्ट अनुदान शिक्षक ८ जन रहेको र ७६ जना शिक्षक पालिकाको आन्तरिक स्रोतमा नियुक्ति गरेको देखिन्छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिकाका स्थित ३४ सामुदायिक विद्यालयमा बाल विकास केन्द्र बाहेक ६७३२ जना विद्यार्थी अध्ययनरत रहेका छन।नियमानुसार पालिकाले न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउन र शैक्षिक गुणस्तर सुधार हुने गरी शिक्षक विद्यार्थी अनुपात समेत मिल्ने गरी शिक्षक व्यवस्थापनमा जोड दिनुपर्दछ।साथै विलालय निरीक्षक र सम्बद्व पक्षको सहभागिताबाट विद्यालयको निरन्तर अनुगमन गरी सुधारका लागि प्रतिवेदन गर्ने र प्रतिवेदन अनुसारको योजना निर्माण गरी कार्यान्वियन गर्न समेत ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ११.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १२ कृषि तथा पशु तर्फ

१२.१ **मत्स्य पालन अनुदान** – प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ को १०.२.९ मा माछा पालन प्रवर्द्धन कार्यक्रमका लागि सञ्चालन गर्न सकिने क्रियकलापमा उल्लेख छ। साथै बुँदा नं ९ मा उक्त क्रियकलापका लागि पूर्वाधार निर्माण गर्न प्रदान गरिने सुविधाको सीमा निर्धारण गरेको छ।पालिकाले माछा पालनका लागि खर्च गर्नुपर्ने क्रियाकलाप यकिन नगरी मत्स्य पालनमा अनुदान दिने निर्णय गरी तपसिल बमोजिमका फर्म/केन्द्रलाई रू ९१२००।०० का दरले रू ४५६०००।०० नगद वितरण गरेको देखियो। कार्यविधिले निर्धारण गरे अनुसार क्रियाकलाप निर्धारण नगरी नगद अनुदान स्वरूप वितरण गरेको नियमित गर्नुपर्ने रू

| क्र.सं. | मिति | गो.भौ. नं. | विवरण | खर्च |
|---|---|---|---|---|
| १ | ०३/ १७/ २०८२ | ३२५ | फूलमुन मल्टिप्रपोज एग्रीकल्चर प्रा.लि.लाई माछा प्रवद्धनकार्यक्रमको रकम नगद अनुदान गएको । | ९१२०० |
| २ | ०३/ १७/ २०८२ | ३२६ | पवित्रा एकिकृत पशुपन्छी तथा माछा पालन भजनी ४ लाई माछा प्रबद्धनकार्यक्रमको रकम नगद अनुदान गएको । | ९१२०० |
| ३ | ०३/ १७/ २०८२ | ३२७ | मल्ल माछा पालन फर्म भजनी १ लाई माछा प्रबद्धन कार्यक्रमको रकम नगदअनुदान गएको । | ९१२०० |
| ४ | ०३/ १७/ २०८२ | ३२८ | सुरेन्द्र मत्स्य पालन केन्द्र भजनी ९ लाई माछा प्रबद्धनकार्यक्रमको रकम नगद अनुदान गएको । | ९१२०० |
| ५ | ०३/ १७/ २०८२ | ३२९ | सुम्पति एकिकृत पशुपन्छी तथा माछा पालन फर्म भजनी ८ लाई माछा प्रबद्धनकार्यक्रमको रकम नगद अनुदान गएको । | ९१२०० |
| | | | जम्मा | ४५६००० |

| | |
|---|---|
| अनियमित भएको | ४,५६,००० |

१२.२ **किसान सूचीकरण-** किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को दफा ७ मा किसान सूचीकरणको अभिलेख प्रमाणिकरण सम्बन्धित स्थानीय तहको वडा समिति मार्फत हुने व्यवस्था छ। विभिन्न मितिमा (जस्तै गो भौ नं २०६ मिति २०८२।१।९, गो भौ नं ३९४ मिति २०८२।३।२१) बाट रू ३०००००।०० खर्च भएको देखिन्छ।उल्लेखित खर्च गरी सञ्चालित कार्यक्रम अनुसार पालिकाबाट सूचीकरण गरिएका किसानको वडा समितिबाट अभिलेख प्रमाणिकरण भएको देखिएन। साथै कुन आ व मा कति किसान सूचीकरण भए भन्ने स्पष्ट अभिलेख भिडेन। तसर्थ पालिकाबाट सूचीकृत किसानको वडा समितबाट अभिलेख प्रमाणिकरण गर्नुपर्छ।साथै प्रत्येक आ व अनुसारको सूचीकृत किसानको विवरण स्पष्ट देखिने गरी अभिलेख राख्नुपर्छ।

१२.३ **अनुदानको सार्वजनिकीकरण -** स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१ को बुँदा नं १७ मा लाभग्राहीको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ।साथै बुँदा नं १९(२) मा विगतमा अनुदान प्राप्त नगरेकालाई प्राथमिकता दिनुपर्ने उल्लेख छ। पालिकाले उत्पादनमा आधारित अनुदान कार्यक्रमको लाभग्राहीको विवरण सार्वजनिक गरेको तथा विगतमा अनुदान प्राप्त नगरेककालाई प्राथमिकता दिए नदिएको एनिन हुने विवरण संलग्न गरेको देखिएन। तसर्थ पालिकाले कार्यविधिको प्रभावकारी पालनामा जोड दिनु पर्दछ।

१२.४ **अनुगमन भत्ता -** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ को बुँदा नं. ७(८) तालिम भ्रमण गोष्ठी अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढीमा ५ प्रतिशत मात्र खर्च गर्न सकिने उल्लेख छ।मत्स्य पालन प्रवर्द्धन कार्यक्रमको लागि रू. ५०००००।०० विनियोजन भएकोमा पालिकाले गो भौ.नं. २९९ मिति २०८२।३।१२ बाट अनुगमनका लागि रू.४४०००।०० खर्च लेखेको छ। पालिकाले निर्धारित प्रतिशत भन्दा रू.14250।०० बढी खर्च गरेको छ। बढी खर्च गरेको सम्बन्धित बाट असुल गर्नुपर्ने रू.

| क्र.सं. | कर्मचारीको नाम | पद | असुल गर्नुपर्ने रू. |
|---|---|---|---|
| १ | हरिलाल जैशी | अधिकृत छैटौं | ४७५० |
| 2 | त्रिलोक नाथ चौधरी | सहायक स्तर चौथो | ४७५० |
| 3 | ईन्द्र बि.क. | नायब पशु सेवा प्राविधक | ४७५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२५० |

१२.५ **हाजिरी तथा फोटो -** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (संशोधनसहित),२०७५ को बुँदा नं २७ मा रोजगारीको दिनका आधरामा मासिक रूपमा पारिश्रमिक भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले तालिम तथा योजना रू ४७४९४८०।०० खर्च लेखेको छ। उक्त रकम भुक्तानी गर्दा सक्कल हस्ताक्षर गरेको हाजिरी विवरण संलग्न गर्नुपर्नेमा “हा” अक्षरले उल्लेख गरेको छ। वास्तविक हस्ताक्षर र योजना लागु हुनु पूर्व, योजना कार्यान्वियनको चरण र कार्य सम्पन्न पश्चातको अवस्था खुल्ने पर्याप्त फोटो संलग्न गरेको देखिदैन।पालिकाले योजना कार्यान्वियनको पूर्व चरण, कार्यान्वियन चरण र सम्पन्न पश्चातको फोटोहरू र सक्कल हस्ताक्षर गरेको हाजिरी संलग्न गरी भुक्तानी दिने व्यवस्था मिलाउनुपर्दछ।

१२.६ **भैंसी खरिदमा अनुदान** – प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ को १०.२.८ मा भैंसी प्रवर्द्धन कार्यक्रमका लागि सञ्चालन गर्न सकिने क्रियकलापमा उल्लेख छ। साथै बुँदा नं ९ मा उक्त क्रियककलापका लागि पूर्वाधार निर्माण गर्न प्रदान गरिने सुविधाको सीमा निर्धारण गरेको छ।पालिकाले गोठ निर्माण तथा सुधार गर्न त्यसको पूर्वाधारमा खर्च गर्नुपर्नेमा उक्त शीर्षक राखेर निर्धारित क्रियाकलाप भन्दा फरक भैंसी खरिद गर्न नगद वितरण गरेको देखियो।साथै उक्त भैंसी अनुबांशिकी स्रोत केन्द्रबाट खरिद गरेको पुष्टि हुने कागजात समेत संलग्न रहेको देखिएन। गो भौ नं ३२४ मिति २०८२।३।१७ बाट भैंसी खरिदका लागि कृषक समुहलाई प्रति व्यक्ति रू ३००००।०० का दरले ५० जनालाई रू १५०००००।०० भुक्तानी गरेको छ। कार्यविधिले निर्धारण गरेको क्रियाकलाप भन्दा फरक शीर्षकमा खर्च गरेको नियमित गर्नुपर्ने रू

| क्र.सं. | कृषक समुह | दर | संख्या | खर्चरू |
|---|---|---|---|---|
| १ | महुन्याल गाई भैंसी पालन समुह | ३०००० | १० | ३००००० |
| २ | सिर्जनशील गाई भैंसी पालन समुह | ३०००० | १० | ३००००० |
| ३ | कालिका गाई भैंसी पालन समुह | ३०००० | १० | ३००००० |
| ४ | प्रगतिशील गाई भैंसी पान समुह | ३०००० | १० | ३००००० |
| ५ | पारिजात गाई भैंसी पालन समुह | ३०००० | १० | ३००००० |
| | | | जम्मा | १५००००० |

| | |
|---|---|
| अनियमित भएको | १५,००,००० |

१३ **लघु उद्यम कार्यक्रम तर्फ**

१३.१ **PAMS मा दाखिला नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७८ अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तिको लेखाङ्कन प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ प्रदेशका सवै कार्यालयहरू एवम् सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आर्थिक वर्ष २०७७।७८ देखि अनिवार्य रूपमा लागु गर्नुपर्ने निर्णय छ।पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनका लागि गो भौ नं १८४ मिति २०८१।१२।२२ मा सुवर्णदेवी मल्टिपर्पोज एडभर्टाइजिङ एण्ड सप्लायर्सबाट ८ वटा दुना टपरी बनाउने डाई खरिद गरी रू १६४१८९।०० भुक्तानी गरेको गरको छ। पालिकाले खरिद गरेका दुनाटपरी डाई PAMS मा प्रविष्टि गरेको प्रमाण संलग्न देखिएन।तसर्थ खरिद गरिएका उक्त सामान प्रणालीमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६४,१८९ |

१३.२ **लघु उद्यम कार्यक्रम संचालन -** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ । कार्यालयले आ.व. २०८१/८२ मा सामाजिक परिचालन, प्राविधिक सीप विकास (फाइवरको झोला बनाउने तालिम) र उद्यम विकास तालिम ३५ जनालाई प्रदान गरी ब उ शी नं ८०७७७४०५५०१, गो भौ नं २५० मिति २०८२।२।२३ बाट फाइबर झोला बनाउने तालिमका लागि रू १३१४९०।०० तथा गो भौ नं २३९ मिति २०८१।२।१९ बाट सिलाई मेसिन खरिदका लागि रु. १५००००।०० खर्च गरेको पाईयो । साथै ब उ शी नं ८०७७७४०५५०१, गो भौ नं २२७ मिति २०८२।२।१ बाट मोटरसाइकल वासिङमेसिन खरिदका लागि रू १४००००।०० खर्च गरेको छ। साथै स्तरोन्नती तालिमका (एडभन्स दुना टपरी बनाउने तालिम )का लागि गो भौ नं २११ मिति २०८२।१।१६ बाट रू ३५८११ साथै दुना टपरी डाइका वितरणका लागि गो भौ नं १८४ मिति २०८१।१२।२२ बाट रू १६४१८९।०० खर्च सहित जम्मा रू ६२१४९०।०० खर्च लेखेको छ। यसरी प्रदान गरिएका उद्यमशीलता तालिम तथा हस्तान्तरित प्रविधिको पहुँच पश्चात के कति व्यक्तिहरु लघु उद्यमी भई निजहरुको जीवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको सम्बन्धमा पालिकाले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य नगरेकोले यस तर्फ ध्यान दिनुपर्दछ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को अनुसूची-३ मा कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँट अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास(मेड) मोडेल अनुरुपका क्रियाकलापहरुमा वर्गीकरण गरी कुल प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम सञ्चालन गर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष लघु उद्यम कार्यक्रम संचालनार्थ कुल रु. ६२१४९०।०० खर्च भएको पालिकाले प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र आंशिकरुपमा मात्र रही कार्यक्रम सञ्चालन गरेको पाईयो । अतः कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार गर्न ध्यान दिनुपर्दछ ।

## १४ PAMS मा दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७८ अनुसार सवै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तिको लेखाकंन प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ प्रदेशका सवै कार्यालयहरू एवं सवै स्थानिय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आर्थिक वर्ष २०७७।७८ देखि अनिवार्य रूपमा लागु गर्नुपर्ने व्यवस्था छ।पालिकाले गो.भौ.नं.१३१-२०८१।६।१४ मा सेती ट्रेनिङ्स एण्ड रिसर्च सेन्टरबाट देहायका सामग्रीहरू खरिद गरी उक्त प्रणालीमा प्रविष्टि गरेको छैन। सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्न खरिद भएका सबै जिन्सी सामग्रीहरू अनिवार्य रूपमा PAMS मा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | सामग्रीको विवरण | थान | दर | जम्मा ? (मूअकर सहित) |
|---|---|---|---|---|
| १ | डेक्सटप कम्प्युटर I5 12th Gen 8/512 GB SSD | ५ | ६०००० | ३३९००० |
| २ | ल्यापटप डेल i5, 12th gen 8/512 GB | ७ | ६०००० | ४०६८०० |
| ३ | क्यानन् कलर प्रिन्टर | ८ | २३००० | २०७९२० |
| ४ | प्रिन्टर स्क्यान | ५ | २५००० | १४१२५० |
| ५ | सोलार ब्याट्री १५० AH z ड्युराटेक्स | ४ | २६००० | ११७५२० |
| ६ | ईन्भर्टर २००० VA जेनस | ४ | १८००० | ८१३६० |
| जम्मा | | | | १२९३८५० |

| प्रमाण पेश नगरेको | १२,९३,८५० |
|---|---|

## १५ सूचना प्रशारणमा नियमको पालना

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। पालिकाबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको

विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। नमुना परीक्षण अनुसार पालिकाबाट विज्ञापन तथा सूचना प्रशारण बापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

| गो.भौ.नं. मिति | नाम | कर लाग्ने रकम | ३ प्रतिशत हुनेरकम |
|---|---|---|---|
| २०८१ | | | |
| १७३-६।१६ | आर्जन इन्टरटेन्मन्टएण्ड एजेन्सी | १८३७०१ | ५५११ |
| ३९९-७।२६ | आर्जन इन्टरटेन्मन्टएण्ड एजेन्सी | १८३७०१ | ५५११ |
| २३-१०।१५ (पूंजिगत) | सनमुन मिडया प्रा.लि. | ६८२५० | २०४८ |
| ६०-११।२७(पूंजिगत) | जोइन मिडिया प्रालि | ९९७५० | २९९३ |
| ५-७।६(पूंजिगत) | सनमुन मिडया प्रा.लि. | १५२२५० | ४५६८ |
| ४-७।६ (पूंजिगत) | आर्जन इन्टरटेन्मन्टएण्ड एजेन्सी | १०५००० | ३१५० |
| २०८२ | | | |
| १९१२-३।९ | समाधान न्युज दैनिक | ६५००० | १९५० |
| १६६१-२।१३ | समाधान न्युज दैनिक | ७७९२८ | २३३८ |
| १९९३-१।३० | जोइन मिडिया प्रालि | १८३७५० | ५५१३ |
| १५८६-१।२८ | जोइन मिडिया प्रालि | ४७२५० | १४१८ |
| जम्मा | | | ३४९९७ |

| प्रमाण पेश नगरेको | ३४,९९७ |
|---|---|

१६ **विद्युतमा जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गर्नुपर्नेमा ढिलो गरि भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले ढिलो गरि विद्युत महशुलमा जरिवाना रू.४२७५७ भुक्तानी गरेको छ ।यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| अनियमित भएको | ४२,७५७ |
|---|---|

१७ **सवारी साधन भाडा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सान वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। यस पालिकाले वर्षभरिमा सवारी साधन भाडा वापत रू.५५६५०० खर्च गरेको छ। कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको, एक जना व्यक्ति मात्र कार्यालयको काममा जानु पर्ने अवस्थामा पनि गाडि भाडामा लिई प्रयोग गर्ने गरिएको पाईयो। पालिकाबाट हुने प्रायजसो कार्यक्रम, तालिम, गोष्ठी आदिको लागि भाडामा लिने परिपाटि देखिएकोले पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययि हुनुपर्ने र रकम भुक्तानी प्रश्चात रकमको उपयोग सम्बन्धमा प्रतिवेदन पेश हुनुपर्दछ।

१८ **घर भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) रीत पुगे वा नपुगेको जाँच भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले कार्यालय प्रयोजनका लागि घर भडामा लिई रू.७४६००० भुक्तानी भएको देखियो। यस पालिकाले आफ्नो कार्यालयको भवनहरु पर्याप्त भए नभएको सम्बन्धमा यकिन हुन सकेन। अत्यावश्यक कार्यमा मात्र खर्च गरी स्रोतको उपयोग गर्नुपर्दछ।

१९ **पदाधिकारीलाई भ्रमण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १२ मा वडा समितिको काम,कर्तव्य र अधिकारको निर्धारण गरेको छ। भ्रमण खर्च नियमावली,२०६४ को नियम ४(१)मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने तथा नियम ४(२)भ्रमण गर्दा राजपत्राङ्कित कर्मचारी वा सो भन्दा माथिल्लो दर्जाको पदाधिकारी वा कर्मचारी भए हवाई यातायात सञ्चालन नभएको ठाउँमा भ्रमण गर्दा वा अन्य कर्मचारीले भ्रमण गर्दा यातायातका अन्य साधन प्रयोग गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाका वडाका र कार्यपालिकाका जनप्रतिनिधिहरू भ्रमणमा जाँदा भ्रमणको उद्देश्यमा आफ्नो काम, कर्तव्य र अधिकारमा उल्लेख नै नभएको संघीय विभिन्न मन्त्रालयमा योजना माग गर्न र कार्यालयको विशेष कामले संघीय मन्त्रालय र काठमाडौँ गएको भ्रमण उद्देश्य देखाई रू. २१२६०० हवाई भाडामा खर्च लेखेको छ। सार्वजनिक सवारी साधनको सहज उलब्धता हुँदाहुँदै पनि भ्रमणलाई किफायती र मितव्ययी बनाउनुपर्दछ।

| गो.भौ.नं./ मिति | पदाधिकारीकोनाम | शिर्षक | हवाइभाडा रू. |
|---|---|---|---|
| १९-२०८१।५।२४ | का.पा.सदस्य गणेश कुमार विक | भ्रमण खर्च | १४५०० |
| १८९-२०८१।६।१६ | वडा सदस्य राणेन्द्र प्रसाद खनाल | भ्रमण खर्च | १३२०० |
| | वडा सदस्य खडक बहादुर राजी | भ्रमण खर्च | ६६०० |
| ३३१-२०८१।६।२२ | वडा अध्यक्ष राम सागर चौधरी | भ्रमण खर्च | १९४०० |
| ६६६-२०८१।९।१४ | वडा अध्यक्ष अम्बर बहादुर कठरीया | भ्रमण खर्च | १६९०० |
| ८३०।२०८१।९।६ | वडा सदस्यशोभा चौधरी | भ्रमण खर्च | १६९०० |
| ८३०।२०८१।९।६ | जल देवी साउँद | भ्रमण खर्च | १६९०० |
| १११९।२०८१।११।२७ | वडा अध्यक्ष राम सागर चौधरी | भ्रमण खर्च | १६९०० |
| १११९।२०८१।११।२७ | वडा सदस्यश्यामलाल चौधरी | भ्रमण खर्च | १६९०० |
| १११९।२०८१।११।२७ | वडा सदस्य टिकारा डंगौरा | भ्रमण खर्च | १६९०० |
| १२५३।२०८१।१२।१९ | वडा अध्यक्ष धर्मेन्द्र श्रेष्ठ | भ्रमण खर्च | १६९०० |
| १९२२-२०८२।३।१० | वडा अध्यक्ष राम सागर चौधरी | भ्रमण खर्च | १३४०० |
| | वडा अध्यक्ष राम सागर चौधरी | भ्रमण खर्च | १२६०० |
| १७८६-२०८२।३।१ | का.पा.सदस्य रूपन प्रसाद लोनिया | भ्रमण खर्च | १४६०० |
| जम्मा | | | २१२६०० |

२० **जनप्रतिनिधिलाई पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। सोही नियमावलीको परिच्छेद ५ मा पेश्की लिने र फछ्र्यौट गर्ने कार्यविधि उल्लेख छ, जनप्रतिनिधिलाई पेश्की उपलब्ध गराउने कुरा उल्लेख गरिएको छैन। यस्तै पालिकाको पदाधिकारी तथा सदस्यहरुलाई सुदूरपश्चिम प्रदेशको लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी

ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१(क) बमोजिम बाहेकको सुविधा उपलब्ध नगराइने कुरा उल्लेख छ। पालिकाले यस आर्थि वर्षमा विभिन्न जनप्रतिनिधिलाई विभिन्न प्रयोजन देखाइ तलब पेश्कीको रुपमा उपलब्ध गराएको पाइयो। यसरी ऐन नियम तथा कार्यविधि विपरित पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## २१ वितरणमुखी/अनुत्पादक खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिम कार्यक्रम राखि कार्यक्रम सञ्चालन गरेको देखियो । यसरी आवश्यकता, प्रभावकारीता र उपलब्धि जस्ता विषय अनुमान नगरी सोझै सामाग्री खरिद गरि वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ६१८-२०८१। ८।२१ | एकल महिलाहरूलाई ३० थान ठुलो कम्बल वितरण | ९८९८८ |
| २ | २०८३-२०८२। ३।२२ | संस्कृति संरक्षण शीर्षकबाट मादल र मंजिरा वितरण | ८०००० |
| ३ | १९२९-२०८२। ३।१० | आयआर्जनका लागि ७ वटा पाठाहरू बाखाका पाठाहरू वितरण | ५९५०० |
| ४ | १९०१-२०८२। ३।८ | द्वन्द्ध पिडित परिवारका लागी आयआर्जनका लागि ८ थान बाखा वितरण | ७०५२५ |
| ५ | १४८४-२०८२। १।१५ | राजावन्दी परिवारहरूलाई बाखा वितरण कार्यक्रम३ जनालाइ ३ बाखाका दरले ९ थान बाखा वितरण | ६०००० |
| ६ | २०५७-२०८२। ३।२० | कुमाल टोलमा आयआर्जनका लागि बंगुरपालनका लागि १८ बंगुरका पाठाहरू वितरण | ९९००० |
| ७ | २०९९-२०८२। ३।२३ | मेयरसँग राजाबन्दी तथा द्वन्द्ध पिडित परिवारलाई आयआर्जन कार्याक्रममा ८ जनालाई रू.५५००० का दरले वितरण | ४४०००० |

## २२ फरक शीर्षक पारी खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नु र एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले निम्नानुसार फरक शिर्षकवाट खर्च गरेको देखिएकोले उक्त रकम नियम सम्मत नदेखिएको रू.

| गो.भा.नं./मिति | विवरण | रकम |
|---|---|---|
| ४२३-२०८१।८।३ | ईन्धन (अन्य प्रयोजन) बाट मसलन्द तथा कार्यालय सामाग्री खरिद | २८२५० |
| ४४४-२०८१।८।५ | विविध खर्चबाट इन्धन खर्च | १४६६० |
| ६२७-२०८१।६।२३ | अन्य सामाजिक सुरक्षाखर्चबाट भ्रमण खर्च | १२००० |
| २१७५-२०८२।३।२४ | अन्य सामाजिक सुरक्षाखर्चबाट भ्रमण खर्च | २३७०० |
| २१२८-२०८२।३।२३ | विविधखर्चबाट पदाधिकारी बैठक भत्ता खर्च | ५३००० |
| २०३२-२०८२।३।१९ | सभा सञ्चालन खर्चबाट मसलन्द तथा कार्यालय सामाग्री खर्च | १२९९७३ |
| जम्मा | | २६१५८३ |

| अनियमित भएको | २,६१,५८३ |
|---|---|

## २३ कार्यालय बाहिरको व्यक्तिलाई भुक्तानी

( ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२१,६००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१६,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२४ **बैठकमा उपस्थित भएको समयावधिको दैनिक भ्रमण भत्ता (पदाधिकारी)**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा नियमावली बमोजिम पाउने सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुठ्ठा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम असुल उपर गरी निजलाई कारबाही समेत गरिने व्यवस्था छ। देहायका पदाधिकारिहरु कार्यापालिकाको बैठकमा उपस्थित भएको मितिमा जिल्ला बाहिर तथा जिल्ला सदरमुकाममा समेत रहेको भ्रमण आदेश स्वीकृत गरी/गराई भ्रमण बिल पेश गरी निम्नानुसारको भुक्तानी लिएको देखिन्छ। यसरी नियम बिपरित सुविधा पाउने प्रयोजनको लागि भ्रमण आदेश स्वीकृत गरी/गराई भुक्तानी लिएको रकम नियमानुसार एकिन गरी असुल गर्नुपर्ने रु.

| क्र.सं. | गो.भौ.नं./ मिति | पदाधिकारीको नाम | भ्रमणअवधि/ भ्रमण गर्ने स्थान | बैठक मिति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ११५५-२०८२।३।१५ | कार्यपालिका सदस्य गणेश कुमार विक | २०८१।५।१६-५।२२, काठमाडौं | २०८१।५।१७ | १५९०० | कार्यपालिकाबैठकमा सहभागि |
| २ | १७३५-२०८२।२।२६ | कार्यपालिका सदस्य गणेश कुमार विक | २०८१।६।१२-६।१८, काठमाडौं | २०८१।६।१५ | १४९०० | कार्यपालिकाबैठकमा सहभागि |
| जम्मा | | | | | ३०८०० | |

| असुल गर्नुपर्ने | ३०,८०० |
|---|---|

२५ **पदाधिकारी को वैदेशिक भ्रमण**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।६।५ को निर्णयले स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्वन्धी निर्देशिका २०७५ जारी गरेको छ । उक्त निर्देशिकाको निर्दशिका नं. ४(क) मा पदाधिकारीको विदेश भ्रमण गर्दा जिल्ला समन्वय समितिका प्रमुख र महानगरपालिकाका प्रमुखको हकमा नेपाल सरकार र निर्देशिका नं. ४(ख)मा खण्ड (क) मा उल्लेख भएका बाहेक अन्य पदाधिकारीको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले विदेश भ्रमणको मनोनयन गर्ने अधिकार रहेको छ । सोही निर्देशिकाको निर्देशिका नं. ५(१)मा कुनै विदेशी मुलुक वा सरकार र त्यसको कुनै निकाय, अन्तर्राष्ट्रिय सङ्गठन, दातृ निकाय, विकास साझेदार र स्थानीय तहले सम्बन्ध स्थापित गरेको भगिनी शहर वा विदेश स्थित गैर आवासीय नेपालीहरुको संस्थावाट प्राप्त निमन्त्रणलाई मात्र मन्त्रालयले कारवाही गर्नेछ। यस्ता संस्थाहरुबाट पदाधिकारीहरुलाई आमन्त्रण गर्दा अर्थ मन्त्रालय वा परराष्ट्र मन्त्रालय वा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत मात्र गर्नु पर्ने व्यवस्था र ५(२)मा आयोजकले आंशिक खर्च व्यहोर्ने गरी आमन्त्रण गरेको र बाँकी खर्च स्थानीय तहले व्यहोर्नु पर्नेभएमा सो वापतको रकम सम्बन्धित स्थानीय तहको चालू आ.व.को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमको सम्बन्धित शीर्षकमा रकम विनियोजन भएको हुनुपर्ने व्यवस्था समेत रहेको छ । पालिकाले यस आर्थिक वर्षमा भ्रमण खर्च शीर्षकबाट गो.भौ.नं. ७९० र ७९१ बाट पालिकाका प्रमुख र उपप्रमुख भारत भ्रमण गएका टिकट बिल भरपाई समेत पेश गरी भ्रमण खर्च वापत रु.११६७०६।- भुक्तानी दिएको छ । निर्देशिका बमोजिम पालिकाका पदाधिकारीले विदेश भ्रमण गर्दा मनोनयन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले गर्नुपर्नेमा मनोनयन गरेको कागज प्रमाण देखिदैंन। पालिकालाई आर्थिक भार पर्ने गरी आफूखुशी विदेश भ्रमण गर्दा एकातिर भ्रमणको उपयोगिता, आवश्यकता, स्थानीय तहको सामाजिक, सांस्कृतिक, विकास, सेवा प्रवाह तथा अन्य विविध क्षेत्रमा सकरात्मक प्रभाव पर्ने तथा स्थानीय तहबाट

सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको प्रभावकारीता अभिवृद्धि गर्न सहयोग पुग्ने सम्बन्धमा यकिन हुन सकिदैन भने अर्को तर्फ निर्देशिका विपरित भ्रमण गर्दा अवसरको समन्यायिक वितरणमा सहयोग समेत पुग्ने देखिदैंन । अत: निर्देशिका विपरित विदेश भ्रमणमा गई भ्रमण आदेश समेत पालिकाबाटै स्वीकृत गरी पालिकाबाट दैनिक भ्रमण खर्च वापत भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| गौभोन/मिति | भ्रमण गर्ने पदाधिकारीको नाम | भ्रमण गएको देश | रकम |
|---|---|---|---|
| ७९१।२०८१।९।२७ | केवल चौधरी | भारत | ५८३५३।०० |
| ७९०।२०८१।९।२७ | राजु तिरुवा | भारत | ५८३५३।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१६,७०६ |

२६ **सामग्री खरिद**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन, २०७५ मा राजनीतिक पदाधिकारीहरुका लागि निजी प्रयोगमा आउने मोबाइल, ल्यापटप डिभाईस लगायतका अन्य बिद्युतिय उपकरणहरु खरिद गर्न पाउने ब्यबस्था छैन। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले राजनीतिक पदाधिकारीका लागि ब्यक्तिगत प्रयोजनका लागि निम्नानुसारका १-१ थान मोबाइल र ल्यापटप खरिद गरिएको पाईयो। ब्यक्तिगत प्रयोजनमा प्रयोग हुने अत्यधिक मुल्य पर्ने बिद्युतिय सामाग्रीहरु खरिद गरी बितरण गर्नु नियमसम्मत साथै औचित्यपूर्ण समेत देखिएन। पालिकाले यसरी भएको ब्यक्तिगत प्रयोजनको खर्चमा पूर्ण रुपमा नियन्त्रण गरी नियमित गर्नुपर्ने रू.

| सि.नं. | गो.भौ./ मिति | भुक्तानी पाउने फर्मको नाम | खरिद गरिएको मालसामानको बिवरण | प्रयोगकर्ता | भुक्तानी दर (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|
| १ | ६१३-२०८१।८।१३ | जय श्री महालक्ष्मी मोबाइल ग्यालरी | Oppo Reno 12 5G Mobile | नगर उपप्रमुख | ६६००० |
| २ | ६१४-२०८१।८।२९ | न्यु स्काई कम्प्युटर्स | डेल ल्यापटप 13$^{th}$ Gen 16/256 GB | नगर प्रमुखको सचिवालय | १५५००० |
| जम्मा | | | | | २२१००० |

| | |
|---|---|
| अनियमित भएको | २,२१,००० |

२७ **दिवसीय कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सरकारी खर्चमा मितव्ययिता मापदण्ड,२०७८ अनुसार सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष मेला व्यवस्थापन गरेको जनाइ दहायबमोजिम खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

| गो.भौ र मिति | मेलाकोनाम | रकम |
|---|---|---|
| २२०१-२०८२।३।२४ | धार्मिक संस्कृतिक कार्यक्रम | ५०००० |
| १७३४-२०८२।२।२६ | जातिय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस कार्याक्रम | ४०४८० |

२८ **बरबुझारथ**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ (१) मा कुनै कर्मचारी सरुवा, बढुवा वा अवकाश वा अध्ययन बिदा वा असाधारण बिदा जस्ता लामो बिदामा बस्दा वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान, वित्तीय कारोबारको स्रेस्ता तथा सार्वजनिक खरिदसँग सम्बन्धित कागजात र अन्य सरकारी कागजात, बेरूजु लगत तथा विद्युतीय प्रणाली सञ्चालनसँग सम्बन्धित पासवर्ड वा सोर्सकोड, लाइसेन्स र अन्य सड्केत जस्ता सरकारी सम्पत्ति वा स्रेस्ता हालवालालाई वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नुपर्ने र सोही नियमावलीको नियम १०४(१) मा नियम १०३ बमोजिम बरबुझारथ गरिसकेपछि बरबुझारथ गर्ने कर्मचारीलाई साबिक कार्याबाट अनुसूची-१८ बमोजिम ढाँचामा बरबुझारथको प्रमाणपत्र दिनुपर्ने व्यवस्था छ। साथै नियम को उपनियम २ मा बरबुझारथ गर्ने कर्मचारीले

उपनियम १ बमोजिम प्रमाणपत्र पेश नगरी निजलाई हालको कार्यालयमा हाजिर हुन जान रमाना दिनु नहुने र हाजिर गराउने कार्यालयले पनि बरबुझारथको प्रमाण नलिई हाजिर हुन आउने कर्मचारीलाई हाजिर गराउनु नहुने उल्लेख छ। पालिकाले गो.भौ.नं.२९७-२०८१।६।२१ बाट कार्यालय प्रमुखका लागि One Plus Nord CE 3 मोबाइल खरिद गरेको देखियो। पालिकाबाट प्राप्त विवरण अनुसार उक्त मोबाइल कार्यालय प्रमुख सरूवा भई जाँदासम्म पनि बरबुझारथ गरेको देखिएन। अतः पालिकाले मोबाइल बरबुझारथ गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४१,८१० |

२९ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले यो वर्ष सफ्टवेयर खरिद गरी देहायबमोजिम रू.४०६८००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै लागत अनुमान पनि नबनाएर खरिद गरेकोले नियम सम्मत देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| क स | सफ्टवेयरको नाम | आपुर्तिकर्ता | भुक्तानी रकम | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | Complaint Management Information System | Technolink Computer System Pvt. Ltd. | ४०६८०० | संचानमा नरहेको | लागत अनुमान नभएको |

३० **क्याम्पसलाई अनुदान**

नेपालको संविधानको धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहित रहने उल्लेख छ। यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजम हुने उल्लेख छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संविधानको अनुसूची-८ बमोजिम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ। उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यवस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । पालिकाले कार्यपालिकाबाट निर्णयगरि महुन्याल बहुमुखी क्याम्सलाई रू.१३५०००० अनुदान दिएको देखियो। उक्त कार्य पालिकाको कार्य क्षेत्र भित्र पर्ने नदेखिएकोले नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | १३,५०,००० |

३१ **अनुगमन मूल्याङ्कन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा पालिकाले कुनै कार्याविधि नबनाइ अनुगमन, मुल्याङ्कन खर्च शिर्षकमा रू.९६७३०६ खर्च गरेको देखियो। अनुगमनमा जाँदा अनुगमनको फोटोहरू प्रतिवेदनको साथ संलग्न नभएकोले वास्तविक अनुगमन भएनभएको सम्बन्धमा यकिन हुन सकिएन। जसबाट अनुगमन मुल्याङ्कनमा भएको खर्च वास्तविक हो र भत्ता प्राप्त गर्ने प्रयोजनले मात्र खर्च नभएको भनी विश्वस्त हुने आधार देखिएन। भत्ता लिने प्रयोजनले मात्र वर्षभरि अनुगमन गरी खर्च भुक्तानी गरेको देखिन्छ। अतः पालिकाले कार्यविधि बनाइ निश्चित संख्यामा मात्र भत्ता पाउन सक्ने व्यवस्था गर्नुपर्दछ। साथै पालिकाले अनुगमन मूल्याङ्कन शीर्षकमा खर्च गरको रकमको वास्तवित खर्च पुष्ट्याई गर्ने आधार संलग्नगरी खर्च सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

३२ **टुक्रा पारी परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले कान्द्रा नदि र पथरैया नदिमा

नदिजन्य पदार्थ सङ्कलन तथा उत्खन्न कार्यको प्रारम्भिक वातावरण अध्ययन गर्न छुटाछुटै दुई परामर्शदाताबाट ३ वटा कोटेशन नलिई सोझै खरिद गरेको देखियो। उक्त कार्य प्याकेजिङ गरी गर्नुपर्नेमा नगरेकोले नियमसम्मत नदेखिएको रू.

| प्रयोजन | परामर्शदाता | रकम |
|---|---|---|
| कान्द्रा नदीको IEE अध्ययन | सिएरा ईन्जिनियरिङ कन्सलटेन्ट्स, ललितपुर | ४३५०५० |
| पथरैया नदीको IEE अध्ययन | एस डि सि इन्जिनियरिङ सर्भिसेस् प्रा लि | ४२९४०० |
| जम्मा | | ८६४४५० |

| | |
|---|---|
| अनियमित भएको | ८,६४,४५० |

३३ **सडक नाटक**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले संस्कृतिक कार्याक्रम शिर्षकबाट देहाय बमोजिम विभिन्न विद्यालयहरूमा विद्यालय स्तरमा नैतिक शिक्षा र सचेतनामुलक सडक नाटक वापत आर्जन इन्टरटेनमेन्ट एण्ड एड्भरटाइजिङ प्रा.लि.लाई कार्याक्रमको भुक्तानी गरेको देखियो। पालिकाले सम्झौता गरेर मात्रै विद्यालयहरूमा सडक नाटकको संख्याका आधारमा भुक्तानी दिने व्यवस्था मिलाउनुपर्दछ। साथै यस्तो कार्य सम्झौता गरी प्याकेज बनाएर गर्नुपर्दछ।

| क्र.सं. | गो.भौ.नं. | नाटक सञ्चालन भएको विद्यालय | भुक्तानी भएको रकम |
|---|---|---|---|
| १. | ५४५-२०८१।८।१५ | कल्पवृक्ष इङ्लिस वोर्डिङ स्कुल | ९९६०० |
| २ | ५४६-२०८१।८।१५ | मल्टिपल विद्यामन्दिर स्कुल | ९९६०० |
| ३ | ५४७-२०८१।८।१५ | गणेशमान आधारभुत विद्यालय | ९९६०० |
| ४ | ५४८-२०८१।८।१५ | कार्मेश्वर माध्यमिक विद्यालय | ९९६०० |
| ५ | ५४९-२०८१।८।१५ | राष्ट्रिय माध्यमिक विद्यालय | ९९६०० |

३४ **अनुगमन/मूल्याङ्कन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि संलग्न कागजात अनुसार भुक्तानी दिनि अघि रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं.६०४-२०८१।८।२१ बाट विभिन्न मितिमा सडक नाटकको अनुगमनमा रू.१०००।०० का दरले अनुगमन भत्ता लिएको देखियो। उक्त नाटकको प्रतिवेदन अनुसार नाटक ५ दिन सञ्चालन भएकोमा १४ दिन को भुक्तानी दएको देखियो। बढी भुक्तानी भएको ९ दिनको रू.९९४५०।०० अनुगमन भत्ता देहायका कर्मचारी र पदाधिकारीहरूबाट असुल हुनुपर्ने रू.

| क्र.सं. | अनुगमनकर्ता | बढी भुक्तानी रू.(कर बाहेक) |
|---|---|---|
| १ | नगर प्रमुख केवल चौधरी | ७६५० |
| २ | नगर उपप्रमुख राजु तिरुवा | ७६५० |
| ३ | प्र.प्र.अ निलम कुमार न्यौपाने | ७६५० |
| 4 | धनसिंह कुडमाल | ७६५० |
| जम्मा | | 30600 |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,६०० |

### ३५ खरिदमा प्रतिस्पर्धा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. २०८१-२०८२।३।२२ मा बालबालिका केन्द्र व्यवस्थापन वापत विभिन्न सामग्रीहरू बेस्ट च्वाइस एजुकेसन सर्भिसेस् प्रा.लिबाट खरिद गरेको देखियो। उक्त सामग्रीहरूको लागत अनुमान रू.९९०७५२.९३ रहेकोमा कोटेशन बाट सोझै खरिद गर्दा मात्र ०.१५% घटेर मात्र रू.९८९२८१.६७ मा खरिद भएको देखिन्छ। उक्त खरिद कार्यमा प्रतिशपर्धा भएको देखिँदैन। पालिकाले प्रतिशपर्धा हुनेगरी खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।

### ३६ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित गराई राख्नुपर्ने तथा नियम ३९(१५) (क) देखि (छ) सम्मको गतवर्षको भुक्तानी दिन बाँकी खर्चहरु (तलब, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च समेत) मात्र भुक्तानी दिनसक्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू.१९९९५४०८।०० भुक्तानी दिएको छ। जसमध्ये देहायबमोजिमको जिम्मेवारी सार्न नमिल्ने खर्च रू.४३६९९७६।०० नियमसम्मत नदेखिएको रू.

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ४३,६९,९७६ |

### ३७ ईन्धन खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भजनी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका,२०७९ बमोजिम इन्धन वितरण गरेको पाइयो।जसमा कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख (प्रयोगकर्ता, मिति, कुपन नं., परिणाम, बुझ्नेको नाम र सहीछाप) अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। साथै सोही नि र्देशिकाको बुँदा ४(४) मा नगरपालिकाले नगर प्रहरीको व्यवस्थापन गर्न नसकेको कारण कार्यालय, नगर क्षेत्रको शान्ति सुरक्षको लागि नेपाल प्रहरी, शसत्र प्रहरी लगायतका निकायहरुको सहयोग लिनु पर्ने भएकाले मासिक रूपले चारपांग्रे गाडीलाई डिजल २५ लि.,पेट्रोल १० लि., प्रत्येक प्रहरी चौकी/शसत्र प्रहरी पोष्टलाई १० लि., पेट्रोल र अन्य सहयोगी व्यक्ती, संघ संस्थालाई कार्यालयले १० लि. सम्म ईन्धन दिइने व्यवस्था गरेको देखियो। यसरी पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि समेत वितरण गर्ने गरी इन्धन निर्देशिका बनाइ इन्धनमा

गरिएको खर्च स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म विपरित रहेको देखिन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यस आ.व. मा देहाय बमोजिम इन्धन खर्च गर्दा निर्देशिकाको पूर्ण पालना गरेको देखिंदैन तथा सरकारी कामकाजमा खर्च भएको इन्धनमा सवारी लगबुक समेत स्पष्ट राखेको देखिंदैन।

| क्र.सं | गो.भौ.नं. (पालिका चालु) | भुक्तानीरू. | इन्धन परिमाण (लि.) | | पालिकाको सवारीमा प्रयोग भएको इन्धन विवरण (लि.) | | पालिका बाहेकको सवारी साधनमा प्रयोग भएको इन्धन विवरण (लि.) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | डिजल | पेट्रोल | डिजल | पेट्रोल | डिजल | पेट्रोल |
| १ | ५८ | १२५८१९० | ६६४१ | ३७२१ | ५०५१ | ५०५ | १५९० | ३२१६ |
| २ | २६२ | ३९९६८७ | १४७६ | १२०४ | ९९८ | १०२० | ४७८ | १८४ |
| ३ | ३८९ | ५२१७६४ | १८४७ | १६०५ | १२२२ | १०३० | ६२५ | ५७५ |
| ४ | ४३९ | ४०५९१० | २२३३ | ४६३ | १६०९ | २७० | ६२४ | १९३ |
| ५ | ७२७ | ५८८०१६ | २०४१ | १७८० | १५५३ | २०५ | ४८८ | १५७५ |
| ६ | ९३२ | ३८७१७३ | २०६२ | ५०० | ९९८ | १५५ | १०६४ | ३४५ |
| ७ | ९८१ | ७४००६२ | ३४६० | ४७२ | २८६७ | ४०८ | ५९३ | ६४ |
| ८ | ११६६ | ४३१८५० | १९९८ | ८१० | १६३६ | २३५ | ३६२ | ५७५ |
| ९ | १२९९ | ६३९९५३ | १९४७ | ६५३ | १५५८ | १४५ | ३८९ | ५०८ |
| १० | १५२५ | ५५८५३२ | २९८५ | ४६२ | १८७० | २३३ | १११५ | २२९ |
| ११ | १६२४ | ४४८१७५ | ३१९३ | ३०० | २२१८ | ९० | ९७५ | २१० |
| १२ | १८९५ | ५७६६३८ | ३४४२ | ५२५ | २०७७ | २३० | १३६५ | २९५ |
| १३ | १९१० | ५१२०३ | - | - | - | - | - | - |
| १४ | २१६९ | ४७७०४५ | २५९९ | ६०५ | ११०८ | १७५ | १४९१ | ४३० |
| १५ | २२२५ | २९०५० | २०० | ० | ० | ० | २०० | ० |
| जम्मा | | ७५१३२४८ | ३६१२४ | १३१०० | २४७६५ | ४७०१ | ११३५९ | ८३९९ |

उल्लिखित इन्धनमा भएको खर्चको दुरुपयोग नभएको सुनिश्चित गर्दै पालिकाले सार्वजनिक कोषको खर्च गर्दा आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएर गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्छ।

३८ **उत्कृष्ट कर्मचारी पुरस्कार**

निजमाती सेवा नियमावली,२०५० को नियम ११६ (क) मा सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार रू.२००,०००।०० को व्यवस्था छ। भजनी नगरपालिका कर्मचारी प्रोत्साहन कार्यविधि, २०८१ को बुँदा ३(१)(ग) मा भजनी नगरपालिकाले भजनी नगरपालिकाका स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरूमध्येबाट छनौट गरी नगरपालिकाबाट रू.३,७५,५५५ (तीन लाख पचहत्तर हजार पाँच सय पचपन्न मात्र) सम्म वा बढीमा पाँच ग्रेडसम्म वा दुवै प्रदान गर्नसक्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यपालिकाबाट निर्णय गराई प्रमुख प्रशासकीय अधिकृत नीलम कुमार न्यौपानेलाई शैक्षिक गुणस्तर, स्वास्थ्य सेवा, पूर्वाधार, सामाजिक, आर्थिक र अन्य सबै क्षेत्रमा अत्यन्त उत्कृष्ट कार्यसम्पादन गरी विशिष्ट योगदान पुर्‍याएको उल्लेख गरी नगर प्रमुख र कार्यपालिकाबाट मूल्याङ्कन गराई नगरपालिकाकै कार्यविधिको बमोजिम गो.भौ.नं.१४९७-२०८२।१।१६ (पालिका चालु) बाट रू.३७५,५५५।०० पुरस्कृत गरेको देखियो। पुरस्कार प्रदान गर्दा स्पष्ट सूचकहरू वा के कार्य गरेर अत्यन्त उत्कृष्ट कार्यसम्पादन भएको मापदण्डको मापन गर्ने आधार देखिएन। पालिकाले उक्त पुरस्कार रकम संघीय निजामती सेवा नियमावली, २०५० को प्रावधानसँग बाँझिएको र प्रमुख प्रशासकीय अधिकृत नीलम कुमार न्यौपानेलाई नै पुरस्कृत गर्ने स्पष्ट सूचक देखिँदैन। पालिकाले कार्यविधि बनाँउदा संघीय कानुनसँग नबाँझिने गरी कानून बनाउनुपर्दछ। नगरपालिकाले पुरस्कार

वितरण प्रक्रियामा सूचकहरूलाई स्पष्ट र मापनयोग्य परिमाणात्मक आधारमा निर्धारण गर्नुपर्दछ। नगरपालिकाले नै उक्त पुरस्कार रकम यकिन गरी भएको खर्च असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७५,५५५ |

### ३९ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने, अस्थायी दरबन्दी सृजना गर्न नहुने र तयार गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्ने छ। त्यस्तै सुदूरपश्चिम स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा ऐन, २०८२ को दाफा ८ मा स्थानीय तहमा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन हुने समितिले प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्ने तर कुनै पनि व्यक्तीलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन त्यसरी नियुक्ती पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा वापतको रकम नियुक्ति गर्ने अधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ। त्यस्तै स्थानीय स्वास्थ्य सेवा, कम्प्युटर अपरेटर, इन्जिनियरिङ सेवा, माईक सञ्चालक, क्यामेराम्यान, पलम्बर, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक, मालि र स्वीपर पदको स्वीकृत दरबन्दी रिक्त भएको अवस्थामा कार्यालयलाई अति आवश्यक भएमा मन्त्रालयको अनिर्वाय सहमतिमा उक्त पदमा प्रचलित कानून बमोजिम करारमा नियुक्ती गर्न सकिनेछ। पालिकाले संगठन सर्भेक्षण गराएको र सम्बन्धित निकायबाट स्वीकृत भएको विवरण उपलब्ध गराएन। । पालिकाले उपलब्ध गराएको विवरण अनुसार सहायक क.अ., कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक समेतका पदमा १२ करारमा राखी रू. ४५,८५,०७५।०० खर्च लेखेको छ साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो। पालिकाले कानुन बमोजिम संगठन सर्भेक्षण गरी स्थानीय तहको आन्तरिक श्रोत, दरबन्दीको आवश्यकता र औचित्य समेतको अधारमा सङ्गगठन संरचना स्वीकृत गराई प्रदेश किताबखानामा पद दर्ता गराई लोकसेवाबाट पदपुर्तीका लागि ध्यान दिनुपर्छ। दरबन्दी भन्दा बढी पदपूर्ति गरी तलबभत्ता लेखेको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४५,८५,०७५ |

### ४० सामाजिक सुरक्षातर्फ

४०.१ **सामाजिक सुरक्षा भत्ताको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलब्ध गराएको आ.व. २०८१।८२ मा ९ वडामा सामाजिक सुरक्षा भत्ता वितरण ईएफटी (Electronics Fund transfer) बाट गरिएको छ। सामाजिक सुरक्षा भत्ता वितरणको ईएफटीबाट दिइएको विवरण निम्नानुसार रहेको छ।

| वडा नं. | पहिलो किस्ता | | दोर्सो किस्ता | | तेर्सो किस्ता | | चौथो किस्ता | | कूल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सेवाग्राही | रकम | सेवाग्राही | रकम | सेवाग्राही | रकम | सेवाग्राही | रकम | सेवाग्राही | रकम |
| १ | ५६७ | ५३३७५४५ | ५७६ | ५३५४०९८ | ५७९ | ५४१०९७९ | ५८९ | ५५०६०७७ | २३११ | २१६०८६ |
| २ | ४२१ | ४०१७३९२ | ४२३ | ३९७४२१३ | ४३४ | ४०५७५९२ | ४४३ | ४१७७५२८ | १७२१ | १६२२६७ |
| ३ | ५०९ | ५०५१५३२ | ५२० | ५१२१९८३ | ५२९ | ५१८३४४८ | ५४६ | ५३३५२४८ | २१०४ | २०६९२२ |
| ४ | ५७३ | ५३८३१५५ | ६०० | ५४७४५२७ | ६०६ | ५५४०४८५ | ६२० | ५६९८१४४ | २३९९ | २२०९६३ |
| ५ | १२७० | १३२७८०११ | १३०० | १३५३०४४१ | १३१८ | १३७१३७१७ | १३३७ | १३९३८२२१ | ५२२५ | ५४४६०३ |
| ६ | ५२२ | ५४७४५७१ | ५२४ | ५४६७३६६ | ५३२ | ५५२८२८० | ५४७ | ५६८५७३७ | २१२५ | २२१५५९ |
| ७ | ३१५ | ३१३२२४७ | ३१४ | ३१७४२९० | ३२० | ३२२६०५२ | ३२३ | ३२७९६४९ | १२७२ | १२८१२२ |
| ८ | ५०२ | ५००९७४० | ५०९ | ५०७७८६० | ५०७ | ५०७२३६० | ५२१ | ५२३५२४४ | २०३९ | २०३९५२ |
| ९ | १४३६ | १६४१९५९२ | १४४७ | १६५५४४६१ | १४५६ | १६६६३००१ | १४६७ | १६८०११०२ | ५८०६ | ६६४३८१ |
| कूल जम्मा | ६११५ | ६३१०३७८५ | ६२१३ | ६३७२९२३९ | ६२८१ | ६४३९५९१४ | ६३९३ | ६५६५६९५० | २५००२ | २५६८८५८ |
| कोलेनिका अनुसार | | | | | | | | | | २५६६२८६ |
| | फिर्ता गरेको | | | | | | | | | २५७२ |

वितरित सामाजिक सुरक्षा भत्ताको तथ्याङ्क नियमितरुपमा अद्यावधिक गरी राख्नुपर्दछ।

४०.२ **निरीक्षण तथा अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन। पालिकाले कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्दछ।

४१ **फर्स्यौट नभएको आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्र्यौट गराउनुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगावै फस्र्यौट नगरेका बेहोरा देहाय अनुसार समावेश गरिएको छ।

४१.१

**क) सैद्धान्तिक बेहोरा**

| शीर्षक | बेहोरा |
| --- | --- |
| लेखापरीक्षण प्रतिवेदनमा कार्यापालिका/ नगरसभा छलफल | संविधान तथा कानून बमोजिम वर्षेनी गरिने आन्तरिक लेखापरीक्षण तथा महालेखा परीक्षकको कार्यालयबाट प्रदान गरिने अन्तिम लेखापरीक्षण प्रतिवेदनलाई अत्यधिक महत्वका साथकार्यापालिका तथा कर्मचारी बैठकमा वृहत रू.पमा छलफल, विचारविमर्श तथा अध्ययनगर्नुपर्ने कानूनी प्रावधान गरिएको छ । स्थानीय तहमा वित्तिय सुशासन कायम गरिसिमित सार्वजनिक स्रोतको सर्वोत्तम सदुपयोग कसरी गर्ने, कार्यालयमा के-कस्ताकमि-कमजोरी रहेका छन तथा के-कस्ता विषयमा कसरी सुधार गरी बेरूजु तथा अनियमितता न्यूनिकरण गर्न सकिन्छ भनि वस्तुगत मार्गदर्शन प्रदान गरिने हुदाँ कार्यालयलेहरेक लेखापरीक्षण प्रतिवेदनलाई अनिवार्यत: नगरसभा/ कार्यपालिका तथा नियमित कर्मचारीबैठकमा छलफल र विमर्श गरिनुपर्दछ । |
| विभिन्न भ्रमण खर्च | आन्तरिकश्रोत तथा राजश्व बाँडफाड स्रोतबाट समेत गरि भ्रमण भत्ता/ भ्रमण खर्चकर्मचारी/ पदाधिकारी भ्रमण खर्च/ विशिष्ट व्यक्ति भ्रमण खर्च/ प्रतिनिधिमण्डल भ्रमणखर्च लगायतका शिर्षकबाट वर्ष भरि १५ बढी गो.भौ.बाट गरिएको करिब रकम रू.६५,०३,८८३।०० भ्रमण खर्चमा- नगरप्रमुख, वडा अध्यक्ष लगायत कार्यपालिका सदस्य, प्रतिनिधि मण्डलबाट कार्यालय कामकाजकोसिलसिलामा सदरमुकाम तथा काठमान्डौ भ्रमण खर्चको भुक्तानीमा प्रत्येक भ्रमणमानिहित उद्धेश्य, भ्रमणको प्रगति विवरण पुष्टि हुने कागजात तथा फोटोहरू. एवंकार्यापालिकाबाट अनुमोदन सहितका कागजातहरू. संलग्न गरि खर्च नियमित गरिनुपर्दछ । |
| इन्धनखर्च | आन्तरिकश्रोत तथा राजश्व बाँडफाड स्रोतबाट विशेष/ हिउदे/ नियमित नगरसभाबाटरकमान्तर/ स्रोतान्तर गरि इन्धन/ इन्धनखर्च कार्यालय प्रयोजन लगायत विभिन्न ७ शिर्षकमा रकम विनियोजन गरि वर्षभरि करिबरकम रू. ८२,११,३३२।०० को इन्धन कार्यालयसंग सम्बन्धित/ असम्बन्धित तवरबाट खर्च भएकोदेखिएकोले आगामी दिनमा कार्यालयले यो खर्चमा उच्च मितिव्ययिता तथा उद्धेश्यपरकता कायम राख्नविशेष ध्यानदिनुपर्ने देखिन्छ । |
| सामुदायिक पशु व्यवस्थापन | सामुदायिकपशु व्यवस्थापनका लागि करिब २२ जना पशु चौपाया हेरालाहरू.लाई कार्यक्रम खर्चअन्तर्गत सामुदायिक पशु व्यवस्थापन समितिबाट प्रति व्यक्ति रकम रू. १००००।०० कोदरमा मासिक ज्याला करार गरि हुदै गरिएको भुक्तानीमा- विभिन्न वडामा रहेका ७ वटासामुदायिक पशु गौशालाहरू.लाई एकअर्कामा गाभेर अति आवश्यक न्यूनत्तम संख्यामाकायम गरि सम्पुर्ण सामुदायिक पशु व्यवस्थापन खर्च मितव्ययी र उपलब्धीमूलकबनाइनुपर्दछ । |
| वडाको मासिक चिया खाजा खर्च | नगरपालिकाका ९ वटा वडा कार्यालयहरू.लाई मासिक कामकाजको सिलसिलामा विभिन्न बैठकमा चिया खाजावापत भजनी नगरपालिका कार्यसञ्चालन निर्देशिका २०७९ को दफा ६ को उपदफा ५ बमोजिम मासिक बिस हजारसम्म उपलब्ध गराउन प्रावधान बमोजिमको खर्चमा बिल पेश गर्दाचिया/ खाजा/ पानी परिमाणमा संलग्न कागजातमा देखिने बैठकको सहभागीताबाट पुष्टी हुनेगरि पेश हुनुपर्ने, अन्यथा बढि भुक्तानी भएको देखिन्छ । साथै मासिक रू.पमा रू. बिस हजारको दरमा खाजा खर्च उपलब्ध गरिने प्रावधानलाई वस्तुगत र मितव्ययी खर्चको लागि आवश्यक पुर्न विचार गरि कम गरिनुपर्दछ । |
| आर्थिक सहायता तथा अन्य सामाजिक सुरक्षा खर्च | नगरपालिकाले आर्थिक सहायता र अन्य सामाजिक सुरक्षा खर्च शिर्षकमा रू. १७ लाख विनियोजनबाट जम्मा १५,४२,८००।०० खर्च भएकोमा विमा दर्ता सहयोगीमार्फत ३० विपन्न परिवारको नया स्वास्थ्य बीमा दर्ता तथा ३० विपन्न परिवारको बीमा नविकरणमा रकम रू. २,१०,०००।०० खर्च गरिएको छ , तथा बाँकी रकम रू. १३,३२,८००।०० "भजनी नगरपालिका आर्थिक सहायता मापदण्ड सम्बन्धी कायिविधि, २०८१" बमोजिम विपन्न नागरिकहरू.लाई रू. पाँच/ दश हजारकोदरमा प्रायश: आकस्मिक स्वास्थ्य उपचारमै सहयोग प्रदान गरिएको छ । आर्थिकसहायताको यस्तो पटके खर्च दिगो नहुने तर सोहि रकमबाट विपन्न परिवारहरू.कोस्वास्थ्य विमा गरिदिदाँ सो खर्च निक्कै प्रभावकारी हुनेहनाले अतिनिम्न वर्गकापरिवारहरू.लाई निशुल्क र गुणस्तरिय स्वास्थ्य सेवाको पहुँचमा जोड्नको लागि योखर्च शिर्षकको अधिकांश रकमबाट विपन्न परिवारहरू.को स्वास्थ्य बीमा गरिनुपर्दछ। वर्षेनी रू.पमा आकष्मिकविपद/ दुर्घटना/ दिर्घरोगी/ अतिविपन्न नागरिकहरू.ले पाउने यस्तो आर्थिक सहायताकोविवरण कार्यालयले चौमासिक रू.पमा सार्वजनिक प्रकाशन गर्नुपर्दछ । |
| गत आ.व.को भुक्तानी | नगरपालिकाबाटहरेक वर्ष असाढ मसान्त तथा अन्तिम भुक्तानी दिनमा नै अधिकांश भुक्तानीमा मागनिवेदन आइपर्ने तर प्राविधिक वा अन्य विभिन्न कारणले सोहि दिन भुक्तानी गर्ननसकी म.ले.प. फाराम नं २२१ बाट भुक्तानी बाँकी विधिबाट ठुलो रकम भुक्तानी दिदैआएको देखिन्छ, जसले आगामी आ.व. विकास योजना तथा बजेट कार्यक्रममा प्रभाव परिरहेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम१५ बमोजिम स्वीकृत दरबन्दीको छुट तलब, महङ्गी भत्ता, सरू.वा भ्रमण खर्च, बिरामी/ बन्दीको सिदा, सेवा निवृत सुविधा तथा कार्य सम्पन्न भएका वार्षिक स्वीकृतविकास कार्यक्रमहरू.मा मात्र यस्तो गत आवको भुक्तानी गर्न सकिने प्रावधान रहेको छ। तथापी कार्यालयले वर्षेनी रू.पमा विविध कार्यक्रम/ तालिम/ विविध खर्च/ बैठकभत्ता/ प्रोत्साहन भत्ता/ खाजा खर्च/ भ्रमण खर्च/ कार्यालय सामाग्री खरिद/ पत्रपत्रिकाजनचेतनामुलक सन्देशको भुक्तानी जस्ता अनिवार्य दायित्व बाहेकका फुटकर खर्चमासमेत ठुलो रकम अर्को वर्ष भुक्तानी गर्ने परिपाटीलाई अन्त्य गरिनुपर्दछ तथा असाढको दोश्रो हप्ता अगावै कार्यालयका भुक्तानीहरू. गरिसक्नुपर्ने परिपाटी कायम गरीनुपर्दछ । |
| सवारी साधन तथा मेशनरी | सवारीसाधन मर्मत तथा मेसनरी साधन मर्मतका ८४६.२१.१.२४ लगायत ९ वटा शीर्षकहरू.बाट रू. ७३,४१,८३५।०० भुक्तानी भएकोमा यस्तो भुक्तानीमा मर्मत सम्भार तथा संरक्षण आवेदन फाराम (म.ले.प. |

| | |
|---|---|
| साधन मर्मत शिर्षक | फाराम नं ४१४), मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता (म.ले.प. फाराम नं ४१५), दाखिला प्रतिवेदनका साथसाथै मर्मत सम्भार सामाग्रीपुरानो/ नया दुवैको फोटो समेत संलग्न गरि भुक्तानी नियमित गर्नुपर्ने देखिन्छ। |
| साँस्कृतिक कार्यक्रम खर्च | नगरपालिकाले साँस्कृतिक कार्यक्रम शीर्षकमा विनियोजन गरेको रकम रू. १० लाखबाट गो.भौ.५४५/ ५४६/ ५४७/ ५४८/ ५४९/ १०६९ बाट विद्यालयस्तरमा सामाजिक मूल्य र मान्यता सम्बन्धीसचेतनामूलक/ सडकनाटक कार्यक्रममा रकम रू. ९९,६००।०० को दरमा ७ वटा विद्यालयस्तरिय कार्यक्रम गरि रकम रू.६,९७,०४०।०० आर्जन इन्टरटेनमेण्ट एणड एड्भरटाईजिगं प्रा.लि. टोखा काठमाण्डौलाईभुक्तानीमा- थारू. जाति बाहुल्य भजनी नगरपालिकामा सँस्कृति प्रवद्धनात्मक कार्यक्रम शीर्षकको रकम पालिका भित्रकै विभिन्न संस्कार/ मूल्य/ मान्यता/ विशिष्टप्रथा/ रितिरिवाज प्रवर्द्धन तथा उजागर हुने गरि उपयोग गरिदा विनियोजित शिर्षककोउद्धेश्य पुष्टि हुने अवस्थामा शाखागत टिप्पणी/ खरिद समिति निर्णय/ कार्यपालिका निर्णय बिना प्र.प्र.अ ज्यूको सोझैकार्यदेशमा भएको यो खर्च अनियमित देखिन्छ । |
| वडा व्यवस्थापन खर्च | नगरसभाबाटप्रति वडा पाँच लाखको दरमा ९ वटा वडाको लागि वडा व्यवस्थापन खर्च शीर्षकमा रू.४५,००,०००।०० विनियोजन गरि करिब सबै रकम खर्च गरकोमा- विभिन्न १११ वटा गो.भौ.बाट वडाको मासिक खाजा-नास्ता खर्च, स्टेसनरी, बैठक भत्ता/ वडाबाट सामान्य सहयोग/ मेशिनरी मर्मत जस्ता चालु प्रकृतिको खर्चको लागि नेपाल सरकार समानीकरण श्रोतको रकम विनियोजन भएको देखिदाँ यो खर्च नियमित भएको मानिदैन । नगरपालिकाले यस्तो अनुत्पादक चालु खर्चको लागि आफ्नै आन्तरिक आम्दानीबाट रकम विनियोजनगरिनुपर्दछ । |
| सार्वजनिक निर्माण/ उपभोक्ता समिति कार्यमा इन्धनबिलको प्रयोग | नगरपालिकाबाट वर्षेनी रूपमा उपभोक्ता समिति मार्फत सञ्चालन गरिने सार्वजनिक निर्माण/ मर्मतका कार्यहरूमा नगरसभाबाट विनियोजत रकम बमोजिम प्राविधिक लागत ईष्टिमेट र बिल अनुसार भुक्तानी गरेको हुन्छ । तथापी पुष्टयाई बिल/ भरपाई/ डोरहाजिरी फाराम संगै इन्धनको बिलहरू.संलग्न गरि बजेट परिणाम पुगाउने परिपाटी बढ्दै गरेको देखिन्छ । सडक मर्मत, सडकग्राभेल, नदि जैविक तटबन्धन, पानी पिच जस्ता कतिपय कार्यमा इन्धन बिल खर्चपुष्टि हुने भएतापनि अन्य कतिपय सार्वजनिक निर्माण कार्यमा प्राविधिक इष्टिमेट रकार्य प्रकृति बमोजिम अनावश्यक इन्धन बिल संलग्न गरिने प्रवितिमा नियन्त्रण गरिनुपर्दछ । |
| सार्वजनिक सूचना तथा कोटेशन माग | सार्वजनिकखरिद कानून बमोजिम वार्षक खरिद योजना निर्माण गरि वर्ष भरि आवश्यक कार्यालय सेवा, औषधि तथा सामाग्रीहरू. एकीकृत रूपमा सारभुत प्रतिस्पर्धात्मक रू.पमा बोलपत्र विधिबाट खरिदगर्नुपर्ने हुन्छ । त्यसपश्चात पनि पुर्वानुमान गर्न नसकिएका छुटपुट खरिदहरू कोटशन खरिद विधिबाट खरिद गर्नुपर्ने अवस्थामा कोटेशन माग तथा प्रतिस्पर्धाको लागिकार्यालय वेभसाइट तथा स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशित गरेर मात्र खरिद गरिनुपर्दछ । वित्तिय सुशासन कायमगर्नको लागि कार्यालयले यो प्रावधान अनिवार्यत: कार्यान्वयन गरिनुपर्दछ । |
| जनचेतनामूलक सन्देशको भुक्तानी | नगरपालिका मार्फत वर्षेनी गरिने जनचेतनामुलकसन्देशका सूचना प्रवाहको लागि "भजनी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका२०७९" को दफा १२ मा स्थानीय/ राष्ट्रिय पत्रिका/ दैनिक पत्रिका/ त्रैमासिकपत्रिका/ टि.भि. डकुमेन्टरी आदिलाई बढिमा भुक्तानी दिन सकिने स्पष्ट सिमाङ्कनगरिएको भएतापनि कार्यालयबाट यो प्रावधानको पालना गर्न सकेको छैन । यसप्रावधानलाई सम्बन्धित पक्षसंगको परामर्शमा भुक्तानी सिमाङ्कनमा आवश्यक संशोधनगरि यस दफालाई पुर्णतया कार्यान्वयन गरिनुपर्दछ । |
| नगरपालिका स्वास्थ्य चौकि सेवा शुल्क तथा खर्चकार्यविधि | नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आधारभूत स्वास्थ्य सेवा स्थानीय तहको जिम्मेवारी एवं अधिकारक्षेत्रमा परेसगै साविकका प्राथमिक स्वास्थ्य केन्द्र, ९ वटाइलाका स्वास्थ्य चौकीहरू. भजनी नगरपालिकाका स्वास्थ्य शाखा मातहत सञ्चालनरत रहिआएकोमा सो स्वास्थ्य चौकीमा ल्याव सेवाशुल्क लगायतका केहि शुल्क संकलन र खर्च साविककै तवरबाट भैरहेको तथा भजनी नगरपालिकामा आन्तरिक राजश्वको दाखिला नभैरहेको सन्दर्भमा सो सम्बन्धी सेवा प्रवाह, शुल्क संकलन तथा खर्च सम्बन्धी निर्देशिका/ कार्यविधि यथासिघ्र जारी गरि व्यवस्थित गरीनुपर्दछ । |
| रोलर/ डोजर / टेक्टर/ जे.सि.बि को प्रयोग | नगरभित्रकासार्वजनिक विकास निर्माण तथा मर्मतका कार्यहरू.मा कार्यालयका रोलर, डोजर, जे.सि.बि., टेक्टर आदिको प्रतिस्पर्धात्मक सेवाशुल्क तोकेर बहालमा उपयोग गर्न-गराउन प्रशय गरिनुपर्दछ, जसबाटनगरपालकाको आन्तरिक राजश्व वृद्धिमा सहयोग पुग्ने देखिन्छ । |
| नगरपालिका करार तथा ज्यालादारी कर्मचारी | नगरपालिकाकार्यालयमा २७ जना तथा प्राथमिक स्वास्थ्य केन्द्र/ वडा कार्यालय/ स्वास्थ्य चौकिहरूमा ४२ जना गरि जम्मा ६९ जना करार कर्मचारीहरू. कार्यरत छन । त्यसैगरी नगरपालिका कार्यालयमा १० जना तथा वडा कार्यालय र स्वास्थ्य चौकिमा १७ जना गरिजम्मा २७ जना सहायक/ सहायोगी ज्यालादारी र २२ जना सामूदायिक पशु हेराला कर्मचारीहरू.सहित जम्मा११८ करार/ ज्यालादारी कर्मचारीहरू. कार्यरत रहेका छन । कार्यालयको नियमित दायित्वको सेवा प्रवाह सरल/ सहज रसुचारू. गर्न करार कर्मचारीहरू.बाट परिपुर्ति गर्नुपर्ने अवस्थामा कार्यालयको आफ्नो आन्तरिक राजश्व आम्दानीले धान्न सक्ने-नसक्ने विषयलाई गम्भिर रू.पमामध्येनजर गरिनुपर्दछ, तथा कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत कार्यालयको कर्मचारी दरबन्दीलाई आवश्यक पुनरावलोकन एवं छरितो बनाइनुपर्दछ । |
| खरिद समिति तथा मूल्याङ्कन समिति कार्य | सार्वजनिक निकायमा सार्वजनिक उद्धेश्य परिपुर्ति गर्नका लागि वर्षेनी खरिद तथा व्यवस्थापन गरिने जिन्सी- खर्च भएर जाने तथा खर्च भएर नजाने सामाग्रीहरू. वार्षिक दश करोडभन्दा बढीको हकमा खरिद गुरूयोजना तथा वार्षिक दश लाख भन्दा बढीको हकमा खरिद योजना तयार गर्नुपर्दछ । त्यस्तै खरिद सम्बन्धी जिम्मेवारी निर्वाह गर्नका लागिखरिद इकाई, मुल्याङ्कन समिति तथा खरिद अधिकारी तोकी निजलाई सिपयुक्त |

| | |
|---|---|
| | बनाउनआवश्यक तालिम उपलब्ध गराउनुपर्दछ । कार्यालयमा खरिद समिति/ मूल्याङ्कन समिति भएतापनि सम्पुर्ण प्रकार खरिदहरू. खरिद योजना/ खरिद गुरू.योजना बमोजिम तथा खरिद समितिबाहिरबाट समेत भएको देखिन्छ । कार्यालयमा समान प्रकृतिको ठूलो खरिद पनि टुक्याईकोटेशन खरिद विधिबाट गरिदा कतिपय कोटेशन प्रस्तावमा नाममात्रको प्रतिस्पर्धादिखिने गरि मूल्याङ्कन समेत गरिने हुदा यस्तो प्रवृतिलाई सच्याईनुपर्दछ तथा सार्वजनिक संचित कोषको उपयोगमा कार्यदक्ष र जिम्मेवार हुनुपर्दछ । |
| कार्यालय जिन्सी सामाग्री खरिद र वार्षिक खरिद योजना | कार्यालयबाट स्पष्ट वार्षिक खरिद योजना तथा सो बमोजिम टेन्डर/ सिलबन्दी खरिद विधि बिना अधिकांशत: कोटेशन खरिद विधिबाट नै **खर्च भएर नजाने** मेशिनरी/ कार्यालय सामाग्री जस्तै २५२ विधुत पोल, ३ मोटरसाईकल, १ स्कुटर, १८ डेष्कटप कम्प्यूटर, १६ ल्यापटप, ६ वटा साउन्ड सिष्टम,१० सिसिटिभि क्यामेरा, १४ प्रिन्टर, ५ स्क्यानर, १७ इन्भर्टर ब्याट्री, १५ स्टेन्ड पंखा, ७ सिलिङ्ग पंखा, २३ स्टिल दराज, १२ टेबल, १५ अफिस चेयर, ४ मोबाइल वापत करिब रकम रू. २,१८,७८,६७६।०० र **खर्च भएर जाने** सामाग्री जस्तै कार्यालय सामाग्री/ औषधि/ कार्यालय मर्मत जस्तै ८४ प्रिन्टर कार्टेज, ३७ प्रिन्टर ड्रम सेट, ७८ टोनर, २७ पेनड्राइभ, ६४ दर्जन पाइलट पेन, ९८३ रिम फोटोकपि पेपर, ५० झोला आदि वापत करिब रकम रू. २,८३,५६,५७३।०० खर्च गरिएको देखिन्छ । कार्यालय यस्ता खरिदमा अनिवार्यत: खरिद गुरूयोजना, वार्षिक खरिद योजना, खरिद प्याकेजिङ्ग र टेन्डर खरिद विधि उपयोग गरिनुपर्दछ । |
| गाडी उपयोग | यस नगरपालिकाको मागबमोजिम उमामुण्ड गाँउपालिका रामेछापले यस कार्यालयलाई हस्तान्तरण गरेको बा.१.झ ६७५५ को टोयटा हायलक्स गाडी यस नगपालिकाको १९ कार्यापालिका बैठकको निर्णयबाट मर्मत कोटेशन माग तथा स्वीकृत एंव भुक्तानी दिने निर्णय बमोजिम नेपाल अटोमोबाइल्स सोलुसन प्रा.लि. ललितपुरलाई रकम रू. ५६३१०९।०० भुक्तानीमा - कार्यालयखरिद समिति/ मुल्याङ्कन समिति/ कोटेशन प्रत्राचार/ जिन्सी दाखिला प्रतिवेदनजस्ता सार्वजनिक खरिद कानून पालना गरिएको कागजात तथा सवारी साधन नामसारी कागजात संलग्न गरी खर्च नियमित गर्नुपर्ने । उक्त गाडी पुन: बिग्रिएर ग्यारेजमा रहेको भनिएको सवारी साधनको समुचित रूपबाट कार्यालय कामकाजमा उपयोगमा ल्याउनुपर्ने देखिन्छ । |

४१.२

**ख) नियमित गर्नुपर्ने**

| गो.भौ.नं. र मिति | बेहोरा | रकम रु. |
|---|---|---|
| **समानीकरण अनुदान -चालू:८०७७७४०५००१** | | |
| ७०-२०८१।०६।०४ | जोइन मल्टिपल सर्भिस प्रा.लि. काठमान्डौलाई वर्षान्तको असार २१ मा प्रकाशित सूचनाको लागि कार्यालय/ खरिद समिति/ कार्यापालिका/ टिप्पणी वा निर्णय तथा भुक्तानी बाँकीको नगरसभाको निर्णय संलग्न गरी खर्च नियमित गर्नुपर्ने । | १,८४,३३१।०० |
| २५३-२०८१।०६।२० | हुलाकी राजमार्गको भजनी न.पा.५ को हुलाकी सडकखण्ड मर्मतको लागि गिट्टि क्रसर उद्योग पदमराज सापकोटासंगको मौखिक सहमतीको आधारमा निशुल्क गिट्टी सहयोगबाट सम्पन्न भएकोभनिएको कामकाजको प्राविधिक नापजाँच बिल/ फोटोहरू. तथा इन्धनवापत उपलब्ध गरिने भनिएको रकम रू. ४४५५०।०० निर्धारण आधारहरू संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ४४,४५०।०० |
| ३३८-२०८१।०७।०५ | वडानं ९ वडा कार्यालय श्रावण र असोजको वडा व्यवस्थापन खर्च अवधेश एण्ड रिमा होटललाईरकम रू. ५८,९९०।०० भुक्तानीमा- खर्च रकम पुष्टयाई गर्ने माईन्यूट/ वडा समिति बैठककागजात संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ५८,९९०।०० |
| ३३८-२०८१।०७।०९ | घोडाघोडीजंगल रिसोर्ट सुख्खडलाई वडा नं ५ वडा कार्यालयको सिफारिस बमोजिम यो भौचरबाट रकम रू. २७०९७।०० र गो.भौ. ७३५ बमोजिम रकम रू.२३९६९ गरि कुल रकम रू. ५१,०६६।०० भुक्तानीमा- कार्यालय कामकाज र वडाको सार्वजनिक उद्धेश्य पुस्टयाई गर्ने कागजात संलग्न गरी खर्च नियमित गर्नुपर्ने । | ५१,०६६।०० |
| ३६८-२०८१।०७।०९ | आवाज सम्प्रेषण पाल्पा (शाखा काठमान्डौ) मासिक पत्रिकामा जनचेतनामूलक सूचना प्रकाशनको रू. ३४,४७५।०० भुक्तानीमा भजनी नगरपालिका जनता लाभग्राही हुने आधार नदेखिने भएकोले उक्त रकम अनियमित देखिन्छ । | ३४,४७५।०० |
| ३९९-२०८१।०७।२६ | आर्जन इन्टरटेन्मेण्ट एण्ड एड्भरटाईजिङ्ग काठमान्डौलाई सौर्य दैनिक पत्रिकामा तालठेक्का बक्यौता रकम नबुझाउनेको सम्पत्ति रोक्का राखिने सम्बन्धी सूचना प्रकाशनबिलको रकम रू. १,९७,६६२।०० भुक्तानीमा सूचना प्रकाशनको लागि कार्यालय/ शाखाबाट गरिएको निर्णय संलग्न गरि खर्च नियमित गर्नुपर्ने, तथा जसको लागि सूचना प्रशासरण गरिएको हो सो व्यक्तिहरूमा सूचनाको सहज पहुच भएनभएको सुनिश्चित हुने आधारदेखिदैन । | १,९७,६६२।०० |
| ४८९-२०८१।०८।०९ | वडानं ९ का.स. जितराम राजीलाई जानकी गाँउपालिका स्तरिय जनप्रतिनिधि रकर्मचारीमैत्री फुटवल प्रतियोगितामा भजनी न.पा.को तर्फबाट १ गोल गरे वापत रकम रू.१००००।०० यस कार्यालयका प्र.प्र.अ. ज्यूले प्रदान गर्ने घोषणा गरे बमोजिमकार्यालयबाट गरिएको करकट्टी बाहेक रू. ७५००।०० भुक्तानीमा- व्यक्तिगत घोषणाकोविषयलाई संस्थागत रूपमा कुन कानून बमोजिम रकम भुक्तानी हुन गएको हो सो संलग्नगरि खर्च नियमित गर्नुपर्ने । | ७,५००।०० |
| ५५०-२०८१।०८।१५ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौका का.स. श्री सरिता न्यौपाने रसीता पराजुलीलाई र गो.भौ. नं १४०७/ २०८२-०१-०८ बाट मन्त्रालय का.स. श्री अनिता अधिकारीलाई रकम रू. १२६५०।०० सहित सरकारी कामकाजको सिलसिलामा भजनी नपामा खटिएको भनि भुक्तानी हुन गएको भ्रमण भत्ता पुष्टि गर्ने कागजात संलग्न नदेखिएको तथा कार्यालय उद्धेश्यसंग यो खर्च सम्बन्धित नदेखिने भएकोले उक्त भ्रमण भत्ता वापतकोरकम रू. २६,५००।०० अनियमित देखिन्छ । | ३९,१५०।०० |
| ५६९-२०८१।०८।१७ | समान प्रकृतिका कार्यालय कम्प्यूटर मेशनरी सामाग्री वा अन्य जुनसुकै जिन्सी सामग्रीहरू.रू. एक लाखभन्दा कममा टुक्याई पटक-पटक खरिदको एकमुष्ट भुक्तानी दिदाँसार्वजनिक खरिद कानूनको पालना भएको मानिदैन । यस्तो खर्चको गो.भौ. ५६८ बाट रू.१३८४८१।०० तथा यस भौचरबाट रकम रू.२१६९२०।०० गरि जम्मा रकम रू. गडतोला कम्प्यूटर स्टोर धनगढीलाई रकम रू. ३५५४०१।००भुक्तानी अनियमित देखिन्छ । खरिद कानूनका आवश्यक प्रकृया पुरा भएका कागजात संलग्न गरी खर्च नियमित गर्नुपर्ने । | ३,५५,४०१।०० |
| ५९४-२०८१।०८।२० | कानूनी सल्लाहाकार गम्भिर सिंह ऐरलाई करार सम्झौताका आधारमा साउन देखि कार्तिक महिनाको पारिश्रमिक रकम रू.९९०००। - , गो.भौ. १४५६ बाट मंसिर देखि | २,९७,०००।०० |

| | | |
|---|---|---|
| | अषाढसम्मको लागि रकम रू. १९८०००।०० गरिजम्मा रकम रू. २,९७,०००।०० भुक्तानीमा- करार अवधिभर करार व्यक्तिबाट कार्यालय कामकाजमा सम्पन्न भए गरेको सम्पुर्ण कागजात/ अभिलेख तथा कानूनी सल्लाहाकार सम्बन्धी गरिएको कार्यापालिका निर्णय संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | |
| ६०४-२०८१। ०८।२१ | जनचेतनामूलक सडकनाटक कार्यक्रम सञ्चालनको अनुगमन वापत १३ जना जनप्रतिनिधि तथाकर्मचारीहरू.लाई अनुगमन भत्ता रू. ११९००।००को दरमा कुल रकम रू. १५४७००।०० भुक्तानीमा- कार्यक्रम सञ्चालनको अनुगमन औचित्य पनिनहुने तथा उक्त वापतको वितिरित भत्ता रकम अनियमित देखिन्छ । | १,५४,७००। ०० |
| १०४५-२०८१। ११।१९ | वडानं ९ वडा कार्यालय विविध खाजा खर्च वापत शुभेक्षा होटललाई रकम रू. ४५,६३०। ००भुक्तानीमा- खाजा खर्च पुष्टी हुने गरि समिति बैठक, वडा मुचुल्का, फोटो लगायतकाकागजात संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ४५,६३०।०० |
| ११५४-२०८१। १२।१३ | उपप्रमुखसंग विद्यालयमा जनचेतनामूलक कार्यक्रमको एम म्याक्स क्रियशन प्रा.लि. काठमाण्डौलाई रू. ४७०७४४।०० भुक्तानीमा- प्र.प्र.अ. ज्यूको सिधै कार्यादेश सम्झौता मार्फतजनचेतनामूलक टिभि सिरयल कार्यक्रम विभिन्न १० वटा विध्यालयमा प्रोजेक्टरमाप्रदर्शन गरे वापत भुक्तानी हुनगएको यो खर्च अनियमित देखिन्छ । सार्वजनिक खरिदकानूनको कोटेशन खरिदको तिन वटा कोटेशनमा प्रतिश्पर्धा, खरिद समितिको निर्णय रमूल्याङ्कन समितिको निर्णय संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ४,७०,७४४। ०० |
| १२५०-२०८१। १२।१९ | राष्ट्रियसेवा दल तालिम सञ्चालन तथा व्यवस्थापन कार्यक्रममा खाना र खाजा खर्च वापतको रकमवडा व्यवस्थापन खर्च शिर्षकको रकम रू.९३४७४।०० रिदम होटल भजनीलाई भुक्तानीमा - तालिम सञ्चालनको क्रममा बिलमा उल्लेखितखाजा/ खाना परिमाण पुष्टि हुने गरि मान्यूट/ उपस्थिति/ बैठकको प्रतिलिपि संलग्न गरी खर्च नियमित गर्नुपर्ने | ९३,४७४।०० |
| १३७३-२०८१। १२।३१ | भिजन बोर्ड प्रालि ललितपुरलाई अनलाईन जनहितमा जारी सूचना प्रकाशन वापत रकम रू. १४३२५।०० भुक्तानीमा -भुक्तानीको सक्कल बिल संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | १४,३२५।०० |
| १३७७-२०८१। १२।३१ | पालिकास्तरीय राष्ट्रपनि रनिङ्ग सिल्ड प्रतियोगिता कार्यक्रममा शिक्षा चालु शीर्षकअन्तर्गत रकम रू. ३,५३,०००।०० नगरसभाबाट विनियोजन गरिएकोमा समानीकरण अनुदान श्रोतको गो.भौ.नं ७ बाट३,५३,०००।००, आन्तरिक श्रोतको गो.भौ.नं ९९० मा निजी स्रोत शिक्षण सिकाई अनुदान रबा.वि.स र विध्यालय कर्मचारी पारिश्रमिक शिर्षकको रकम रू. ४,९८,७३४।०० तथागो.भौ.नं १०३७ बाट राजश्व बाँडफाड स्रोतको निजीस्रोत शिक्षक सिकाई अनुदान रमागमा आधारित शिक्षक तालिम शिर्षकको रकम रू. १,०४,५५४।०० र यस गो.भौ.बाट प्रतियोगिताका लागि आवश्यक स्टेशनरी सामाग्रीहरू.को डिभाघन स्टेशनरी तारकेश्वर काठमान्डौलाई भुक्तानी हुनगएको रकम रू. २,४७,६९६।००गरि जम्मा रकम रू. १२,०३,९८४।००भुक्तानी हुन गएको छ । कार्यपालिका बैठक संख्या ९ बाट राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा भैपरी चालुबाट रकम रू. आठ लाख थप गरिने निर्णयमा लेखा शाखाप्रमुखबाट भैपरी आउने चालु शिर्षकमा सो रकम बाँकी नरहेको राय पश्चात विभिन्नअन्य निर्धारित शीर्षकबाट पछि कार्यपालिकाबाट अनुमोदन हुने गरि भन्ने नगरप्रमुखको टिप्पणी सदर तथा भुक्तानी निवेदनको आधारमा भुक्तानी गरिएको, जसमाविद्यमान रकमान्तर तथा स्रोतान्तरका कानूनहरू.को स्पष्ट पालना हुन सकेको देखिदैन। कार्यक्रम सञ्चालनको लागि विभिन्न शिर्षकमा कुल रकम रू. १०,९०,७३४।०० को लागतअनुमान प्र.प्र.अ ज्यू तथा नगरप्रमुखज्यूबाट स्वीकृत भएकोमा विभिन्न ४ वटा गो.भौ.हरू.मा रकम तथा कागजातहरू. विभाजन गरिभुक्तानी भएको, भुक्तानी शिलशिलावद्ध नभएको, असम्बन्धित शिर्षकबाट खर्च लिखिएको, रकमनान्तर/ स्रोतान्तर कार्यपालिकाबाटै गरिएकोले यो खर्च अनियमित देखिन्छ । | १२,०३,९८४। ०० |
| १३८९-२०८१। १२।३१ | सवारी साधन मर्मत शीर्षकबाट लालबोझी स्वास्थ्य चौकिको एम्बुलेन्स- सु.प.प्र-०१-००१ झ ०५५६ मर्मतकोटु स्टप अटो वर्कशप प्रालि धनगढीलाई रकम रू. ५२३३३८।०० भुक्तानीमा - दुर्घटना भएकोभनिएको एम्बुलेन्सको सर्जमिन मुचुल्का, मर्मतको लागि गरिएको खरिद/ मूल्याङ्कनसमितिको निर्णय, मर्मतको लागि गरिएको लगत इष्टिमेट तथा मर्मत गरिएको पाटपुर्जाहरूको नयाँ/ विग्रिएको फोटोहरू संलग्न गरी खर्च नियमित गर्नुपर्ने । | ५,२३,३३८। ०० |
| १५६१-२०८२। ०१।२६ | जनप्रतिनिधि क्षमता विकास तालिम शीर्षकको रकम रू. २४९५००।०० लनिङ्ग ओएसिस एकेडेमी प्रा.लि. धनगढीलाई भुक्तानीमा - कार्यक्रम सञ्चालनको लागि प्र.प्र.अ ज्यूबाट | २४९५००। |

| | | |
|---|---|---|
| | तिनवटाप्रतिस्पर्धात्मक प्रस्ताव माग नगरिकन सोझै कार्यदेशबाट हुन गएको यस तालिम कार्यक्रममा प्रशिक्षक भत्ता प्रति सेसन ६०००।०० को दरमा ३ वटा प्रशिक्षकलाई ३/३वटा कक्षा संचलान वापत गरिएको रकम रू. ५४०००।००(पारिश्रमिक कर बाहिक रू. ४५९००।००हुन गएको तथा तालिमकर्ता भजनी आए गएको सवारी भाडा वापतको रकम रू. ३५७८५।०० हुनगएको देखिन्छ । नेपाल सरकार अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका २०७७ बमोजिम समेत सरकारी तालिम केन्द्रहरू.बाटसंचालित प्रशिक्षणमा प्रति सेसन कार्यपत्र रू. २०००।०० र प्रवचन वापत रू. १४००।उपलब्ध गराउन सकिने प्रावधान रहेकोमा प्रति सेसन ६०००।०० उपलब्ध गराएको तथा कार्यपत्र समेत संलग्न नदेखिएकोले यो खर्च अनियमित देखिन्छ । | |
| १५९३-२०८२।०१।३० | माछापालन बोलपत्र आव्हानको जोइन मिडिया हाउस प्रा.लि. अनामनगर काठमान्डौलाई रकम रू.१९७७१३।०० र गो.भौ. नं १५८६ बाट सूचना प्रकाशन वापत रकम रू. ५०८४०।०० सहित कुल रकमरू. २,४८,५५३।०० भुक्तानीमा - रकम भुक्तानीको सक्कल बिल संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | २,४८,५५३।०० |
| १८०६-२०८२।०३।०१ | नगरपालिकासे.१.ब.झ जिप मर्मत वापत फेमस अटोसेन्टरलाई रकम रू. ५२३८१८।०० भुक्तानीमा- गाडीकोठुलो मर्मतका लागि प्राविधिक लागत अनुमान, खरिद समिति/ मूल्याङ्कनसमिति/कार्यापालिकाको निर्णय/मर्मतका पाटपुर्जा(नया/पुराना)हरू.को फोटोहरू. संलग्नगरि खर्च नियमित गर्नुपर्ने । | ५,२३,८१८।०० |
| १८८२-२०८२।०३।०६ | राजश्वबाँडफाँड स्रोत अन्तर्गत जनता पुस्तकालय व्यवस्थापन शीर्षकमा विनियोजित रकम रू. ५०००००।०० मध्ये पुस्तकालय मर्मत तथा आईसिटी निर्माण वापत गो.भौ. १८४८ बाट रकम रू. २,९१,०००।००भुक्तानी गरिएपश्चात बाँकी रकम रू. २,०१,५००।०० लाईब्रेरियनको वार्षिक पारिश्रमिकवापत भुक्तानी गरिएकोमा विद्यमान कानूनी प्रावधान बमोजिम यो खर्च अनियमित देखिन्छ । साथै पारिश्रमिक भुक्तानीको सा.सु.कर वापत रकम रू. २०१५।०० रकम दाखिला गर्नुपर्ने । | २,०१,५००।०० |
| २००२-२०८२।०३।१८ | बा.वि.सर विद्यालय कर्मचारी पारिश्रमिक र बाल बिकास केन्द्र शैक्षिक सामाग्री व्यवस्थापशिर्षकबाट एल.एन बुक स्टोर टिकापुरलाई स्टेशनरी सामाग्री खरिद वापत रकम रू.९७५१५।०० भुक्तानीमा- खरिद भएका शैक्षिक सामाग्री माग फाराम, जिन्सी दाखिला, हस्तान्तरण फाराम तथा वितरण भरपाई संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ९७,५१५।०० |
| २०६८-२०८२।०३।२१ | ५नं वडाका महिला स्वयंसेविकालाई स्टिल दराज खरिदको स्मिथ अमि ट्रेड एण्ड सप्लायर्स भजनीलाई रकम रू. ९८३१०।०० भुक्तानीमा- खरिदको उद्धेश्य बमोजिम महिला स्वयंसेविकाले दराज बुझेको भरपाई र फोटोसंलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ९८,३१०।०० |
| २१४२-२०८२।०३।२४ | वडानं १ बाट विनियोजित विभिन्न खेलका खेलाडीहरूलाई प्रशिक्षण कार्यक्रम शीर्षकको रू. ९९९४८।०० आर.सि.पोलिटेक्निक रिसर्च सेन्टर प्रा.लि. धनगढीलाई भुक्तानीमा- कार्यक्रमको आर्थिक प्रस्तावमा ३ दिने कार्यक्रमको दरमा तालिका रहेकोमा प्रमुखप्रशिक्षकलाई दैनिक रू. १६००।०० को दरमा १३ दिनको रकम रू. २०८००।०० भुक्तानी गरिनेबेहोरा छ, साथै सहाक प्रशिक्षकलाई ३ दिनको दरमा भत्ताको र हलभाडा वापत रकम रू.१२०००।०० को व्यवस्था गरिएको छ । संलग्न कागजात बमोजिम कार्यक्रम १ दिनमा सञ्चालन भएको देखिन्छ तथा प्रस्तावना बमोजिम नै तालिम कार्यक्रम सञ्चालन हुन गएको कागजातसंलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ९९,९४८।०० |
| २१७१-२०८२।०३।२४ | वडानं ५ एडभान्स सिलाई कटाई तालिम हेभि मेसिन सहित शिर्षकको रकम रू. २५५३९९।०० मिलिजुली व्यवसाय उद्यमशिलता बहुउद्देश्यीयकृषी तालिम केन्द्र प्रा.लि. धनगढीलाई भुक्तानीमा- तालिम सञ्चालनका लागि ३ वटाकोटेशन प्रस्ताव/ लेखाउत्तरदायी अधिकृतबाट शिर्षक दर सहितको स्वीकृत कार्यक्रमसञ्चालन तालिका/कार्यक्रम सञ्चालन खर्च बिल/भरपाई प्रतिलिपि/कार्यक्रम सञ्चालन उद्धाटन तथा समापन माईन्यूट प्रतिलिपि लगाएतका कागजातहरू. संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | २,५५,३९९।०० |
| २२१०-२०८२।०३।२४ | वडानं ९ वडा कार्यालयको सिफारिसमा वडाहरू.मा चेकड्याम निर्माणका क्रममा प्राविधिक कर्मचारी, जनप्रतिनिधि तथा जेसिवि चालकहरू.लाई खाना/नास्ता खुवाएवापत एच.एन होटलकुडीलाई रकम रू. २५५८०।०० भुक्तानीमा- रकम भुक्तानी पुष्टि हुन बैठककागजात/उपस्थिति/फोटो आदि संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | २५,५८०।०० |

| | | |
|---|---|---|
| २२१७-२०८२।०३।२५ | वडानं २ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा ल्याव सेवा उपकरण/ औषधि खरिद वापत ओमसर्जिकल एण्ड ग्रुप प्रा.लि. धनगढीलाई रकम रू. ५००८०।०० भुक्तानीमा - खरिद भएकाजिन्सी सामाग्रीहरू.को जिन्सी दाखिला प्रतिवेदन तथा हस्तान्तरण फाराम संलग्न गरिखर्च नियमित गर्नुपर्ने । | २५,५८०।०० |
| २२२०-२०८२।०३।२५ | सिलिङ्गफान, क्यापासेटर खरिदको चौधरी इलेक्ट्रोनिक्सलाई रकम रू. ३८०० ।०० भुक्तानीमा-खरिदभएका खर्च भई नजाने जिन्सी सामाग्रीहरूको जिन्सी दाखिला प्रतिवेदन तथा फोटो संलग्न गरि खर्चनियमित गर्नुपर्ने । | ३,८००।०० |
| २२४३-२०८२।०३।२५ | कार्यपालिका निर्णय बमोजिम डेष्कटप कम्प्यूटर र प्रिन्टर जिल्ला अदालत कैलाली खरिद गरि दिएकोवापत सिद्धार्थ कम्प्यूटर एण्ड सप्लायर्स लम्कीलाई रकम रू. ९८२४०।०० भुक्तानीमा-सामाग्री खरिदको सक्कल बिल तथा मेशिनरी सामाग्रीहरू. बुझेको भरपाई, हस्तान्तरण फाराम तथा जिल्ला अदालत कैलालीको जिन्सी दाखिला प्रतिवेदन संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ९८,२४०।०० |
| २२४७-२०८२।०३।२५ | वडा नं ५ विद्यालय सहजकर्तालाई पोशाक र ब्याग वितरण कार्यक्रमको १२ सेट गेमड्रेस खरिद वापत स्मिथ अमि ट्रेड एण्ड सप्लायर्सलाई रकम रू. ४२१४७।०० भुक्तानीमा-सामाग्री मागफाराम, वडाको सिफारिस, सामाग्री वितरण भरपाई र फोटोहरू.संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ४२१४७।०० |
| **समानीकरण अनुदान :- ८०७७२५०४००१ पुँजीगत** | | |
| १३१-२०८२।०२।२१ | वडा नं ५ जैविक तटबन्धन निर्माण शीर्षकको रकम संजय बुढाको खेत नजिक चेक ड्याम मर्मत तथानिर्माण उ.स.लाई रकम रू. २३०८१०।०० भुक्तानीमा - बास/ तारजाली/ वृक्षारोपण आदिको उपयोगबाट गरिने जैविक तटबन्धनले वर्षेनीखोला/ नदिहरू.को अनेक ठाउँहरू.मा सानातिना नदि कटानमा तत्कालिका तथा केहि दिगोसुरक्षा प्राप्त हुनेगर्दछ । संलग्न कागजात, प्राविधिक बिल भरपाई तथा फोटोबमोजिम जैविक तटबन्धन निर्माण शिर्षकमा विनियोजित रकम माटोपटानी तथा अस्थायी मर्मतमा खर्च भएको तथा सो मर्मत हालसम्म पनि नरहेको बुझिएकोले यो खर्च अनियमित देखिन्छ । | २,३०,८१०।०० |
| ३२६-२०८२।०३।२५ | कन्टिन्जेन्सी शीर्षकबाट रिदम होटल भजनी ९ लाई खाजाखाना वापत रकम रू. ८१७५५।०० भुक्तानीमा — भुक्तानी पुष्टि हुने माईन्यूट, उपस्थिति/ लगबुक/ मुचुल्का लगायतका कागजात संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ८१,७५५।०० |
| **नगरपालिका विपद व्यावस्थापन कोष - ८०७७७४०५३००६०५**(चालु/ पुजीगत) | | |
| ६-चालु -२०८१।०८।१२ | विपद व्यवस्थापन कार्यक्रम विभिन्न विपद सामग्री खरिदको फिस्टेल सप्लायर्स रू.पन्देहिलाई रकम रू. ९९१८२८।०० भुक्तानीमा- नगर विपद व्यवस्थापन समितिको निर्णय बमोजिम खरिद भएका विभिन्न विपद प्रतिकार्यका आवश्यक सामाग्रीहरूको दररेट लागत अनुमान स्वीकृति र निर्धारणका आधार खुल्ने कागजात तथासामाग्रीहरू. सहिसलामत प्राप्त मूचुल्का संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ९९१८२८।०० |
| १४-पु.-२०८२।०३।२५ | नगरपालिका विपद पुर्व तयारी योजना निर्माण वापत डिजास्टर एण्ड इफोर्ट नेपाल बानेश्वरलाई रू. ४९३४७।०० भुक्तानीमा- नगरपालिकाको विपद तथा पुर्वतयारी योजना निर्माणगर्ने क्रममा गरिएको नगरपालिका स्तरिय भेला/ अन्तर्क्रिया/ बैठकको माइन्यूट वानिर्णय कागजात संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ४९३४७।०० |
| ३७-चा.-२०८२।०३।२५ | विपद व्यवस्थापन कार्यक्रम अन्तर्गत आयान होटल भजनीलाई विविध खर्च वापत रकम रू.४६९८४।०० भुक्तानीमा- खाजा खाना खर्चपरिणाम पुष्टयाई हुनेगरी कागजात संलग्न गरि खर्च नियमित गर्नुपर्ने । | ४६९८४।०० |
| **नगरपालिका शिक्षा चालु — ८०७७७४०५३०१** | | |
| २४-२०८२।०२।२३ | शैक्षिक क्यालेण्डर निर्माण शिर्षकको सुनगाभा अफसेट प्रेस काठमाण्डौलाई रकम रू. ९५११८।००भुक्तानीमा - रकम भुक्तानीको सक्कल भ्याट बिल संलग्न गरि खर्च नियमित गर्नुपर्ने। | ९५,११८।०० |

<table>
<tr><td colspan="2">संघीयससर्त चालु — ८०७७७४०५५०१</td><td></td></tr>
<tr><td>२४९-२०८२।०२।२३</td><td>सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थिका लागि छात्रवृति शीर्षकको रकम विभिन्न ३९विध्यालयलाई रकम रू. ८,५०,२००।००अनुदान निकासा गएकोमा- उक्त छात्रवृति रकमबाट लाभावान्वित भएका विद्यार्थीहरूको यथार्थ विवरण तथा बाँकी रकम (बचत रहन गएकोअवस्थामा) को विवरण विध्यालयबाट माग तथा संलग्न गरि नियमित गर्नुपर्ने ।</td><td>८,५०,२००।</td></tr>
<tr><td>२६९-२०८२।०३।०४</td><td>इबिडिविधिबाट खरिद भएको सेनिटरी प्याडकोए.जि.हेल्थ इण्डष्ट्रिज प्रा.लि रू.पन्देहीलाई रकम रू. १४२३६९३।०० भुक्तानीमा- खरिदसेनिटरी प्याडको विध्यालयलाई वितरण गरिएको भरपाई तथा सो स्यानिटरी प्याडको विध्यालयगत खर्च एवं मौज्दात बाँकी विवरण समेत माग गरि खर्च नियमित गर्नुपर्ने ।</td><td>१४,२३,६९३।००</td></tr>
<tr><td colspan="2">नगरपालिका स्वास्थ्य चालु - ८०७७७४०५३०२</td><td></td></tr>
<tr><td>५३-२०८२।०२।२०</td><td>भजनी नपा ३ आधारभूत स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन खर्च वापत अहेव सुरज के.सी.लाई रकम रू. ४९२५०।०० भुक्तानीमा- स्वास्थ्य कार्यालय खर्च भै जाने/ नजाने जिन्सी सामाग्री खरिदको जिन्सी दाखिला प्रतिवेदन, स्वीकृत माग फाराम, खरिद आदेश, स्वास्थ्य चौकि व्यवस्थापन समिति र वडा कार्यालयको भुक्तानी सिफारिसपत्र संलग्न गरि खर्च नियमित गर्नुपर्ने ।</td><td>४९२५०।००</td></tr>
<tr><td></td><td>कार्यालयमा स्थापना, सञ्चालन तथा उपयोगमा नआएका देहाय बमोजिम सफ्टवेयर खरिद भुक्तानी अनियमित देखिन्छ ।
<table>
<tr><th>क्र.सं</th><th>सफ्टवेर</th><th>गो.भौ.नं/ मिति</th><th>भुक्तानी प्रापक</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>कार्यालय दर्ता चलानी सफ्टवेयर</td><td>१८२७/ २०८२-०३-०२</td><td>सफ्टेक ए.आई. टेक्नोलोजी प्रा.लि. ललितपुर</td><td>३४४३२०।००</td></tr>
<tr><td>२</td><td>कम्प्लेन म्यानेजमेन्ट इन्फरमेसन सिस्टम</td><td>१९३६/ २०८२-०३-११</td><td>टेक्नोलिकं कम्प्यूटर सिस्टम प्रा.लि. काठमाण्डौ</td><td>४०६८००।००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>७,५१,१२०।००</td></tr>
</table></td><td>७,५१,१२०।</td></tr>
<tr><td colspan="2">जम्मा नियमित गर्नुपर्ने रू.</td><td>१०३१६२१५</td></tr>
</table>

| | |
|---|---|
| अनियमित भएको | १,०३,१६,२१५ |

४१.३

**ख) असुल गर्नुपर्ने** -

कार्यालयबाट प्राप्त प्रतिकृयाको आधारमा कायम संशोधित बेरुजु यसै प्रतिवेदनको थप बेरुजु खण्डतर्फ क्र.सं. १ मा समावेश गरिएको छ।

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१५८,५५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **खर्च पुष्ट्याई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ३९ मा भुक्तानी दिनु अघि आवश्यक बिलभरपाई संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको भुक्तानीमा आवश्यक बिल भरपाई संलग्न गरेको देखिएन। खर्चका पुष्ट्याई पेश गर्नुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| गोभौन/ मिति | बेहोरा | खर्च रु |
|---|---|---|
| २०६६। २०८२। ३।२१ | सभा संचालनमा खाजा नास्ता खर्च रु ३८०।- को दरमा १६४ वटा खाजा/नास्ताको रु ६९४८६।– खर्च लेखेकोमा १०० जनाको देखिएकोले, थप उपस्थिति पुष्टि हुने कागजात संलग्न गर्नुपर्ने अन्यथा अतिरिक्त भुक्तानी रु २४३२०।- असूल गर्नुपर्ने | २४३२० |
| २९२। २०८२। ३।२४ | वडा नं ९ वडा कार्यालयको एम्बुलेन्स मर्मतको वडा अध्यक्ष संजीव कुमार चौधरीलाई रु ५७१७९।- भुक्तानीमा - मर्मत सम्भार अभिलेख खाता संलग्न नगरेको रु | ५७१७९ |
| | जम्मा | ८१४९९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८१,४९९ |

४३ **घाटको आय**

४३.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम असुली गर्नुपर्ने व्यवस्था छ। पालिकाले विगतको र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देखिएको व्यहोरा निम्नानुसार छ।

| क्र.सं. | ठेकेदारको नाम | ठेकेदारको ठेगाना | तालको नाम | ताल रहेको वडा | ठेक्का लिएको मिति | ठेक्का रकम | हाल सम्म तिरेको रकम | गत वर्षसम्मको २०८०/०८१ सम्मको बक्यौता | यस वर्ष २०८१/०८२ कव रकम | बक्यौता रकम रु | सम्झौता सकिने मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री रबि कुँवर | वर्दगोरिया-१, कैलाली | कोलकत्ला ताल | ४ | ०३/१०/२०७८ | 3,583,666.68 | 675,000.00 | 2,148,948.23 | 759,718.45 | 2,908,666.68 | २०८२ चैत्र मसान्त |
| २ | श्री हर्क बहादुर वि.सी. | भजनी-४, कैलाली | झल्झलिया ताल | ४ | ०२/२४/२०७८ | 267,049.53 | 329,158.60 | ० | ० | ० | २०८२ चैत्र मसान्त |
| ३ | श्री निरु देवी चौधरी (ए आर. के. पशुपंक्षी तथा माछा पालन फर्म) | भजनी-४, कैलाली | लालकपरिया ताल | ४ | ०२/२६/२०७८ | 1,407,477.44 | 538,163.15 | 570,936.28 | 298,378.01 | 869,314.29 | २०८२ चैत्र मसान्त |
| ४ | श्री चमेली देवी चौधरी | भजनी-१, कैलाली | खोल्टीमटियारी ताल | ४ | ०२/२५/२०७८ | 2,819,151.12 | 531,000.00 | 1,690,505.94 | 597,645.18 | 2,288,151.12 | २०८२ चैत्र मसान्त |
| ५ | श्री सरस्वती देवी कुँवर | वर्दगोरिया-१, कैलाली | लौकाहभौकाह ताल | ४ | ०२/२८/२०७८ | 14,361,212.37 | 11,316,711.04 | | 3,044,501.33 | 3,044,501.33 | २०८२ चैत्र मसान्त |
| ६ | श्री कमलेश कुमार महतौं | भजनी-९, कैलाली | लम्की ताल | ९ | २०७८/०२/३० | 613,205.19 | 115,500.00 | 367,708.92 | 129,996.27 | 497,705.19 | २०८२ चैत्र मसान्त |
| ७ | श्री हिम्मत सिंह चौधरी | भजनी-९, कैलाली | सोसुवा ताल | ९ | ०२/२५/२०७८ | 1,600,704.45 | 301,500.00 | 959,863.54 | 339,340.91 | 1,299,204.45 | २०८२ चैत्र मसान्त |
| ८ | श्री शिशिर डगौरा | जोशीपुर-५, कैलाली | लोटिहवा सोरहवा ताल | २ | ०४/१५/२०८१ | 1,193,499.99 | 568,333.33 | | 625,166.66 | 625,166.66 | २०८४ असार मसान्त |
| ९ | श्री राम दुलारे थारु | भजनी-९, कैलाली | चुट्टिहवा ताल | ९ | ०४/१५/२०८१ | 186,900.00 | 186,900.00 | ० | ० | ० | २०८५ असार मसान्त |
| | कुल जम्मा रकम रु. | | | | | 26,032,866.77 | 14,562,266.12 | 5,737,962.91 | 5,794,746.81 | 11,532,709.72 | |

मुल्य अभिबृद्धि कर ऐन २०५३ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ। तर स्थानीय निकाय वा नेपास सरकारले मूल्य अभिबृद्धि कर लाग्ने वस्तु तथा सेवा बिक्रि गर्दा कर असुल उपर गर्नुपर्ने व्यवस्था छ। यस्ता निकाय मु. अ. कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले असुल गरेको मु. अ. कर कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं ३३११७ मा दाखिला गर्नु पर्ने थप कानुनी व्यवस्था रहेको छ। माथी तालिकामा उल्लेखित ७ व्यवसायीसँगको सम्झौता अनुसार केही रकम असुल भएको र केही रकम असुल हुन बाँकी रहेको देखिन्छ। तर कुनै पनि व्यवसायीको ठेक्का रकममा लाग्ने मु अ कर असुल गरी दाखिला गरेको नदेखिएकोले सम्झौता अनुसारको रकममा लाग्ने कर का अतिरिक्त पालिकाबाट प्रमाणित गरिदिएका रसिदबाट थप के कति मु. अ. कर .अशुल गरेका छन यकिन गरी असुल गरेको मु. अ. कर समयमा दाखिला नगरे बापत मु अ कर ऐन २०५२ अनुसार लाग्ने थप दस्तुर ब्याज र जरवाना अशुल गरेको प्रमाण सहित सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट प्रमाणित पत्र समेत पेश हुनुपर्ने देखिएको रकम रू ६,६६,६५२।२८ र किस्ता वापत अशुल गर्न बाँकी रहेको रू ५७९४७४६।८१ सुद समेत गणना गरी असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,९५,७४६.८१ |

४३.२ रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा १२ बमोजिम वार्षिक बुझाउनु पर्ने रकम तीन किस्तामा अग्रिम रुपमा बुझाउनपर्ने, समयमा नबुझाए वार्षिक १० प्रतिशतका दरले सुद लिनुपर्ने व्यवस्था छ। तर पालिकाले सो व्यहोरा पालना नहुने गरी ठेक्का बन्दोबस्त गरेका

९ व्यवसायिबाट रू 5,794,746.81 असुल गर्न बाँकी रहन गएको देखियो। त्यस्तै यस्ता ठेक्काको सम्झौता गर्दा कवोल रकमको वैंक ग्यारेन्टी लिने र तोकिएको समयमा सम्झौता अनुसारको रकम नबुझाए सोबाट अशुल गर्नपर्नेमा सो अनुसार अशुल नगर्ने र लगत पनि कायम गरी नराख्नु मनासिव देखिदैन। अत: पालिकाले प्रचलित कानुन अनुसार लिन बाँकी रकम अग्रिम रुपमा नै लिने वा कवोल रकमको बैंक ग्यारेन्टी लिने व्यवस्था हुनुपर्दछ।

४३.३ उल्लेखित व्यहोराका आधारमा पालिकाले ठेक्का बन्दोबस्त गरे पनि प्रतिस्पर्धा सीमित हुने गरी ठेक्का बन्दोबस्त गर्नु जमानत रकम माग नगर्नु अशुलीका लागि यथोचित प्रयाश नगर्नु बुझाउनु पर्ने रकम नबुझाए पनि ठेक्का अन्त्य गर्न तिर नलाग्नु तथा ऐन अनुसार तोकेको किस्ता नबुझाएको अवस्थामा समेत सम्झौता नविकरण समेत गर्दै जानुले उल्लेखित सबै ठेक्कापट्टाका कार्य नियमित र नगरपालिकाकै लाभका लागि गरिएका हुन भनि विश्वास गर्न आधार देखिदैन। यसमा सुधारका लागि नगरपालिकाको ध्यान जान आवश्यक देखिन्छ।

४३.४ रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ११ बमोजिम आर्थिक लाभ वा सार्वजनिक हितको दृष्टिकोणबाट आवश्यक देखिएमा बाहेक कुनै रकमको ठेक्का बन्दोबस्त गर्दा तीन वर्षको अवधिको लागि गरिने उल्लेख भए पनि तालिकामा उल्लेखित ९ वटा आय ठेक्का तीन वर्षभन्दा बढी अवधिका लागि गरेको पाइयो। तीन वर्षभन्दा बढीको ठेक्का बन्दोबस्त गर्नुपर्ने भए आर्थिक लाभ वा सार्वजनिक हितको दृष्टिकोणबाट आवश्यक भएर गरेको हुनु पर्नेमा सो अनुसार गरेको भन्ने आधार खुलाएको छैन। ठेक्का व्यवस्थापन गर्ने स्पष्ट आधार हुनुपर्दछ।

४४ **कर दाखिला समेत**

कार्यालयबाट प्राप्त प्रतिकृयाको आधारमा कायम संशोधित बेरुजु यसै प्रतिवेदनको थप बेरुजु खण्डतर्फ क्र.सं. २ मा समावेश गरिएको छ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **११२,६६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **खर्चको प्रभावकारिता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा खर्चको प्रभावकारिता सुनिश्चत गर्नपर्ने व्यवस्था छ । पालिकाले देहायका खर्चमा नियमको पालना गरी खर्च गरेको देखिएन। उक्त खर्च नियमित गर्नुपर्ने रु.

| गोभौन/ मिति | बेहोरा | रकम |
|---|---|---|
| २०६७। २०८२। ३।२१ | बेल जुस उद्योग प्रवर्द्धन कार्यक्रम शीर्षकको रकम श्री वन संरक्षण बहुउद्धेश्यीय सहकारी संस्था लि. भजनीलाई सोफासेट/ल्यापटप/प्रिन्टर/दराज/टेवल/कुर्सी खरिदमा हिमाल कम्प्यूट्रोनिक्स एण्ड इन्सिच्युट सुर्खेतलाई रु १८९०००।- भुक्तानीमा- बेल जुस उद्योग प्रवद्धन शीर्षकमा विनियोजित रकमबाट सो उद्योग प्रवद्धनमा सहयोग हुने मेशिनरी प्रविधि/सिप विकास/बजारीकरण/प्याकिग-ब्रान्डिङ्ग प्रविधिमा खर्च हुनुपर्नेमा सहकारीको कार्यालय व्यवस्थापनमा खर्च भएकोले नियमित नदेखिएको रु | १८९००० |
| २६४। २०८२। ३।२३ | भजनी नगरपालिका वडा १ मा सडक बत्ती मर्मत सामना कम्प्यूटर एंड मल्टी सप्लायर्स जोशीपुरलाई रु २३५५०२।- भुक्तानीमा- कार्य सम्पन्नको लागि प्राविधिक बिल, कार्य सम्पन्न प्रतिवेदन, नापी किताव लगायतका कागजातहरु नभएको तथा नियमानुसार खरिद नभएकोले नियमित गर्नुपर्ने रु | २३५५०२ |
| २९३। २०८२। ३।२४ | नगरपालिका चालु गो.भौ.नं २२०९ बाट रकम रु ३०००००।- तथा यस भौचरबाट मिथुन कुमारी चौधरीलाई चेक ड्याम निर्माणमा रु ७००७४७।– भुक्तानी गर्दा खरिद विधि नखुलेकोले नियमित गर्नुपर्ने रु | ७००७४७ |
| ३२२। २०८२। २६ | १७५७००।- भुक्तानीमा - रकम भुक्तानीको लागि टिप्पणी , प्रकासित सूचना कागजात तथा सक्कल बिल संलग्न नगरेकोले नियमित गर्नुपर्ने रु | १७५७०० |
| ५९। २०८१। ८।५ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत ५५५ वटा न्यानो झोला खरिदको प्रशन्ना गारमेन्ट गौरिगंगालाई रु ४७४३९८।- भुक्तानीमा - खरिदको उद्धेश्य बमोजिम न्यानो झोलाहरु सम्बन्धितलाई वितरण गरिएको वितरण भरपाई र मुचुल्का संलग्न खर्च नियमित गर्नुपर्ने रु | ४७४३९८ |
| २४३। २०८२। | वडा नं ३ वडा सचिव कमल प्रसाद चौधरीलाई वडा कार्यालय छाना तथा शौचालय मर्मतमा रु ९९९१८।०० खर्च भएको रकम | ९९९१८ |

| | | |
|---|---|---|
| ३।२२ | नगरसभाबाट समर्थन नदेखिएको रु | |
| २। २०८१। ७।२९ | पडरिया चोकदेखि ठेकिपुरसम्म बाटो तथा नाली निर्माण कार्यको प्रथम रनिङ्ग बिल रकम रु १९९४४३२।- काफली कन्सट्रक्सन धनगढीलाई पेश्की दिई कार्य गराएकोले पेश्की फर्स्यौटमा मूअकर रु ६८५४२।- दाखिला गरी खर्च नियमित गर्नुपर्ने रु | ६८५४२ |
| १५४। २०८२। २।३० | हिउदे नगरसभाबाट भाडामा २ वटा जेसिबी ल्यायर चेक ड्याम निर्माण नाली सरसफाई इन्धन समेत शीर्षकको रकम वडा नं ५,७,८,९ मा नाली सरसफाई तथा खोला चेक ड्याम मर्मतको गाडी मालिक मिथुन कुमार चौधरीलाई बहाल रु ९५,४५०।- को करकट्टि पश्चात रु ८९७८६२।- भुक्तानीमा- कार्यालयको आफ्नै जेसिबि/जेसिबी प्रयोगमा उल्लेख्य इन्धन खर्चका बावजुद व्यक्तिगत रुपमा दररेट प्रतिशपर्धा गराई गरिएको मर्मत कार्य सार्वजनिक खरिद कानुनको दफा ८५ को सोझै खरिद विधिको प्रावधानसंग अनुकुल नदेखिएकोले उक्त खर्च नियमित गर्नुपर्ने रु | ८९७८६२ |
| | जम्मा | २८४१६६९ |

| | |
|---|---|
| अनियमित भएको | २८,४१,६६९ |

४६ **विद्युत पोल तथा तार खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नुपर्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा विद्युतका पोल र तार खरिद बापत गो.भौ.नं. २३९(२०८२।०३।२२)बाट श्री बालाजी ह्यूम पाइप तथा विद्युत पोल उद्योग प्रा.लि.लाई रू. २८,२७,२६०।००भुक्तानी गरेको छ। खरिद गरिएका विद्युत पोल तथा तारको माग विवरण, जडान विवरण, खपतको प्रमाणित नाप जाँच, जडान फोटो लगायत खर्च पुष्टि गर्ने कागजात संलग्न छैन। पालिकाले वास्तविक मागमा आधारित भएर मात्रै यस किसिका सामग्री खरिद गर्ने तथा समयमै जडान गरी प्राविधिक नाँपजाँच सहित खर्च पुष्टि गर्ने कागजात स्रेस्ता साथ संलग्न गर्नुपर्दछ। खरिद गरिएका केही विद्युतका पोलहरु तथा तार पालिकाको परिसरमा यत्रतत्र छरपस्ट पारेको देखिन्छ। यसबाट एकातिर खरिद गरिएका विद्युतका पोल तथा तार वास्तविक मागमा आधारित भई निश्चित योजनाको लागि खरिद भएको हुन भनी यकिन हुन सकिदैंन भने अर्को तिर खरिद गरी सुरक्षित भण्डारण नहुँदा चोरी हुने, हराउने टुटफूट हुने तथा गुणस्तरमा ह्रास आउने जोखिम देखिन्छ। अत: पालिकाले खरिद गरिएको विद्युत पोल तथा तार के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताब, जडान प्रतिवेदन, फोटो लगायत खर्च पुष्टि गर्ने पेश हुनु पर्ने रु.२८,२७,२६०।००

| **सप्लायर्सको नाम** | **खरिद भएको सामान** | **भुक्तानी रू.** |
|---|---|---|
| श्री बालाजी ह्यूम पाइप तथा विद्युत पोल उद्योग प्रा.लि. | क) विद्युत पोल(९ मीटर)-२५० थान<br>ख) एसी केबल (९५व.मी.)-५०० मिटर<br>ग) कन्डक्टर तार — ६००० मिटर | २८२७२६० |



| प्रमाण पेश नगरेको | २८,२७,२६० |
|---|---|

४७ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने एवं एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शीर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने र मिल्दोजुल्दो शीर्षकवाट बजेट खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार तोकिए भन्दा फरक शीर्षकवाट खर्च गरेकोले बजेट सम्बन्धित शीर्षक/ क्षेत्रमा खर्च नभई अन्यत्र खर्च हुँदा लक्ष्य अनुरुपको प्रतिफल प्राप्त हुने देखिंदैन। यसरी बजेट खर्च गर्दा शीर्षक फरक पारी खर्च गरेको नियमसम्मत नदेखिएको रू.

| क्र.सं. | गो.भो.नं. र मिति | खर्चको विरण | भुक्तानी रू. |
|---|---|---|---|
| १ | २६२(२०८२।०३।२३)पालिका पुँजीगत | नव बिहानी विद्युत सहकारी संस्थालाई ट्रान्सफर्मर खरिद शीर्षकबाट वडा सचिव श्री जीवन कुमार चौधरीलाई अनुगमन गरेको भत्ता भुक्तानी | ४३७५० |
| २ | १३१(२०८२।०२।२१)पालिका पुँजीगत | वडा नं ५ जैविक तटबन्धन निर्माण शीर्षकको रकम संजय बुढाको खेत नजिक चेक ड्याम मर्मत तथा निर्माण उपभोक्ता समितिलाई भुक्तानी | २४१५६० |
| ३ | २४३(२०८२।०३।२२) पालिका पुँजीगत | वडा भित्रका झरना कुलो मर्मत सरसफाई शीर्षकबाट वडा नं ३ वडा सचिव कमल प्रसाद चौधरीलाई वडा कार्यालय छाना तथा शौचालय मर्मतको भुक्तानी | ९९९१८ |
| ४ | ३३४(२०८२।०३।२५) पालिका पुँजीगत | पुँजीगत कन्टिन्जेन्सी पुँजीगत शीर्षकबाट नगर सभा बैठक भत्ता भुक्तानी | ६0000 |
| जम्मा | | | ४४५२२८ |

| अनियमित भएको | ४,४५,२२८ |
|---|---|

४८ **सक्कल बिल बिजक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले देहायबमोजिम रु ३२६२४७।०० भुक्तानी गर्दा सक्कल बिल बिजक संलग्न नगरी बिलको छाँयाप्रतिको आधारमा भुक्तानी गरेको छ । पालिकाले उक्भत खर्चको सक्कल बिलबिजक पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| सि.नं. | गो.भौ.नं. र मिति | फर्मको नाम | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | १६(२०८१।०९।२६) पालिका पुँजीगत | जोइन मिडिया हाउस प्रा.लि. अनामनगर काठमाडौं | ६५२५७ | सौर्य दैनिक पत्रिकामा सूचना प्रकाशन बिजक नं. ७०३ मिति २०८१।०९।२५ |
| २ | १७(२०८१।०९।२६)पालिका पुँजीगत | जोइन मिडिया हाउस प्रा.लि. अनामनगर काठमाडौं | ७११९० | नयाँ पत्रिका दैनिकमा सूचना प्रकाशन बिजक नं. ७०१ मिति २०८१।०९।२५ |
| ३ | ३२२(२०८२।०३।२५)पालिका पुँजीगत | जोइन मिडिया हाउस प्रा.लि. अनामनगर काठमाडौं | १८९८०० | मध्यान्ह दैनिकमा सूचना प्रकाशन बिजक नं. २०१ मिति २०८२।०३।१५ |
| जम्मा रू. | | | ३२६२४७ | |

| प्रमाण पेश नगरेको | ३,२६,२४७ |
|---|---|

## ४९ ब्याकहो लोडर भाडामा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने र नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रूपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा हिउँदे नगरसभाबाट भाडामा २ वटा जेसिबी ल्यायर चेक ड्याम निर्माणनाली सरसफाई शीर्षकबाट वडा नं ५,७,८,९ मा नाली सरसफाई तथा खोलाचेक ड्याम मर्मत कार्यको लागि सवारी धनी मिथुन कुमार चौधरीलाई गो.भौ.नं.१५४(२०८२।०२।३०पालिका पुँजीगत) बाट रू. ९९३९३५।०० भुक्तानी गरेको देखिन्छ। पालिकाले ब्याकहो लोडर मार्फत निर्माणनाली सरसफाई कार्य खरिद गर्दा मौजुदा सूचीमा नरहेका र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेको व्यक्ति/ फर्मबाट प्रस्ताव माग गरी सोझै खरिद गरेको देखिन्छ। पालिकाले आफ्नो पालिकामा रहेको ब्याकहो लोडरको प्रयोग गरी नाला सरसफाई गर्नुपर्नेमा नाला सरसफाई कार्यको लागि व्यक्तिगत ब्याकहोलोडरसँग कार्य गराई भुक्तानी दिएको देखिन्छ।नाला सरसफाई कार्यको लागि पालिकाले मौजुदा सूचीमा नरहेको तथा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्तिसँग सोझै खरिद गरेको कार्य नियमसम्मत देखिएन। अत: पालिकाको आफ्नै ब्याकहोलोडर प्रयोग नगर्नुको कारण खुलाई भएको खर्च नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ९,९३,९३५ |

## ५० खर्च पुष्ट्याई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा नव विहानी ग्रामीण विद्युत सहकारी संस्था लि.भजनी न.पा. वडा नं.८ लाई ट्रान्सफरमर जडानको खर्च गो.भौ.नं.२७४(२०८२।०३।२४ पालिका पुँजीगत) बाट रू.४५६८१।०० भुक्तानी गरेको देखिन्छ। रकम भुक्तानी गर्दा खर्च पुष्टि गर्ने कागजात संलग्न गरेको नदेखिएकोले ट्रान्सफरमर जडान गरे नगरेको यकिन हुन सकिदैंन। अत: खर्च पुष्टि गर्ने बिल भरपाई, प्राविधिक नाँपजाँच लगायत खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,६८१ |

## ५१ मर्मत आदेश

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा ९ नं वडा कार्यालयको एम्बुलेन्स मर्मतमा वडा अध्यक्ष संजीवकुमार चौधरीलाई गो.भौ.नं.२९२(२०८२।०३।२४ पालिका पुँजीगत)बाट रू. ५७१७९।०० भुक्तानी दिएको देखिन्छ। खर्च भुक्तानी दिंदा मर्मत आदेश,जिन्सी मर्मत सम्भारतथा अभिलेख खाता संलग्न गरेको देखिएन। अत: मर्मत आदेश,जिन्सी मर्मत सम्भार अभिलेख खाता संलग्न गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७,१७९ |

## ५२ उपभोक्ता समिति मार्फत कार्य

५२.१ **खर्च सार्वजनिकीकरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिलभरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पूर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइनुट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन। पालिकाले नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समिति मार्फत कार्य गराउनुपर्दछ ।

५२.२ **उपभोक्ता समितिबाट निर्माण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा पालिकाले ११७ उपभोक्ता समितबाटकार्य गराई रू. ७०१९१३७१।०० खर्च भुक्तानी गरेको देखिन्छ। धेरैजसो उपभोक्ता समितिले नहर निर्माण कार्य, सडक स्तरोन्नतीको कार्य,

ग्याविनको कार्य तथा भवन निर्माण, कम्पाउन्ड वाल निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेको र उक्त निर्माण कार्य ल्याब परीक्षण नहुने हुदाँ गुणस्तर कायम हुन नसक्ने देखिन्छ। नियमावलीले गरेको व्यवस्था बमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट नगर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

५२.३ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

५२.४ **उपभोक्ता समिति दर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैंन। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष विभिन्न 1१७ उपभोक्ता समितिसँग सम्झौता गरी विभिन्न कार्यहरु गराई रकम भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरू स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्ने अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाई हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

५२.५ **उपभोक्ता समिति मार्फत कार्य -** सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउने उल्लेख छ। पालिकाले सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन। यस्तो अवस्थामा उपभोक्ता समितिको नामबाट भएका विभिन्न बैठक तथा सार्वजनिक सुनुवाई सहितका कार्य यथार्थ रुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

५२.६ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

५२.७ **अग्रिम कर** - आय कर ऐन २०५८ को दफा ८९ (३क) मा उपभोक्ता समितिबाट गराएको काममा पचास लाख भन्दा बढी भुक्तानी भएमा १.५ प्रतिशत अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ। नमूना परीक्षणको क्रममा पालिकाले यस आर्थिक वर्ष निम्न उपभोक्ता समितिका कार्यको पचास लाख भन्दा बढी सम्झौता गरी भुक्तानी गरेको देखिएकोमा पूर्ण कर कट्टी गरेको देखिएन । यसरी कर कट्टी छुट भएको देखिएको रू. ३९१३८असुल गरी दाखिला गर्नु पर्ने देखिएको रू.

| गो.भौ.नं. | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | कर कट्टी हुनु पर्ने | कर कट्टी भएको | दाखिला गर्नुपर्ने बाँकी कर |
|---|---|---|---|---|---|
| ३६(२०८२। ०३।२४) | थारु संग्राहलय भौतिक पूर्वाधार निर्माण उ.स. भजनी २ कैली | ६३७४९०२ | ९५६२४ | १५९२६ | १७४४० |
| १५(२०८१। ०२।३०) | नवज्योती आधारभूत विद्यालयलाई चारकोठे भवन निर्माण उस | प्रथम रनिङ्ग बिल ३१,३२,२६६ | ८७४१७ | ७३२७९ | १४१३८ |
| २७(२०८२। ०३।१५) | | अन्तिम विल २६,९५,५५९ | | | |
| १९(२०८२। ०२।१९) | दुर्गा मा.वि.कुसुमघाट भजनी ३ लाई चार कोठे पक्की भवन निर्माण कार्य उस | प्रथम रनिङ्ग बिल ३२,४१,५४८ | ७८१९५ | ७०६८९ | ७५६० |
| ३४(२०८२। ०३।२४) | | अन्तिम बिल १९,७१,४६९ | | | |
| जम्मा | | | | | ३९१३८ |

५२.८ **हस्तान्तरण नहुने योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा त्यस्ता कार्यको मर्मत सम्भार समेत उपभोक्ता समितिबाट गराउने गरी मात्र खरिद सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ। नमूना परीक्षणको क्रममा पालिकाले यस वर्ष सरकारी संरचनाको निर्माण तथा हस्तान्तरण गर्न नमिल्ने र उपभोक्ता समितिले मर्मत सम्भार नगर्ने देहाय बमोजिमका कार्य उपभोक्ता समितिबाट गराएको पाईयो। यसरी योजना निर्माण गरी उपभोक्ता समितिबाट खरिद कार्य गरेको नियमसंगत मान्न सकिदैंन। यस्ता कार्यमा सुधार गर्नुपर्दछ।

| सि.नं | योजनाको नाम | कार्यविवरण | जन श्रमदान | पालिकाबाट भुक्तानी |
|---|---|---|---|---|
| १ | दलित भवन देखि पश्चिम रंगशाला जाने बाटो सम्म ग्राभेल | बाटो ग्राभेल | २७१०३ | २००००० |
| २ | मोहनपुर एनसेलको टावर देखि अगाडी कल्भर्ट सम्म स्तरउन्नती | सडक ग्राभेल | ७९६४१ | ४८५००० |
| ३ | वडा नं.८ कार्यालयको माटो पटानी | माटो पटानी | २२७२९ | २१६७२९ |
| ४ | हिम्मतपुर प्रदेशी चौधरी को घर देखी चर्च सम्म पानी पिच रोलर सहित | सडक पानि पिच | ७२२६३.५४ | ४८५००० |
| ५ | वडा कार्यालयको मुख्य गेट निर्माण योजना | गेट निर्माण | २३९५८.१५ | १४९८५७ |
| ६ | जैविक तट्बन्ध निर्माण कन्द्रा नदी खुरखुरिया | जैविक तटबन्धनिर्माण | ८१८७७.१६ | ४८५००० |

५२.९ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक, लिफ्ट जडान लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य गर्दा उपभोक्ता समितिबाट निर्माण भएको कामको गुणस्तर परीक्षण समेत नगरेकोले उपभोक्ता समितले गरेको काम गुणस्तर छ भन्न सकिने अवस्था छैन। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीक फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:

| सि.नं. | योजनाकोनाम | कार्यविवरण | जन श्रमदान | पालिकाबाटभुक्तानी |
|---|---|---|---|---|
| १ | लवारीको घरदेखि भगरा जाने सडकमा ग्भेल रोलर सहित | सडकग्राभेल | ५३६४०.३२ | ३८८००० |
| २ | चारकोठेभवन निर्माण नव ज्योति आ वि विजुलिया | ४ कोठे भवननिर्माण | ८१२५३२.१ | ५८६८५०० |
| ३ | अधुरो इदगहभवन निर्माण | अधुरोइद्गह निर्माण | २१४२४.२ | १९२००० |
| ४ | अधुरोमहिला भवन निर्माण | अधुरोभवननिर्माण | ६१८८५.२२ | ४८५००० |
| ५ | वडा नं८ खैरामा रामस्वरुपको घर नजिक काँढा नदी कटान क्षेत्रमातट्बन्ध | तटबन्धनिर्माण | ४९५०९ | ३८८००० |
| ६ | खुसीरामको घर देखि दक्षिण गणेश डीसीको घर सम्म पानी पिच | सडकग्राभेल | ७२०८१.९८ | ४८५००० |

५३ **कार्यालय संचालन**

५३.१ **कार्यक्रम संचालनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार कार्यक्रम संचालन गर्दा संभव भएसम्म कर्मचारीलाई पेश्की नदिई मितब्ययिता कायम हुने गरी प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्ने ब्यवस्था छ । नगरपाालिकामा रहेका देहायका कर्मचारीले आफ्नै खातामा पाउने तलव तथा भत्ताका अतिरिक्त कार्यक्रम संचालन/ खरिद पेश्की समेत लिई बार्षिक रुपमा करकट्टि पछिको खुद भुक्तानी लिएको पाइयो । प्रतिस्पर्धाबाट खरिद गर्नुपर्ने मालसामान तथा सेवा आफैंले खरिद गरेको देखिएको (सूत्र सफ्टवेयरबाट प्राप्त विवरणबाट) छ । नियममा तोकिए अनुसार कार्यक्रम संचालन गरी सम्बन्धितलाई नै भुक्तानी गर्ने ब्यवस्था मिलाई प्रतिस्पर्धा मार्फत खरिद कार्य गरी सम्बन्धित आपुर्तिकतकिै नाममा भुक्तानी हुने तथा पेश्की दिई कार्यक्रम संचालन गर्दा मितब्ययी हुने तरिका नअपनाई गरेको खर्च मनासिब देखिएन । यसप्रकारले गर्ने खर्चमा नियन्त्रण गरी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने सामान र सेवाको विवरण/सुची तयार गरी प्रतिस्पर्धा मार्फत खरिद गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

| कर्मचारीको नाम थर | पद | यो वर्ष प्राप्त खुद रु | खर्चको मुख्य व्यहोरा |
|---|---|---|---|
| पुर्णप्रसाद चौधरी | कानुन अधिकृत | ११७३०६२।०० | कानुन निर्माण लगायतमा । |
| प्रद्युमन चौधरी | सहायक चौथो | १२३६३०७।०० | |
| हरिलाल जैशी | अधिकृत छैठौं | ६८९०४७।०० | पशु स्वास्थ्य शिविर (४।२०८१।८।२१) रु ४०००००।०० पेश्की समेत । |
| लक्ष्मीदेवी चौधरी | सिअनमी छैठौं | ३६८८०३७।०० | कार्यक्रम संचालन रु ११२९१३३।००, प्रजनन् रुग्णता रु २५०३९०।०० लगायत । |
| कैलाश डगौरा थारु | जनस्वास्थ्य निरीक्षक | १२८९०९६।०० | कार्यक्रम संचालन समेत । |
| पंखवहादुर साह | शिक्षा अधिकृत | २८०२६३२।०० | सडक नाटक रु ३०००००।०० तथा मागमा आधारित तालिम रु ३५००००।०० लगायत । |

नगरपालिकाले कार्य सम्पादनमा सबै कामको प्रक्रिया, कार्यालयका सबै कमर्चारीहरु जानकार हुने व्यवस्था, हरेक क्रियाकलाप अनुगमन र सुपरभिजन हुने व्यवस्था, कर्मचारीको कार्यविभाजन, अधिकार र जिम्मेवारी, कार्य विभाजन बमोजिमको सुपरभिजन

व्यवस्था समेत प्रभावकारी रहेको देखिएन । कार्यक्रम संचालनमा पारदर्शिता एवं प्रभावकारिता अपनाई खर्चमा मितब्ययिता कायम गर्नुपर्दछ ।

५३.२ **सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलनः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिमको तोकिएका सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले यस सम्बन्धमा प्रभावकारी कार्य सम्पादन गरेको देखिएन । यस सम्बन्धमा देखिएका थप ब्यहोराहरु निम्न छन ।

- सूचना अधिकारी तोकेको ।
- सूचना वर्गीकरण र अद्यावधिक नगरेको ।
- तीन-तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित नगरेको ।
- कार्यालयको वेभसाइट रहेको ।
- कार्यालयसँग माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख नराखेको ।
- सार्वजनिक सेवा प्रवाह गरेको देखिने एकीकृत अभिलेख नराखेको ।
- सार्वजनिक सुनुवाई नगरेको ।
- नगर कार्यपालिकाको निर्णय सार्वजनिक नगरेको ।
- वडा १ स्थित २ तल्ले सेफहाउसको वैकल्पिक उपयोग नगरेको ।



- वडा १ स्थित खेलकुद रङ्गशालाको अधुरो भवन पुरा नगरेको ।



- अनुदानग्राहीको नामावली सार्वजनिक नगरेको ।

उल्लिखित ब्यहोरालाई ध्यान दिई सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलनमा सहजीकरण र नागरिकमैत्री बनाउनुपर्दछ ।

५३.३ **आन्तरिक आयः** भजनी नगरपालिकाको आर्थिक ऐन, २०८१ तथा कार्यपालिकाको निर्णय अनुसार आन्तरिक आय संकलन गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले देहाय अनुसार आय संकलन गर्न सकेको देखिएन । पूर्व तयारी तथा निरन्तर अनुगमन एवं मूल्यांकन गरी सार्वजनिक सुनुवाई समेतको आधार लिई आन्तरिक आय वढाउन नगरपालिकाले ध्यान दिनुपर्दछ ।

- नगर कार्यपालिकाको २०८१।५।१७ को निर्णयले कौवाखेडा घाट ठेक्का नखोल्ने निर्णय गरेको ।
- नजिकका पालिकासँग समन्वय गरी आय संकलन गर्न पर्याप्त ध्यान नदिएको ।
- नगरपालिका भित्र रहेका पर्यटकीय तथा धार्मिक स्थल समेतको आय संकलन गर्न सकिने क्षेत्र पहिचान गरी आय संकलन नगरेको ।
- नगरपालिका भित्र रहेका सःमिल तथा चिम्नी ईट्टा उद्योगको दर्ता तथा नविकरण गरी आम्दानी नगरेको ।
- तीन पाङ्ग्रे सवारी साधन (अटोरिक्सा) को दर्ता तथा नविकरण कार्य गरी आय संकलन नगरेको ।
- नगरपालिका तथा वडा कार्यालयमा रहेका सभाहलको उपयोग गरी आम्दानी प्राप्त नगरेको ।
- वडा कार्यालयहरुमा रहेका टहरा तथा सटरको नगरपालिकाले एकीन गरी आम्दानी गर्नुपर्ने ।
- निजी विद्यालयको अभिलेख अद्यावधिक गरी आर्थिक ऐन २०८१ अनुसार नविकरण शुल्क प्राप्त गर्नुपर्ने ।

५३.४ **खर्च प्रभावकारिताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सरकारी खर्चको प्रभावकारिता सुनिश्चित गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले उदाहरणस्वरुप देहाय अनुसार गरेको खर्चको प्रभावकारिता सुनिश्चित गर्न सकिएन । नगरपालिका भित्र तयार भएका र हुने संरचना तथा कार्यक्रमको उद्धेश्य अनुसार उपयोग गर्न सकिने गरी खर्चको प्रभावकारिता बढाउनुपर्दछ ।

| सि.नं. | खर्च विवरण | वजेट।खर्च रु | कैफियत |
|---|---|---|---|
| १ | कोल्ड स्टोर निर्माण | प्रदेश सरकारबाट खर्च भएको नगरपालिकाले जनाएको | वडा ४ मा अधुरो रहेको । |
| २ | भेण्डिङ मेसिन | १००००००।०० | उपयोगको प्रभावकारिता नदेखिएको |

५३.५ **कार्यालय संचालनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा उपलब्धि समेत सुनिश्चित हुनुपर्ने विषय समावेश छ। नगरपालिकाले यो वर्ष देहायका चालु प्रकृतिका शीर्षकमा खर्च गरेतापनि खर्च घटाउन पर्याप्त तयारी नगरेकोले खर्चको प्रभावकारिता सुनिश्चित गर्न सकिएन । वडा संख्या ९ भएको यो नगरपालिकाले कार्यालय संचालन खर्चमा मितब्ययिता कायम गर्नुपर्दछ ।

| खर्च शीर्षक नं. | खर्च शीर्षक | खर्च रु | गतवर्षको खर्च रु | यो वर्षको खर्च गतको तुलनामा बढे। घटेको |
|---|---|---|---|---|
| २२१११ | पानी तथा विजुली | १५२६९९०।०० | २२६५४६८।०० | खर्च घटेको । |
| २२७११ | विविध खर्च | १८२१७७१०।०० | ६९६४५५९।०० | खर्च बढेको । |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | २२४९६१९।०० | ४०९२८२४।०० | खर्च घटेको । |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन ) | ७५३०६६६।०० | ४५९३२८२।०० | खर्च बढेको । |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २००००००।०० | ४२११८६।०० | खर्च बढेको । |
| २८१४२ | घरभाडा | ६८६०००।०० | ४६६०००।०० | खर्च बढेको । |
| २२७२१ | सभा संचालन खर्च | ९८२९४०।०० | ४३३८०७।०० | खर्च वढेको । |

५३.६ **आर्थिक सहायताः** स्थानीय सरकार संचालन ऐन, २०७४ समेतले पालिका भित्र विपन्न तथा असहायलाई आर्थिक सहायता दिन सकिने ब्यवस्था गरेको छ । नगर कार्यपालिकाको निर्णयले उदाहरणस्वरुप देहाय अनुसार पदाधिकारी तथा अन्य जिल्लाका व्यक्तिलाई आर्थिक सहायता दिएको मनासिब देखिएन । यस्तो खर्चमा नियन्त्रण गरी भएको खर्च नियमित गर्नुपर्ने रु

| सि.नं. | सहायता पाउनेको नाम | सहायता रु | कैफियत |
|---|---|---|---|
| १ | उपप्रमुख राजु तिरुवा | १२५०००।०० | नगर उपप्रमुख |
| २ | गणेश वहादुर विक | १०००००।०० | कार्यपालिका सदस्य |
| ३ | विजय रुपाखेती | २५०००।०० | धुनिवेसी ८ धादिङ निवासी |
| | जम्मा | २५००००।०० | |

| | |
|---|---|
| अनियमित भएको | २,५०,००० |

## ५४ कार्यविधिको पालना

सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को दफा १३ मा उपभोक्ता समितिको खाता आयोजना कार्यान्वयन गर्ने निकायले तोकेको बैंक वा वित्तीय संस्थामा सञ्चालन गर्नुपर्ने र दफा १४(१)आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिको नाममा रहेको बैंक खाता मार्फत दिनुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा पालिकाका विभिन्न वडामा चेकडयाम बनाएको कार्यको लागि गो.भौ.नं.२९३(२०८२।०३।२४पालिका पुँजीगत)बाट मिथुन कुमार चौधरीलाई रू. ४३६४६५।०० र गो.भौ.नं २२०९(२०८२।०३।२४पालिका चालु)बाटरू . ३०००००।०० गरी जम्मारू . ७३६४६५।०० भुक्तानी दिएको देखिन्छ। कार्यविधि बमोजिम रितपूर्वक उपभोक्ता समिति गठन गरी खाता सञ्चालन भएको निस्सा स्रेस्तामा संलग्न देखिंदैन। कार्यविधिमा आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिको नाममा रहेको बैंक मार्फत दिनुपर्नेमा सो प्रक्रियाको पालना नगरी सोझै व्यक्तिको खातामा भुक्तानी गरेको देखिन्छ। जसबाट आयोजनाको लागि भुक्तानी गरिएको रकमको सदुपयोग भए नभएको सम्बन्धमा यकिन हुन सकिंदैन। यसरी कार्यविधिमा स्पष्ट उल्लेख भएको कार्यविधिको पालना नगरी कार्यविधि विपरित भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई खर्च सदुपयोग भएको आधार समेत पेश गरी खर्च नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ७,३६,४६५ |

## ५५ अन्य कार्यालय खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्यदक्षता र औचित्यताका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ। तर पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको कार्यालय तथा संस्थाको लागि बजेट विनियोजन नगरी गरिएको निम्नानुसारको खर्च रू. ३६८०१३६।०० मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने देखिएकोले यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गरी नियमित गर्नुपर्ने रू.

| क्र.सं. | गो.भौ.नं. र मिति | खर्च विवरण | भुक्तानी रू. |
|---|---|---|---|
| १ | १२२(२०८२।०२। २४)पालिका पुँजीगत | दियाबाती बचत तथा ऋण सहकारी भवन निर्माण बापत दियाबाती बचत तथा ऋण सहकारी भवन निर्माण उपभोक्ता समितिलाई भुक्तानी | ८६१६०६ |
| २ | २१९(२०८२।०३। १९)पालिका पुँजीगत | | ८७७४९६ |
| ३ | ३५(२०८१।१०। २४)पालिका पुँजीगत | कटानपुर ग्रामिण विद्युत सहकारी लि.का लागि कम्प्युटर र प्रिन्टरव्यवस्थापनको लागि माइक्रोहार्ड कम्प्युटर प्रा.लि. लाई भुक्तानी | ६९८७९ |
| ४ | १४८(२०८२।०२। २७)पालिका पुँजीगत | नव बिहानी विद्युत सहकारी संस्था सुनाफाटालाई ५० KV को ट्रान्सफर्मर खरिद बापत हिमालय इन्जिनियरिंग वर्कसप एण्ड ट्रेडर्स नेपालगंजलाई भुक्तानी | ५०४८६६ |
| ५ | २६३(२०८२।०३। २३)पालिका पुँजीगत | पतन्जली योग शिविर भवन निर्माण बापत पतन्जली योग शिविर भवन निर्माण उ.स.भजनी १ लाई भुक्तानी | ९५९०४७ |
| ६ | २२५(२०८२।०३। २०)पालिका पुँजीगत | ७ नं. वडा सचिव श्री जया प्रसाद ढुंगानालाई सिमा प्रहरी चौकी पृथ्वीपुरमा सेफ्टी टंकी तथा शौचालय निर्माण कार्यको भुक्तानी | ५३११८ |
| ७ | २२४३(२०८२।३। २५)पालिका चालु | जिल्ला अदालतलाई ल्यापटप र प्रिन्टर खरिद | ९८२४० |
| ८ | २०६७(२०८२।३। २१)पालिका चालु | वन संरक्षण वहुउदेशीय सहकारी संस्थालाई फर्नीचर खरिद | १९८४२४ |
| ९ | १७०३(२०८२।२। २१) पालिका चालु | भजनी साहित्य समाजलाई फर्नीचर खरिद | ५७४६० |
| जम्मा | | | ३६८०१३६ |

| | |
|---|---|
| अनियमित भएको | ३६,८०,१३६ |

## ५६ निर्माणतर्फ

५६.१ **निर्माणसम्बन्धी नयाँ सरकारी लेखा फाराम -** सरकारी लेखा निर्देशिका, २०७३ बमोजिम सार्वजनिक निर्माणको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशासन शाखा प्रमुखको हुने र सार्वजनिक निर्माणको लेखाको प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टाछुट्टै लागत अनुमान, कार्य अभिलेख खाता, आइटमवाईज कार्य अभिलेख खाता, ठेक्केदारको व्यक्तिगत खाता, नापी किताब नियन्त्रण अभिलेख, डोर हाजिरी नियन्त्रण किताब, लगायतका अनुसुची तथा स्वीकृत म.ले.प.फारमहरु प्रयोग गरी अभिलेख राख्नुपर्दछ। कार्यालयले यस वर्ष समेत निर्माण सम्बन्धी नयाँ म.ले.प.फा.नं. ५०० देखि ५१४ सम्म फारामहरु प्रयोग गरेको पाइएन। यसबाट तोकिएका विवरणहरु तोकिएको ढाचाँमा प्राप्त नहुने तथा तोकिएको अभिलेख नराख्दा दोहोरो रुपमा सार्वजनिक निर्माण कार्य नभएको तथा आर्थिक अनुशासन र पारदर्शिता कायम भएको यकिन गर्न सकिने देखिएन।

५६.२ **नापी किताब र नापी किताब नियन्त्रण खाताः** लेखा निर्देशिका २०७३ मा कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्दछ। यो किताब लुज सिटमा नराखी सुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट सुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ। नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी सम्बन्धित प्राविधिकलाई नापी किताब दिदाँ यस अभिलेख खातामा चढाएरमात्र दिने गर्नुपर्दछ । पालिकाले तोकिएको प्रक्रिया पुर्‍याइ नापी किताब तयार तथा नापी किताब नियन्त्रण खाता राखेको छैन। यसकारण गत विगतमा भई सकेको कार्य पुनः दोहोरिएको हुन सक्ने सम्भावना धेरै देखिन्छ।

५६.३ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५६.४ **बोलपत्रको मूल्याङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रूपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रूपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्र दातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ३३ प्रतिशतसम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिब ६७ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिँदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

(रकम रू. हजारमा)

| S.N. | Contract No. | Name of project | Name of the Contractor | Estimate Amount (with VAT) | Contract Amount (with VAT) | Percentage Below |
|---|---|---|---|---|---|---|
| १ | NCB/BM/ROADS/03/2079/080 | Construction of Asphalt Concrete Road and Drain in ward no 03 of bhajani municipality | kafali construction, Amargadhi Municipality-05, Dadeldhura | 11067 | 8278 | 25.2% |
| २ | NCB/BM/ROADS/PKG/05/2079/080 | Upgrading of Various Road in ward no 03 and 05 of Bhajani Municipality | Kingmaker Builders, Dhangadhi. Kailali | 3931 | 2520 | 35.9% |
| ३ | NCB/BM/BLDG/04/2080/081 | Construction of adhuro badmintion Court in ward no 01` of bhajani municipality | N.M.D. Construction, Nandegada-07, Achham | 2536 | 2026 | 20.1% |
| ४ | NCB/BM/ROAD/03/2080/081 | Road Maintenance Works and Construction of Culvert in Ward no 08 of Bhajani Mnunicipality | B & B Builders Bardagoriya-01, kailali | 2172 | 1583 | 27.1% |
| ५ | NBC/BM/DRAIN/01/2080/081 | Construction of Road and Drain in Ward no 07 of Bhajani Municipality | Toya Construction Lamki, Kailali | 3966 | 2795 | 29.5% |
| ६ | NBC/BM/ROAD/02/2080/081 | Costruction of Asphalt Road in Thekipur Ward no 3 of Bhajani Municipality | B & B Builders Bardagoriya-01, kailali | 8603 | 6425 | 25.3% |
| ७ | NBC/BM/ROAD/PKG/01/2080/081 | Construction of Various premix carpet road of Bhajani Municipality ward no 01 | Bishwalaxmi Nirman Sewa Dhangadhi-05, Kailali | 6452 | 4379 | 32.1% |
| ८ | NCB/BM/ROADS/03/2080/081 | Construction of Varoius Premix Carpet Road in Ward no 01 and 04 of Bhajani Municipality | Bidhya Costruction Ghodaghodi-01, Kailali | 3838 | 2902 | 24.4% |
| ९ | NBC/BM/DRAIN/01/2081/082 | Construction of | Toya | 3146 | 2101 | 33.2% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | plum concrete wall in ward no 6 of Bhajani Municipality | Construction Lamki, Kailali | | | |
| १० | NBC/BM/ROADS/01/2081/082 | Construction of Premix Carpet Road in Ward no 02 of Bhajani Municipality | Ratanmohan Construction Tikapur-01, Kailali | 8234 | 5621 | 31.7% |
| ११ | NCB/BM/ROADS/02/2081/082 | Construction of Various premix carpet road in ward no 04 of Bhajani Municipality | Kalirakshya Builders & Suppliers Pvt.Ltd | 3039 | 2195 | 27.8% |
| १२ | NCB/BM/ROADS/03/2081/082 | Construction of Various Premix Carpet Road in Ward no 1 of Bhajni Municipality | Kalirakshya Builders & Suppliers Pvt.Ltd | 2642 | 2017 | 23.7% |
| १३ | NCB/BM/BLDG/01/2081/082 | Construction of Birthing Centre in Bhajani Ward no 4 | Binesh Costruction Bardagoriya, kailali | 3966 | 2824 | 28.8% |

५६.५ **मू.अ. कर समायोजन –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रू. २२८४७५।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। पालिकाले उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने रु. २२८४७५।००

| क.सं. | गो.भौ.नं. र मिति | आपूर्तकको नाम | भुक्तानी रू. | जम्मा मु.अ. कर रू. | कट्टी गर्नुपर्ने ३० प्रतिशत मु.अ. कर रू. |
|---|---|---|---|---|---|
| १ | ७(२०८१।०७।२७) | काफली कन्ट्रक्सन धनगढी कैलाली | १९९४४३२ | २२८४७५ | ६८५४३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२८,४७५ |

५६.६ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा ठेक्का नं.NCB/BM/BLDG/01/2081/082 बाट बर्थिङ्ग सेन्टर निर्माण वापत विनेश कन्ट्रक्सनलाई अन्तिम रनिङ्ग बिल भुक्तानी गर्दा गो.भौ.नं. ७(२०८२।०३।२० प्रदेश पुँजीगत) बाट रू. ९८५४००।०० भुक्तानी दिएको देखिन्छ। बिलमा उल्लिखित रकम जोडजम्मा गर्दा ९८१९८७।०० हुन आउने हुँदा ३४१३।०० बढी भुक्तानी गरेको देखिन्छ। अत: बढी भुक्तानी रकम सम्बन्धितबाट यकिन गरी असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४१३ |

५६.७ **बीमा नगरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३)क मा रू.२० लाख भन्दा बढीको निर्माण कार्य गराउँदा निर्माण कार्यको बीमा गराउनु पर्ने जसको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममा पालिकाले यो वर्ष उपभोक्ता मार्फत रू.२० लाख भन्दा बढीको निम्नानुसार योजनाहरु निर्माण सम्पन्न गरेकोमा तोकिए बमोजिम बीमा गराएको देखिएन। नियमावलीको प्रावधान अनुसार निर्माण कार्यको बीमा गराई जोखिम व्यवस्थापन हुनुपर्दछ।

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३६(२०८२।०३।२४) | थारु संग्राहलय भौतिक पूर्वाधार निर्माण उ.स. | थारु संग्राहलय भौतिक पूर्वाधार निर्माण | ६३७४९०२ |
| १९(२०८२।०२।१९) र २७(२०८२।०३।१५) | नवज्योती आधारभूत विद्यालयलाई चारकोठे भवन निर्माण उस | नवज्योती आधारभूत विद्यालयलाई चारकोठे भवन निर्माण | ५८२७८२५ |
| १९(२०८२।०२।१९) र ३४(२०८२।०३।२४) | दुर्गा मा.वि.कुसुमघाट भजनी ३ लाई चार कोठे पक्की भवन निर्माण कार्य उस | दुर्गा मा.वि.कुसुमघाट भजनी ३ लाई चार कोठे पक्की भवन निर्माण | ५२१३०१७ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
| --- | --- | --- |
| १ | **ख) असुल गर्नुपर्ने** | 144801.00 |

<table>
<tr><th>क्र.सं.</th><th colspan="3">बेरूजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>गो.भौ.नं.रमिति</td><td>स्रेस्ता परीक्षणबाट देखिएकोबेहोरा</td><td>असुल गर्नुपर्ने</td><td></td></tr>
<tr><td></td><td colspan="2">नगरपालिका समानीकरण अनुदान -चालू:८०७७७४०५००१</td><td></td><td></td></tr>
<tr><td></td><td>५९२(२०८१।०८।२०)</td><td>वन ऐन मस्यौदा तयार गर्न गठित मस्यौदा समितिको २७ वटा बैठकको रू.१५००।००को दरमा प्रदान गरिएको ८१ वटा भत्ता वापतको रकमरू.१२१५००।०० भुक्तानीमा- सु.प. प्रदेशकानून बमोजिम बैठक भत्ता वापत प्रति बैठक १०००।००उपलब्ध हुने व्यवस्था रहेकोलेयस भुक्तानीमा कर बाहेक अतिरिक्त भुक्तानी हुन गएकोरू.४२५।००प्रति बैठक गरि तपसिल बमोजिमको रकम असुलगर्नुपर्ने, (अन्य भुक्तानी प्रापकहरू.बाट जम्मा रकमरू.२२,९५०।००भजनी नगरपालिका आन्तरिक राजश्वबेरूजुशीर्षकमा असूल भएको)। साथै कानून बमोजिम गठित समितिको मात्र बैठक भत्ता उपलब्ध हुनेप्रावधान रहेकोले यो खर्च अनियमित देखिन्छ ।<br><br><u>तपसिल</u><br>
<table>
<tr><th>क्र.सं</th><th>नामथर</th><th>पद</th><th>बैठक संख्या</th><th>दर(करकट्टी बाहेक)</th><th>असुल हुनुपर्ने रकम</th></tr>
<tr><td>१</td><td>निलम कुमार न्यौपाने</td><td>प्र.प्र.अ</td><td>२७</td><td>४२५</td><td>११४७५।००</td></tr>
</table></td><td>११,४७५।००</td><td></td></tr>
<tr><td></td><td>६७७(२०८१।०९।१७)</td><td>नगरअस्पताल दरबन्दी व्यवस्थापन तथा सर्वेक्षण समितिको २९ वटा बैठकको रू.१५००।००को दरमा प्रदान गरिएको ८८ वटा भत्ता वापतको रकमरू.११२२००।०० भुक्तानीमा- सु.प. प्रदेशकानून बमोजिम बैठक भत्ता वापत प्रति बैठक १०००।००उपलब्ध हुने व्यवस्था रहेकोलेकर बाहेक अतिरिक्त भुक्तानी रकमरू.४२५।००प्रति बैठक भुक्तानी हुन गएको तपसिल बमोजिमको रकम असुलगर्नुपर्ने, (अन्य भुक्तानी प्रापकहरू.बाट जम्मा रकमरू.२५,०७५।००भजनी नगरपालिका आन्तरिक राजश्वबेरूजुशीर्षकमा असूल भएको)।<br><br><u>तपसिल</u><br>
<table>
<tr><th>क्र.सं</th><th>नामथर</th><th>पद</th><th>बैठक संख्या</th><th>दर(करकट्टी बाहेक)</th><th>असुल हुनुपर्ने रकम</th></tr>
<tr><td>१</td><td>निलम कुमार न्यौपाने</td><td>प्र.प्र.अ</td><td>२९</td><td>४२५</td><td>१२३२५।००</td></tr>
</table></td><td>१२,३२५।००</td><td></td></tr>
<tr><td></td><td>११६८(२०८१।१२।१४)</td><td>वडानं ८ वडा व्यवस्थापन खर्च शिर्षकबाट वडाका जनप्रतिनिधिहरू.धनगढी डेलिगेसनमाजादाँ भएको खाना/खाजा खर्च वापत न्यू अछाम होटल एण्ड रेष्टुरेण्ट धनगढीलाई रकमरू.९१६०५।००भुक्तानीमा- पानबिल मार्फत बिल टुक्याई भएको खरिदमा १० प्रतिशत कर वापतरकमरू.९१६०।००असूलगर्नुपर्ने।</td><td>९,१६०।००</td><td></td></tr>
<tr><td></td><td>१३६४(२०८१।१२।२७)</td><td>वडानं ५ विविध खाजा/खाना/पानी खर्च वापत वडा व्यवस्थापन खर्च शिर्षकबाट शुभेक्षाहोटल भजनीलाई रकमरू.१५४६४५।००भुक्तानीमा- पान बिलबाट भुक्तानी गरिएको अवस्थामा १० प्रतिशत करकट्टी वापत रकमरू.१५४६४।००करदाखिलागर्नुपर्ने।</td><td>१५,४६४।००</td><td></td></tr>
<tr><td></td><td>१५६०(२०८२।०१।२६)</td><td>सामाजिक विकास समितिको बैठक भत्ता वापतको रकम करकट्टी बाहेक भत्ता रकमरू.९१८००।००भुक्तानीमा- भजनी नगरपालिका कार्यसञ्चालननिर्देशिका २०७९ को दफा ४ बमोजिम कानूनबमोजिम गठन समिति/वडा समिति/कार्यपालिका बैठक आदिको प्रति महिना दईवटा बैठक भत्ता भुक्तानी गरिनेप्रावधान गरिएको छ । यसर्थ यस भुक्तानीमा बैशाख र चैत्रमा ३ वटा बैठकको तथा फागुनमा ४ वटा बैठकको बैठक भत्ता भुक्तानी हुन गएको तथा प्र.प्र.अ निलम कुमार न्यौपाने ज्यू तथाशिक्षा उपसचिव श्री सुर्य बहादुर सिंह ज्यूको उपस्थिति बिना नै भत्ता भुक्तानीहुन गएको सो करवाहेकको प्रति व्यक्तिरू.१०,२००।००को दरमा जम्मा रकमरू.२०,४००।००असूलगर्नुपर्ने।</td><td>२०,४००।००</td><td></td></tr>
<tr><td></td><td>१५६१(२०८२।०१।२६)</td><td>जनप्रतिनिधिक्षमता विकास तालिम शिर्षकको रकमरू.२४९५००।००लनिङ्ग ओएसिस एकेडेमी प्रा.लि.धनगढीलाई भुक्तानीमा - कार्यक्रमसञ्चालनको लागि प्र.प्र.अ ज्यूबाट तिनवटाप्रतिस्पर्धात्मक प्रस्ताव माग नगरिकन सोझै कार्यादेशबाट हुन गएको यस तालिमकार्यक्रममा प्रशिक्षक भत्ता प्रति सेसन ६०००।००को दरमा ३ वटा प्रशिक्षकलाई ३/३वटा कक्षा संचलान वापत गरिएको रकमरू.५४०००।००(पारिश्रमिक कर बाहेकरू.४५९००।००हुन गएको तथा तालिमकर्ता भजनी आए गएको सवारी भाडा वापतको रकमरू.३५७८५।००हुनगएको देखिन्छ । नेपाल सरकार अर्थमन्त्रालय कार्यसञ्चालननिर्देशिका २०७७ बमोजिम समेत सरकारी तालिम केन्द्रहरू.बाटसंचालित प्रशिक्षणमा प्रति सेसन कार्यपत्ररू.२०००।००र प्रवचन वापतरू.१४००।उपलब्ध गराउन सकिने प्रावधान रहेकोमा प्रति सेसन ६०००।००उपलब्ध गराएको तथाकार्यपत्र समेत संलग्न नदेखिएकोले यो खर्च अनियमित देखिन्छ । प्रति सेसन ६०००।००प्रदान गराउन मिल्ने आधार संलग्नगर्नुपर्नेअन्यथा प्रति सेसनरू.३४००।००भन्दाबढी अतिरिक्त रकम, करकट्टी बाहेक, रू.१९८९०।००असुलगर्नुपर्ने।</td><td>१९,८९०।००</td><td></td></tr>
</table>

| क्र.सं. | | बेरूजुको विवरण | | रकम |
|---|---|---|---|---|

**१७८३(२०८२।०२।३०)** — रकम: ८,९२५।००

कार्यपालिकाको निर्णय बमोजिम १८ औ नगरसभा नीति/कार्यक्रम मस्यौदा समितिको २१ वटा बैठकको रू.१५००।००को दरमा प्रदान गरिएको १०५ वटा करवाहेक भत्ता वापतकोरकमरू.१३३८७५।०० भुक्तानीमा- सु.प.प्रदेश कानून बमोजिम बैठक भत्ता वापत प्रति बैठक १०००।००उपलब्ध हुने व्यवस्थारहेकोले कर बाहेक अतिरिक्त भुक्तानी हुन गएकोरू.४२५।००प्रति बैठक भत्ता रकमरू.तपसिल बमोजिम असुलगर्नुपर्ने, *(अन्य भुक्तानी प्रापकहरूबाट जम्मा रकमरू.३५,७००।००भजनी नगरपालिका आन्तरिक राजश्वबेरूजुशीर्षकमा असूल भएको)*।

<u>तपसिल</u>

| क्र.सं | नामथर | पद | बैठक संख्या | दर*(करकट्टी बाहेक)* | असुल हुनुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | निलम कुमार न्यौपाने | प्र.प्र.अ | २१ | ४२५ | ८९२५।०० |

**१८२९(२०८२।०३।०२)** — रकम: २,५५०।००

टोलविकास संथा कार्यविधी मस्यौदा समितिको ३० वटा बैठकको रू.१५००।००को दरमा करवाहेक भत्ता वापत प्रदानगरिएको रकमरू.३८२५०।०० भुक्तानीमा-सु.प. प्रदेश कानून बमोजिम बैठक भत्ता वापत प्रति बैठक १०००।००उपलब्ध हुनेव्यवस्था रहेकोले कर बाहेक अतिरिक्त भुक्तानी हुन गएकोरू.४२५।००प्रति बैठक भत्ता रकमरू.तपसिल बमोजिम असुलगर्नुपर्ने, *(अन्य भुक्तानी प्रापकहरू.बाट जम्मा रकमरू.१०,२००।००भजनी नगरपालिका आन्तरिक राजश्वबेरूजुशीर्षकमा असूल भएको)*।

<u>तपसिल</u>

| क्र.सं | नामथर | पद | बैठक संख्या | दर*(करकट्टी बाहेक)* | असुल हुनुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | निलम कुमार न्यौपाने | प्र.प्र.अ | ६ | ४२५ | २५५०।०० |

**२१४२(२०८२।०३।२४)** — रकम: १७,२००।००

वडानं १ बाट विनियोजित विभिन्न खेलका खेलाडीहरूलाई प्रशिक्षण कार्यक्रम शिर्षककोरकमरू.९९९४८।००आर.सि.पोलिटेक्निक रिसर्च सेन्टर प्रा.लि. धनगढीलाई भुक्तानीमा-कार्यक्रमको आर्थिक प्रस्तावमा ३ दिने कार्यक्रमको दरमा तालिका रहेकोमा प्रमुख प्रशिक्षकलाई दैनिकरू.१६००।००को दरमा १३ दिनको रकमरू.२०८००।००भुक्तानी गरिनेबेहोराछ, साथै सहाक प्रशिक्षकलाई ३ दिनको दरमा भत्ताको र हलभाडा वापत रकमरू.१२०००।००को व्यवस्था गरिएको छ । संलग्न कागजात बमोजिम कार्यक्रम १ दिनमासञ्चालन भएको देखिन्छ तथा प्रस्तावना बमोजिम नै तालिम कार्यक्रमसञ्चालनहुन गएको कागजातसंलग्न गरि खर्च नियमितगर्नुपर्ने। अन्यथा १० दिनेको प्रशिक्षण वापतको रकमरू.१६०००।००र हलभाडा वापत रकम बहाल कर रकमरू.रू.१२००।००गरि जम्मा रकमरू.१७,२००।००अतिरिक्त भुक्तानी रकम असुलगर्नुपर्ने।

**समानीकरण अनुदान :- ८०७७२५०४००१ पुजीगत**

रकम: २५५०

श्रावन देखि असोजसम्मको न्यायिक समिति बैठक भत्ता भुक्तानी प्रति बैठक दररू.१५००।००भएकोमा सु.प.प्रदेश कानून बमोजिम बैठक भत्ता वापत प्रति बैठक १०००।००उपलब्ध हुने व्यवस्थारहेकोले कर बाहेक देहाय बमोजिम प्रति बैठकरू.४२५।००को दरमा अतिरिक्त भुक्तानी हुन गएको तपसिल बमोजिम रकम असुलगर्नुपर्ने।

| गो.भौ./मिति | नामथर | अतिरिक्त रकम (करकट्टीबाहेक) | बैठक संख्या (वटा) | जम्मा रकम |
|---|---|---|---|---|
| २७८ र २७९ (२०८१-०६-२१) | श्री निलम कुमार न्यौपाने | ४२५ | ६ | २,५५०।०० |

रकम: २४,८६२।

देहायबमोजिमको गोश्वारा भौचरबाट प्रत्येक वडा समिति बैठक तथा वडा अनुगमन समिति बैठकमा कार्यालय प्रमुख प्रशासकिय अधिकृत उपस्थित गरिगराई बुझाएको बैठक भत्ता स्पष्ट रूपमा नमिल्ने तथा असम्बन्धित बैठक भत्ता भएकोले करकट्टी बाहेकको सो वापतको तपसिल बमोजिम अतिरिक्त भुक्तानी रकम**असुल गर्नुपर्ने**देखिन्छ ।

| क्र.सं. | बेरुजुको विवरण | | रकम |
|---|---|---|---|

| क्र.स. | गो.भौ./मिति | वडा नं | बेहोरा | बैठक संख्या (वटा) | रकम (करकट्टीबाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | १३२७/२०८१-१२-२६ | ८ | फाल्गुनदेखि चैत्र | ३ | २५५०।०० | प्र.प्र.अ. निलम कुमार न्यौपाने ज्यूलाई भुक्तानी गरिएको वा बुझाएको वडा समिति/वडा अनुगमन समितिकोअसम्बन्धित बैठक भत्ता |
| ४ | १३२६/२०८१-१२-२६ | ९ | पौषदेखि चैत्र | ६ | ५१००।०० | |
| ६ | १३६३/२०८१-१२-२७ | ५ | मंसिर देखि चैत्र | ७ | ५९५०।०० | |
| ७ | १६१२/२०८२-०२-०९ | १ | फाल्गुनदेखि बैशाख | ४ | ३४००।०० | |
| ८ | १७०४/२०८२-०२-२१ | २ | फाल्गुनदेखि बैशाख | ३ | २५५०।०० | |
| ९ | २६२/२०८२-०३-२३ (पुजीगत) | ८ | वडास्तरिय अनुगमन बैठक भत्ता | ५ | ५३१२।०० | |
| | जम्मा | | | | २४,८६२।०० | |

| | |
|---|---|
| जम्मा असुल गर्नुपर्ने रू | १४४८०१ |

| | | |
|---|---|---|
| २ | **कर दाखिला समेतः**आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ मा कर कट्टि गर्नुपर्ने ब्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा कर कट्टि नगरेको तथा विल भरपाई अपुग रहेको पाइयो । उक्त रकम सम्बन्धितबाट दाखिला गर्नुपर्ने रु | 23897.00 |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| गोभौन/ मिति | बेहोरा | रकम |
|---|---|---|
| १२५०। २०८१। १२१९ | राष्ट्रिय सेवा दल तालिम संचालन तथा व्यवस्थापन कार्यक्रममा खाना र खाजा खर्च रकम वडा व्यवस्थापन खर्च रु ९३४७४।- रिदम होटल भजनीलाई भुक्तानी गर्दा टुक्रा पारी रु २००००।०० का दरले खर्च गरेकोले नियमानुसार १० प्रतिशत अग्रीम कर रु ९३४७।- रिदम होटल भजनीबाट असुल गर्नुपर्ने रु | ९३४७ |
| | पालिकाले देहायको भुक्तानीमा बैठक/सभा उपस्थिति भन्दाअतिरिक्त परिमाणमा खाजा नास्तामा भुक्तानी गरेकोले सम्बन्धितबाट दाखिला गर्नुपर्ने रु | १२००० |

| गो.भौ./मिति | कार्यालय | खाजा/ खाना भुक्तानी प्रापक | महिना | खाजा/ खाना परिमाण | उपस्थिति | अतिरिक्त भुक्तानी | दर | जम्मा रु |
|---|---|---|---|---|---|---|---|---|
| २२०४/२०८२-०३-२४ | ६ | स्नान मिष्ठान्न विष्णापुर | जेष्ठ अषाढ, २०८२ | ८५ | ४५ | ४० | ३०० | १२०००।- |
| जम्मा रकम | | | | | | | | १२००० |

| गोभौन/ मिति | बेहोरा | रकम |
|---|---|---|
| | २०८१ श्रावणदेखि असोजसम्मको न्यायिक समिति बैठक भत्ता भुक्तानी प्रति बैठक रु १५००।- भएकोमा सुदूरपश्चिम प्रदेश कानून बमोजिम बैठक भत्ता प्रति बैठक १०००।- उपलब्ध हुने व्यवस्था रहेकोले कर बाहेक देहाय बमोजिम प्रति बैठक रु ४२५।– को दरले सम्बन्धितबाट असुल गर्नुपर्ने रु | २५५० |

| क्र.स. | गो.भौ./ मिति | नामथर | अतिरिक्त रकम (करकट्टि बाहेक) | बैठक संख्या (वटा) | जम्मा रु | कै. |
|---|---|---|---|---|---|---|
| ३ | | श्री निलम कुमार न्यौपाने | ४२५ | ६ | २,५५०।- | |
| जम्मा | | | | | २५५० | |

| गोभौन/ मिति | बेहोरा | रकम |
|---|---|---|
| | जम्मा | २३८९७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : भजनी नगरपालिका, कैलाली , भजनी नगरपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | निलम कुमार न्यौपाने | २०८१-१-१० | २०८२-०४-१५ |
| कार्यालय प्रमुख | भोज राज भट्ट | २०८२-०७-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रविन्द्र देउबा | २०७९-२-७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,९७०,९४०.८१ | ४१,०६४,९३१ | ५,१०१,१८७ | ० | ० | ६०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५३,१९७,०५८.८१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५४१,१६५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | १६८,६९८ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५२,८२४,५९१.८१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९४५३४००१.४४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५०५७५४००.९८ | चालु खर्च | ४०५०५८७१०.०५ |
| प्रदेश सरकारबाट अनुदान | २४३३२५९८ | पूँजीगत खर्च | १५५९८२०४१ |
| राजश्व बाँडफाँट | १३४३८९९०३.३६ | वित्तीय/अन्य व्यवस्था | २९८१९९९३३.६९ |
| आन्तरिक आय | २७७४८५८४.१९ | | |
| अन्य आय | २७५०३०९३७.९ | | |
| कुल आय | ८१२०७७४२४.४३ | कुल खर्च | ८५९२४०६८४.७४ |
| बाँकी मौज्दात | | ४७३७०७४१.१३ | |

## अनुसूची - २

## बेरूजु दफा ६.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

म.ले.प.फा.नं. २७०-०१

भजनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, कैलाली

कार्यालयको कोड : ८०७७७४०५३००

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १५,९६,९७,०४१.१३ | ० | १५,९६,९७,०४१.१३ | १३,५५,१२,१००.२३ | ० | १३,५५,१२,१००.२३ |
| १३००० | अनुदान | | ३७,१४,०७,९९८.९८ | ० | ३७,१४,०७,९९८.९८ | ३७,२३,२९,३३६.९६ | ० | ३७,२३,२९,३३६.९६ |
| १४००० | अन्य राजस्व | | ५२,३५,४३८.०६ | ० | ५२,३५,४३८.०६ | ६७,१७,१३८.७५ | ० | ६७,१७,१३८.७५ |
| १५००० | विविध प्राप्ति | | ११,७१,५१४.६७ | ० | ११,७१,५१४.६७ | ३१,१११.०० | ० | ३१,१११.०० |
| क | कुल जम्मा प्राप्ति | | ५३,७५,११,९९२.८४ | | ५३,७५,११,९९२.८४ | ५१,४५,८९,६८६.९४ | | ५१,४५,८९,६८६.९४ |
| ३ | चालु | | ४२,६६,०२,३२१.५६ | ० | ४२,६६,०२,३२१.५६ | ४१,६१,१३,५५५.०४ | ० | ४१,६१,१३,५५५.०४ |
| २१००० | पारिश्रमिक / सुविधा | | १३,३७,७५,३३५.१६ | ० | १३,३७,७५,३३५.१६ | १५,६७,४६,५०५.७३ | ० | १५,६७,४६,५०५.७३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | २९,०४,९५,३४५.४० | ० | २९,०४,९५,३४५.४० | १४,०९,४६,४९४.४३ | ० | १४,०९,४६,४९४.४३ |
| २५००० | सहायता (Subsidy) | | ११,४६,३४१.०० | ० | ११,४६,३४१.०० | ११,१२,१२,८९३.८८ | ० | ११,१२,१२,८९३.८८ |
| २७००० | सामाजिक सुरक्षा | | ० | ० | ० | ६७,४१,६६१.०० | ० | ६७,४१,६६१.०० |
| २८००० | अन्य खर्च | | ११,८५,३००.०० | ० | ११,८५,३००.०० | ४,६६,०००.०० | ० | ४,६६,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | पूंजीगत | | १५,९३,७६,४६१.०० | ० | १५,९३,७६,४६१.०० | १७,४४,७५,९३७.०० | ० | १७,४४,७५,९३७.०० |
| ३१११० | भवन तथा संरचना | | ६,४८,४७४.०० | ० | ६,४८,४७४.०० | १,११,८८,०७२.०० | ० | १,११,८८,०७२.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २०,६१,१९०.०० | ० | २०,६१,१९०.०० | ८८,९९,४२२.०० | ० | ८८,९९,४२२.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | ५,९०,५१७.०० | ० | ५,९०,५१७.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १५,६४,३९,३३५.०० | ० | १५,६४,३९,३३५.०० | १५,३६,०५,९२६.०० | ० | १५,३६,०५,९२६.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | २,२७,४६२.०० | ० | २,२७,४६२.०० | १,९२,०००.०० | ० | १,९२,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५८,५९,७८,७८२.५६ | | ५८,५९,७८,७८२.५६ | ५९,०५,८९,४९२.०४ | | ५९,०५,८९,४९२.०४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (४,८४,६६,७८९.७२) | | (४,८४,६६,७८९.७२) | (७,५९,९९,८०५.१०) | | (७,५९,९९,८०५.१०) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १३,०३,५२९.४१ | | १३,०३,५२९.४१ | ५९,००,०९६.८३ | | ५९,००,०९६.८३ |
